# भारतीय नेपाली बालकथामा प्रकृति

लघु शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत

नेपाली विभागद्वारा सञ्चालित एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

**लघु शोधप्रबन्ध**


**शोधार्थी**

कृष्णामाया दाहाल

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय


फरवरी २०२०

# भारतीय नेपाली बालकथामा प्रकृति

लघु शोधप्रबन्ध

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत

नेपाली विभागद्वारा सञ्चालित एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध


**शोध निर्देशक**

Supervisor
Department of Nepali
डा कविता लामा ०६/०२/२०

सह प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

कृष्णामाया दाहाल ०६.०२.२०२०

कृष्णामाया दाहाल

पञ्जिकरण-18/M.Phil/NEP/01

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


फरवरी २०२०

सिक्किम विश्वविद्यालय
(भारतीय संसद के अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
गुणवत्तापूर्ण प्रबंधन प्रणाली ISO 9001:2008 हेतु प्रमाणित संस्थान
SIKKIM UNIVERSITY
*[A Central University established by an Act of Parliament of India in 2007]*
An ISO Quality Management System 9001:2008 Certified Institution

No. SU/LIB/F-1/05/NOT/2017/2020/002. Dated 31-01-2020

From: Prof A S Chandel,
Librarian

To

The Head,
Department of Nepali,
Sikkim University

Sub: Anti-Plagiarism Check

Dear Madam,

With reference to your inquiry about the plagiarism check of theses of your department, I may inform you that the present software (URKUND) being used by the University and approved by the UGC does not support languages like Hindi Nepali and other regional languages. Therefore, works written in these languages cannot be tested for plagiarism. However, the supervisor and the Head of the department may certify at their respective ends that to the best of their knowledge the thesis being submitted for the award of MPhil/PhD degree is free of plagiarism or within the limit prescribed by UGC.

Yours sincerely,

A S Chandel
( A S Chandel)

Copy for information:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-Charge Department of Hindi

6 माईल, सामदुर, तादोंग, गगंटोक - 737102 सिक्किम, भारत
दूराभाष : 00-91-3592 - 251067, 251403, फैक्स :- 251067/251757

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India
Phones : 00-91-3592-251067, 251403, Fax - 251067/251757
website : www.sikkimuniversity.in/www.sikkimuniversity.ac.in
Email : sikkimuniversity@gmail.com

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

Dr. Kabita Lama
Associate Professor

# शोध निर्देशकको अग्रसारण

"भारतीय नेपाली बालकथामा प्रकृति" शीर्षकमा प्रस्तुत लघु शोधप्रबन्ध नेपाली विभाग, सिक्किम विश्वविद्यालय एमफिलकी शोधार्थी पञ्जीकृत संख्या 18/MPhil/NEP/01, सुश्री कृष्णामाया दाहालले मेरो निर्देशनमा रही बढो परिश्रमपूर्वक तयार पारेकी हुन्। यो शोधप्रबन्ध यिनको मौलिक शोधकार्यको परिणाम हो। यस शोधप्रबन्ध लेखन क्रममा यिनले शोधविधि तथा सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीको यथोचित पालन गर्दै आफू लगनशील रही एक वर्ष छ महिनाको अवधिभित्र तयार पार्न सक्षम भएकी हुन् भन्ने कुरा प्रमाणित गर्छु। यस लघु शोधप्रबन्धको उचित मूल्याङ्कनका निम्ति सिक्किम विश्वविद्यालयको सम्बन्धित निकाय समक्ष अग्रसारित गर्छु।

(कविता लामा) ०६/०२/२०
Supervisor
Department of Nepali

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251342 (O), Mobile: +91- 97758-41185/98320-66182
Email : kavitalama@gmail.com www.sikkimuniversity.ac.in

# प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका लागि "भारतीय नेपाली बालकथामा प्रकृति" शीर्षकमा तयार गरिएको प्रस्तुत लघु शोधप्रबन्ध मेरो नितान्त मौलिक कार्य हो। शोध निर्देशक सह प्राध्यापक डा कविता लामाको कुशल निर्देशनमा रहेर मैले यो शोधकार्य पूर्ण गरेकी हुँ। मैले यस शोध लेखनमा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी त्यसलाई वैज्ञानिक ढङ्गमा उपयोग गरेकी छु। यस शोधप्रबन्धको निष्कर्ष मैले यस अघि कुनै उपाधि तथा प्रयोजनका लागि प्रयोग गरेकी छैन। शोधप्रबन्धभित्रका कुनै पनि अंश अन्य पत्रपत्रिका तथा कुनै पनि पाठ्य पुस्तकको अंशको रूपमा प्रकाशित गराएको छैन।

उपर्युक्त शोध कार्यको विरुद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म सम्पूर्ण रूपले उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता प्रकट गर्दछु।

शोधार्थी,

कृष्णामाया दाहल
०७.०२.२०२०

कृष्णामाया दाहाल

पञ्जीकरण सङ्ख्या- 18/M.Phil/NEP/01

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

Forwarded,

Kabita Lama
07/02/20

Supervisor
Department of Nepali

07/02/2020
अध्यक्ष नेपाली विभाग
सिक्किम विश्वविद्यालय

## कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालय नेपाली विभागमा एमफिल उपाधि प्राप्त गर्न हेतु "भारतीय नेपाली बालकथामा प्रकृति" शीर्षकको शोध मैले मेरी श्रद्धेय गुरुमा डा कविता लामा, सह प्राध्यापक, नेपाली विभाग, सिक्किम विश्वविद्यालयको कुशल मार्ग निर्देशनमा तयार गरेकी छु। उहाँबाट प्राप्त सुझाउ र मार्गदर्शनले मैले यो लघु शोधप्रवन्ध तयार गर्न सक्षम भएकी हुँ। उहाँको प्रोत्साहन र सहयोगको निम्ति म सदैव ऋणी रहनेछु।

मेरो यस शोधको अध्ययन क्रममा सिक्किम विश्वविद्यालय नेपाली विभागका श्रद्धेय गुरु डा देवचन्द्र सुब्बाले आवश्यक पुस्तक उपलब्ध गराउँदै महत्त्वपूर्ण सुझाउ दिएर मभित्रको आत्मबल बढाइदिनु भएबापत उहाँप्रति म सदैव कृतज्ञ रहनेछु। श्रद्धेय गुरुजनमा प्रो प्रतापचन्द्र प्रधान (अवकास प्राप्त) डा पुष्प शर्मा, डा समर सिन्हा, प्रा बलराम पाण्डे, डा अरूणा राई, डा सुमन बान्तवाबाट प्राप्त बहुमूल्य सुझाउ र सहयोगको निम्ति म सधैं आभारी छु।

शोणितपूर, असमका विष्णु शास्त्रीले विभिन्न पाठ्य पुस्तकहरू डाकद्वारा पठाएर मेरो यस शोधकार्यमा ठुलो सहयोग पुऱ्याउनु भएको छ। उहाँप्रति हार्दिक आभार व्यक्त गर्छु। शोध लेखनमा आवश्यक सामग्री प्राप्त गराइदिनुहुने साहित्यकार भीम प्रधान, मामा टीका ढुङ्गेल, मित्रहरू नारायणी, विष्णु, विशाल, करूणा, सन्दीप तथा विभिन्न सङ्घ संस्था तथा विभिन्न पुस्तकालयका पदाधिकारीगणलाई पनि कृतज्ञता ज्ञापन गर्दछु। नेपाली विभागका मेरा अग्रज शोधार्थी दाजु-दिदीमा कृष्णकुमार सापकोटा, दिपेन तामाङ, सुरज गुरुङ, रत्नबहादुर रसाइली, विष्णुलाल भुजेल, रूद्र छेत्री, मनोज लिम्बू, निर्मल निरौला, मनिता रसाइली, शारदा छेत्री, हेमलता राई, रिना राई अनि सहपाठीमा योगेश लिम्बू,

नवराज छेत्री, कपिल तामाङ, सत्य राई, रोशनी भुजेल, रेनुका छेत्री आदिले विभिन्न पुस्तक तथा पत्रपत्रिका उपलब्ध गराइदिएर मलाई अघि बढ्ने उत्साह दिनुभएबापत् उहाँहरू सम्पूर्णमा म आन्तरिक हृदयबाट आभार व्यक्त गर्दछु।

अन्तमा मेरा पूज्यनीय आमा बाबा तथा परिवारका अन्य सदस्यगण दिदी, भेना, दाजु-भाउजु र मेरा भाइप्रति हार्दिक धन्यवाद दिँदै उहाँहरूप्रति आभार व्यक्त गर्छु।

विनीत,

कृष्णामाया दाहाल
०७.०२.२०२०

कृष्णामाया दाहाल

नेपाली विभाग, सिक्किम विश्वविद्यालय

# सङ्केताक्षर सूची

अठा सं ------------- अठाह्रौं संस्करण

आ स -------------- आठौं संस्करण

चौ सं --------------- चौथो संस्करण

छै सं -------------- छैटौं संस्करण

दो सं -------------- दोस्रो संस्करण

पाँ सं -------------- पाँचौं संस्करण

पृ. -------------- पृष्ठ

प्रा. लि. ------------- प्राइवेट लिमिटेड

वि सं -------------- विक्रम संवत

सम्पा -------------- सम्पादक

स्व. -------------- स्वर्गीय

सा सं ------------- सातौं संस्करण

# विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
| --- | --- |
| भावहरणको प्रमाण पत्र | क |
| शोध निर्देशकको अग्रसारण | ख |
| प्रतिबद्धता पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ-ङ |
| सङ्केताक्षर सूची | च |
| **पहिलो अध्याय** | **१-१०** |
| **१. शोध परिचय** | **१** |
| १.१ शोधको शीर्षक | १ |
| १.२ शोध शीर्षकको परिचय | १-२ |
| १.३ शोधको समस्या | २ |
| १.४ शोधको उद्देश्य | ३ |
| १.५ पूर्वकार्यको समीक्षा | ३-७ |
| १.६ शोधविधि | ८ |
| १.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार | ८-९ |
| १.६.२ तथ्य सङ्कलन विधि | ९ |
| १.७ शोधको औचित्य र महत्त्व | ९ |
| १.८ शोधको सीमाङ्कन | ९ |
| १.९ शोधको प्रयोजन | १० |

**दोस्रो अध्याय** **११-४२**


**२. भारतीय नेपाली बालकथाका प्रवृत्तिगत विशेषताहरूको विवेचना** **११**

२.१ बालसाहित्यको परिचय ११

२.२ बालबालिकाको परिभाषा १२-१३

२.२.१ बालसाहित्यप्रति बालबालिकाको झुकाउ १४

२.३ बालकथाको अर्थ र परिभाषा १४-१७

२.४ भारतीय नेपाली बालकथाको विकासक्रम १७-२३

२.५ भारतीय नेपाली बालकथाका विविध प्रवृत्तिहरू २४

२.५.१ विषयवस्तुका आधारमा २४

(क) स्वच्छन्दतावादी २५-२६

(ख) मनोविश्लेषणवादी २६-२८

(ग) धार्मिक २८-३०

(घ) ऐतिहासिक ३०-३२

(ङ) स्वास्थ्यसम्बन्धी ३२-३४

(च) प्रकृति प्रेम ३४-३५

(छ) सांस्कृतिक चेतना ३५-३७

(ज) विज्ञानपरक ३७-३९

(झ) आञ्चलिकता ३९-४०

(ञ) शिक्षाप्रद ४०-४१

२.६ निष्कर्ष ४१-४२

**तेस्रो अध्याय** **४३-६२**

**३. भारतीय नेपाली बालसाहित्यमा प्रकृतिको महत्त्व** **४३**

३.१ प्रकृतिको परिचय र परिभाषा ४३-४६

३.२ प्रकृतिको विशेषता ४७-४८

३.३ प्रकृति र मानवबिचको सम्बन्ध ४८-५१

३.४ भारतीय नेपाली बालसाहित्यमा चित्रित प्रकृति ५१

३.४.१ बालकवितामा प्रकृति ५१-५६

३.४.२ बालउपन्यासमा प्रकृति ५६-५९

३.४.३ बालनाटकमा प्रकृति ५९-६०

३.५ निष्कर्ष ६१-६२

**चौथो अध्याय** **६३-९४**

**४. भारतीय नेपाली बालकथामा चित्रित प्रकृति** **६३**

४.१ भारतीय नेपाली बालकथामा प्रकृतिको अध्ययन परम्परा ६३-६५

४.२ मुन्नी सापकोटाको परिचय र यिनका बालकथासङ्ग्रह ६५

४.२.१ कथाकारको परिचय ६६-६७

४.२.२ कथा फूलबारी ६८-७०

४.२.३ बल्ल बुद्धि पलायो ७०-७२

४.२.४ जूनकीरी ७२-७४

४.३ स्नेहलता राईको परिचय र उनको बालकथासङ्ग्रह ७४

४.३.१ कथाकारको परिचय ७४-७५

४.३.२ स्नेहोद्गार ७६-८०

४.४ भीम प्रधानको परिचय र उनको बालकथासङ्ग्रह ८०

४.४.१ कथाकारको परिचय ८०-८१

४.४.२ बाल कोसेली ८१-८६

४.५ एडोन रोंगोंगको परिचय र उनको बालकथासङ्ग्रह ८६

४.५.१ कथाकारको परिचय ८६-८७

४.५.२ मायाका फूलहरू ८७-८८

४.६ शङ्करदेव ढकालको परिचय र उनको बालकथासङ्ग्रह ८८

४.६.१ कथाकारको परिचय ८९-९०

४.६.२ बाल सुधा सागर ९०-९२

४.७ शिबु छेत्रीको परिचय र उनको बालकथासङ्ग्रह ९३

४.७.१ कथाकारको परिचय ९३

४.७.२ नयाँ जुत्ता ९३-९४

४.८ निष्कर्ष ९४-९५

**पाँचौं अध्याय** **९६-१०२**

**५. उपसंहार एवम् निष्कर्ष** **९६**

५.१ उपसंहार ९६-९८

५.२ निष्कर्ष ९८-१०२

सन्दर्भग्रन्थसूची १०३-१०९

# पहिलो अध्याय

# शोध परिचय

# पहिलो अध्याय

## १. शोध परिचय

### १.१ शोधको शीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक *भारतीय नेपाली बालकथामा प्रकृति* रहेको छ।

### १.२ शोध शीर्षकको परिचय

विश्व साहित्यमा बालसाहित्यको विकास धेरै अघिदेखि भएको पाइए तापनि नेपाली साहित्यमा भने बालसाहित्य एउटा नवीन विधाको रूपमा देखा पर्दछ। बालसाहित्यका विविध विधाहरूमध्ये एउटा विधा हो कथा, जसले बालबालिकालाई मनोरञ्जन दिने, रचनात्मक एवम् सिर्जनात्मक हुने प्रेरणा दिनाका साथै ज्ञान विज्ञानसम्बन्धी जानकारी पनि दिँदछ। बालकथाबाहेक कविता, गीत, नाटक, निबन्ध उपन्यास, गजल, जीवनी आदि बालसाहित्यका अन्यान्य विधाहरू हुन्। बालबालिकालाई बालकथा र बालकविता मनपर्ने विषय हुन्। यसले उनीहरूको बौद्धिक विकास गर्नमा सहयोग गर्दछ। नेपाली बालसाहित्यमा बालकविता र बालकथाको सिर्जना अहिलेघरि धेरै मात्रामा भइरहेको पाइन्छ।

प्रस्तुत शोध कार्यले भारतीय नेपाली बालकथामा केन्द्रित रहेर प्रकृति चित्रणको अध्ययन विश्लेषण गरेको छ।

विश्वमा देखा परेका विभिन्न सङ्कटहरूमध्ये पर्यावरण प्रदूषण एउटा प्रमुख सङ्कट हो। उद्योग, वाणिज्य, विद्युत उत्पादन आदि परियोजनाका लागि निर्माण भएका ठुला ठुला कारखानाहरूबाट निस्कने धुवाँ, ग्यास, एसिड आदिले पर्यावरण धेरै प्रदूषित भइरहेको पाइन्छ। मानिसको असीम इच्छा र आधुनिक जीवन शैलीले प्राकृतिक सम्पदाहरूको नाश हुने प्रक्रिया प्रतिदिन बढिरहेको छ। प्राणी हिंसा, वन-जङ्गलको विनाश,

ग्रामीण क्षेत्रमा औद्योगिक तकनिकीको हस्तक्षेप आदिले दैनिक रूपमा प्रकृति प्रदूषित बन्दै गइरहेको छ। त्यसैले नयाँ पुस्ताका बालबालिकालाई प्रकृतिको महत्त्व र यसको संरक्षणबारे जानकारी गराउन हेतु बालसाहित्यमा प्रकृतिको चित्रण कसरी गरिएको छ? सोबारे अध्ययन गर्न नितान्त आवश्यक छ। आजको विश्व समाज नै साइबर युगको दास बनिसकेको कुरा कसैबाट लुकेको छैन। तकनिकी विकासको होडबाजीमा मानिसहरूले प्रकृतिको रूप, गुण र यसको महत्त्वलाई भुल्न थालेका छन्। यसप्रति बालबालिकालाई सचेत गराउने उद्देश्यले प्रस्तुत शोधमा लेखिएका बालकथामा प्रकृतिको चित्रणलाई यस शोध अध्ययनले प्रमुख ध्यान दिएको छ। बालकथामा चित्रित प्रकृतिको सुन्दर रूपको वर्णन अनि त्यसमाथि भइरहेको मानवीय हस्तक्षेपलाई पनि यसले केलाएर हेरेको छ।

## १.३ शोधको समस्या

प्रस्तुत शोधमा निम्नलिखित समस्याहरूलाई विशेष ध्यान दिइएको छ-

(क) भारतीय नेपाली बालकथामा पाइने प्रवृत्तिगत विशेषताहरूमध्ये प्रकृति प्रेम कसरी अभिव्यक्त भएको छ ?

(ख) नेपाली बालकथामा प्रकृतिको महत्त्वलाई चित्रण गर्न भारतीय नेपाली बालसाहित्यकारहरू के कति सचेत छन् ?

(ग) भारतीय नेपाली बालकथामा पाइने प्रकृति चित्रणले बालबालिकालाई प्रकृतिबारे कतिको जानकारी उपलब्ध गराउन सकेको छ ?

## १.४ शोधको उद्देश्य

(क) भारतीय नेपाली बालकथामा प्रकृति प्रेमको अभिव्यक्तिमा पाइने विभिन्न आयामको अध्ययन गर्नु।

(ख) नेपाली बालकथामा प्रकृतिको महत्त्वलाई चित्रण गर्न भारतीय नेपाली बालकथाकारहरूले देखाएको सचेतताको पत्तो लगाउनु।

(ग) भारतीय नेपाली बालकथामा चित्रित प्रकृतिले बालबालिकालाई प्रकृतिबारे दिइएको जानकारीको अध्ययन विश्लेषण गर्नु।

## १.५ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधको शीर्षक *भारतीय नेपाली बालकथामा प्रकृति*-लाई मात्र लिएर प्राज्ञिक रूपमा छुट्टै अध्ययन भएको जानकारी पाइँदैन। कतिपय समालोचकहरूले नेपाली बालसाहित्यबारे विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा आफ्ना लेखहरू प्रकाशित गरेको पाइन्छ। नेपाली बालकथालाई लिएर प्रकाशित ती विभिन्न समालोचनात्मक लेखहरूको समीक्षात्मक विवरण निम्न रूपमा प्रस्तुत छ-

### (क) पुस्तकका आधारमा

रञ्जुश्री पराजुलीको *नेपाली बालसाहित्यको नालीबेली* (वि सं २०६८) पुस्तकमा बालसाहित्यको सैद्धान्तिक परिचय तथा यसको विकासक्रमबारे चर्चा गरिएको छ। यस पुस्तकभित्र रञ्जुश्री पराजुलीले नेपाली बालसाहित्यका विभिन्न विधाहरूमा कलम चलाउने बालसाहित्यकारको परिचय तथा उनीहरूका कृतिको विश्लेषणात्मक अध्ययन गरेकी छन्। बालबालिकाको मानसिक साथै शारीरिक विकासका लागि बालसाहित्य धेरै महत्त्वपूर्ण छ भन्नेबारे पनि यस पुस्तकमा जानकारी दिइएको छ।

दीपक तिवारीको *सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा : स्वरूप र प्रवृत्ति* (सन् २०१३) पुस्तकको अध्याय ९ मा 'बालसाहित्यको विकासमा सिक्किमको योगदान' लेख समाविष्ट छ। यस लेखमा तिवारीले सिक्किमको नेपाली बालसाहित्यको घडेरी निर्माण गर्न विभिन्न पत्रपत्रिका तथा बालसाहित्यकारहरूले दिएको योगदानको चर्चा गर्दै बालसाहित्यमा देखापरेका कमी कमजोरीहरूलाई पनि चिह्नित गरेका छन्।

कविता लामाको सन् २०१४ मा प्रकाशित *भारतीय नेपाली बालसाहित्यमा नारी स्रष्टा* भारतीय नेपाली बालसाहित्यबारे लेखिएको महत्त्वपूर्ण पुस्तक हो। यस पुस्तकमा लामाले नेपाली बालसाहित्यका विविध विधाहरूको वर्गीकरण गरी विश्लेषणात्मक अध्ययन प्रस्तुत गरेकी छन्। भारतका दार्जिलिङ, सिक्किम र असमतिरबाट प्रकाशित बालसाहित्यका विभिन्न पुस्तकहरूको चर्चा साथै नारी स्रष्टाहरूले बालसाहित्यमा पुऱ्याएको योगदानलाई समेट्नु यस पुस्तकको अभीष्ट देखिन्छ।

सन् २०१४ मा प्रकाशित मुक्तिप्रसाद उपाध्यायको *भारतेली नेपाली बालसाहित्य*-मा बालसाहित्यको सैद्धान्तिक चर्चा गर्दै यसलाई मौखिक, लिखित, पाठ्य, पाठ्येतर जस्ता विभिन्न प्रकारमा वर्गीकरण गरिएको छ। यसअतिरिक्त भारतका विभिन्न स्थानबाट प्रकाशित बाल पत्रपत्रिकाहरू र उनको योगदानमाथि पनि प्रकाश पारिएको छ।

टीका ढुङ्गेलले आफ्नो पुस्तक *भारतीय नेपाली बालसाहित्यिक पुस्तक-पत्रिकाहरूमाथि समीक्षात्मक दृष्टिकोण* (सन् २०१७) पुस्तकमा भारतबाट प्रकाशित बालसाहित्यका विविध विधा जस्तै- कविता, कथा, नाटक, निबन्ध, उपन्यास आदिको समीक्षा गर्दै *बाल दर्पण* पत्रिकाको योगदानबारे चर्चा गरेका छन्।

भिक्टर प्रधानको सम्पादन अनि नेपाली बालसाहित्य समाज, काठमाडौँद्वारा प्रकाशित *नेपाली बालसाहित्यको सय वर्ष* (सन् २००७) पुस्तकमा बालसाहित्यका विविध पक्षमाथि लेखहरू प्रकाशित छन्। नेपालमा बालसाहित्यको सिर्जनात्मक यात्राले सय वर्ष

पुरा गरेको अनि यसको प्रगति र बालसाहित्यको स्थानलाई पुस्तकमा विशेष रूपले समेटिएको पाइन्छ। बालसाहित्यको विधागत विकासलाई विभिन्न साहित्यकारले आफ्ना आफ्ना दृष्टिकोणबाट प्रस्तुत गर्नाका साथै नेपाली बालसाहित्यलाई मौलिक र अनूदित गरी दुई प्रकारमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको पाइन्छ।

वि सं २०६५ मा महादेव अवस्थीको *बालसाहित्यका विधा र तिनको लेखन-प्रक्रिया* पुस्तक प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा बालसाहित्यका विविध विधाहरूको लेखन प्रक्रियाका बारेमा विस्तृत चर्चा गरिएको छ। बालसाहित्यका कविता, निबन्ध, आख्यान तथा नाटकजस्ता विधाहरूको चर्चा गर्दै बालसाहित्य लेखनका निम्ति चाहिने आवश्यक कुराको जानकारी पनि उक्त पुस्तकमा गराइएको छ।

वि सं २०७२ मा विनय कुमार कसजूको सम्पादनमा *बालकथा सम्पादन* पुस्तक प्रकाशित भएको छ। कसजूको यो पुस्तक पाँच खण्डमा विभाजित छ। पहिलो खण्डमा बालबालिका र बालसाहित्यको आवश्यकतालाई उल्लेख गर्दै बालबालिकाको मानसिक र शारीरिक विकासलाई देखाइएको छ। बालसाहित्यको रचना गर्दा ध्यान दिनुपर्ने भाषा, उमेरअनुसारको विषय, बालबालिकाको रुचिजस्ता विषयलाई यस अध्यायमा समेटिएको छ। दोस्रो खण्डमा बालकथाको तत्त्वगत विश्लेषण गरिएको छ भने तेस्रो खण्डमा बालकथा सम्पादनको विषयमा लेख प्रस्तुत गरिएको छ। तेस्रो खण्डअन्तर्गत बालकथाका समस्यालाई देखाउँदै सम्पादकको गुण, भूमिका साथै सम्पादनका विविध पक्षमाथि प्रकाश पारिएको छ। बालपुस्तकमा समावेश गरिएका चित्रले बालबालिकालाई मनोरञ्जन मात्र नदिएर नानीहरूलाई विभिन्न रङ्ग, वेशभूषा आदि चिन्ने सहयोग समेत गरेको कुरा चौथो खण्डमा समेटिएको पाइन्छ। बाल पुस्तकमा चित्रको प्रयोग गर्दा पहिला कथा पढेर त्यसअनुसारको चित्र बनाउनुपर्छ। आवश्यकताभन्दा धेरै चित्रको प्रयोग गर्नु हुँदैन भन्ने जानकारी दिँदै उनले साहित्यकारलाई यसप्रति सचेत गराएका छन्।

वि सं २०७६ मा रामदेव पाण्डेको सम्पादनमा प्रकाशित *प्रज्ञा नेपाली बालकथा* पुस्तकमा बालकथाको सैद्धान्तिक चर्चा र नेपालबाट प्रकाशित विभिन्न कथाकारहरूको बालकथालाई सङ्कलन गरिएको छ। बालकथाको सैद्धान्तिक पक्षमाथि चर्चा गर्ने क्रममा बालकथाको परिचय र यसको रचना विधानका लागि बालबालिकाको उमेरअनुसारको विषय चयन, पात्रको निर्माण, समस्या र यसको समाधानका साथै चित्रकलालाई पनि महत्त्व दिनुपर्ने कुरामा जोड दिइएको छ। पाण्डेले नेपाली बालकथाको ऐतिहासिक सर्वेक्षण गर्ने क्रममा सन् १७४४ मा प्रकाशित *ए लिटल प्रिट्टी पकेट बुक* पुस्तकलाई विश्वकै पहिलो बालपुस्तक अनि गङ्गाधर शास्त्रीको *गोर्खा पैह्ला किताब* (वि सं १९४९) लाई नेपाली बालकथाको पहिलो पुस्तक मानेका छन्। बालकथा सिर्जना गर्दा यसको सैद्धान्तिक ज्ञान अनि बालबालिकाको मनोविज्ञानलाई बुझ्नु आवश्यक रहेको उनको विचार छ। प्रस्तुत पुस्तकमा बालसाहित्यको वर्तमान अवस्थाबारे पनि चर्चा गरिएको छ।

**(ख) पत्रपत्रिकाका आधारमा**

गान्तोकबाट कुबेरचन्द्र दाहालको सम्पादनमा प्रकाशित *कनका,* वर्षः१२, अङ्कः१२, सन् २००९ पत्रिकामा जीवन नामदुङको 'दार्जिलिङको बाल कथासाहित्य-एक अध्ययन' लेख प्रकाशित छ। यस लेखमा दार्जिलिङमा बालकथा साहित्यको पृष्ठभूमि केलाउँदै बालसाहित्य लेखनमा गंगाप्रसाद प्रधान र पारसमणि प्रधानको योगदानको विस्तृत चर्चा गर्दै सन् १९२५ मा प्रकाशित पारसमणि प्रधानको *नेपाली कथामाला*-लाई भारतीय नेपाली बालसाहित्यमा प्रथम बालकथाको पुस्तक मानिएको जानकारी दिएको छ। उनका कथाहरूमा विश्वका प्रख्यात बालकथाकार इसपको नीतिकथाहरूको प्रभाव रहेको चर्चा गर्दै बालकथामा आञ्चलिकताको प्रयोगलाई पनि महत्त्वपूर्ण मानिएको छ।

सुवास दीपकद्वारा सम्पादित *सृजन र समय* (सन् २००९) वार्षिक पत्रिकामा 'नेपाली बालसाहित्यको वर्तमान स्थिति, चुनौती र यसको समाधान' खण्ड राखिएको छ।

यसमा चूडामणि बन्धु, कविता लामा, मुक्तिप्रसाद उपाध्याय र सुवास दीपकका चारवटा लेख समाविष्ट छन्। यी लेखहरूमा बालसाहित्यलाई विभिन्न दृष्टिकोणले अध्ययन गर्दै बालसाहित्यको सैद्धान्तिक परिचय, यसका विधा, प्रयोजन, स्थिति, चुनौति अनि समाधानका उपायहरूलाई खोजी निकालिएको पाइन्छ।

सोनाम शेर्पाको सम्पादनमा उत्तर बङ्ग विश्वविद्यालयबाट प्रकाशित *अनुशीलन* सन् २०१० वर्षः१, अङ्कः१ पत्रिकामा दिपेन तामाङको 'मुन्नी सापकोटाका बालकथाहरूको विवेचना' लेख प्रकाशित छ। यस लेखमा तामाङले भारतीय नेपाली बालकथाको विकासक्रमलाई सङ्क्षिप्त चर्चा गर्दै मुन्नी सापकोटाका *कथा फूलबारी* (सन् २००१) र *बल्ल बुद्धि पलायो* (सन् २००५) दुईवटा कथासङ्ग्रहको विश्लेषणात्मक अध्ययन गरेका छन्।

बिलोक शर्मा 'खरेल'-को सम्पादनमा प्रकाशित *डुर्वस ज्योति,* वर्षः२, अङ्कः२ सन् २००८ पत्रिकामा डी बी थापाको 'बाल साहित्य : सैद्धान्तिक परिचय' शीर्षक लेख प्रकाशित छ। यस लेखमा थापाले बालसाहित्य र बालबालिकाका बारेमा चर्चा गर्दै प्रौढ साहित्यको तुलनामा बालसाहित्य फस्टाउन नसकेको कारणहरूमाथि विशेष प्रकाश पारेका छन्।

कुमार छेत्रीको सम्पादनमा प्रकाशित *साहित्य सङ्केत* वर्षः४६, अङ्कः३२ सन् २०१२ मा रेमिका थापाको 'सम्पूर्णा राईका कथामा बाल त्रासदी' शीर्षकमा एउटा लेख छापिएको छ। यस लेखमा सम्पूर्णा राईको *नाभो* कथासङग्रहभित्रका 'चेन्नी', 'आशङ्का', 'काली' र 'शोषण' जस्ता केही कथाहरूलाई बाल त्रासदीका दृष्टिले अध्ययन गरिएको छ।

रोशन राई र अन्यका सम्पादनमा प्रकाशित बालसाहित्य विशेषाङ्क *साहित्य तृष्णा* वर्षः२, अङ्कः२ *सन्* २०१९ पत्रिकामा बालसाहित्यसम्बन्धी बिसवटा लेखहरू छन्। यी

लेखहरूमा बालसाहित्य लेखन परम्पराको चर्चा गर्दै भारतीय नेपाली बालसाहित्यकारका लिखित केही बालगीत, बालकविता, बालउपन्यास र बालकथाबारे चर्चा गरिएको पाइन्छ।

**(ग) लघु शोधप्रबन्धका आधारमा**

उत्तर बङ्ग विश्वविद्यालयबाट सन् १९९६ मा डी बी थापाले *दार्जिलिङमा नेपाली बालसाहित्यको सर्वेक्षणात्मक अध्ययन* विषयमा स्नातकोत्तर तहको लघु शोधप्रबन्ध लेखेको थाहा पाइन्छ।

दिपेन तामाङले सन् २००७-२००९ मा उत्तर बङ्ग विश्वविद्यालयबाट *भारतीय नेपाली बालकथाको अध्ययन* शीर्षकमा एमफिल उतीर्ण गरिसकेका छन्। यस लघु शोधप्रबन्धमा तामाङले भारतबाट सन् १९१२ देखि सन् २००८ सम्म प्रकाशित मौलिक तथा अनूदित बालकथालाई लिएर अध्ययन गरेका छन्। बालसाहित्यको परिचय, यसका विविध विधा, बालसाहित्यका तत्त्व, यसको विकासक्रम, उपयोगिता र महत्त्वबारे पनि तामाङले अध्ययन प्रस्तुत गरेका छन्।

सिक्किम विश्वविद्यालयबाट करूणा थापाले सन् २०१७ मा *सिक्किमका नेपाली बालकथा: सर्वेक्षणात्मक अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको लघु शोधप्रबन्धमा सिक्किमका बालकथाको सर्वेक्षणात्मक अध्ययन गरेकी छन्।

## १.६ शोधविधि

### १.६.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोध निगमनात्मक शोधविधि र विश्लेषणात्मक पद्धतिद्वारा गरिएको छ। लेखन शैली अनि भाषा, व्याकरणका लागि भारतीय भाषा संस्थान मैसुर र सिक्किम अकादमीबाट प्रकाशित *नेपाली लेखन शैली* (सन् २०११) लाई आधार मानिएको छ। पाद टिप्पणी र

सन्दर्भसूचीका लागि चूडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (वि सं २०७०) अनि शोधमा प्रयुक्त शब्दार्थका लागि विद्यार्थी प्रकाशनबाट प्रकाशित *नेपाली प्रयोगात्मक शब्दकोश* (वि सं २०७०) लाई आधार गरिएको छ।

### १.६.२ तथ्य सङ्कलन विधि

प्रस्तुत शोधका निम्ति द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। द्वितीय शोध विधिअन्तर्गत विभिन्न पुस्तकालयबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिनाका साथै विद्युतीय माध्यमलाई पनि आधार गरिएको छ।

## १.७ शोधको औचित्य र महत्त्व

उल्लिखित पूर्वकार्यको समीक्षा तथा प्राप्त सामग्रीको आधारमा प्रस्तुत शोधकार्यले समेट्ने विषयमाथि अन्य शोधार्थी तथा लेखकहरूद्वारा अध्ययन-अनुसन्धान कार्य भएको पाइँदैन। तसर्थ 'भारतीय नेपाली बालकथामा प्रकृति' विषयबारे अध्ययन-विश्लेषण गरी निष्कर्ष निकाल्नु यस शोधको औचित्य र महत्त्व रहेको छ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य भारतबाट लेखिएका अनि पुस्तकाकार रूपमा प्रकाशित भएका नेपाली बालकथासङ्ग्रहमा मात्र केन्द्रित रहेको छ। यसअन्तर्गत सन् २००१ मा प्रकाशित मुन्नी सापकोटाको पहिलो नेपाली बालकथासङ्ग्रह *कथा फूलबारी* देखि सन् २०१९ मा प्रकाशित शिबु छेत्रीको *नयाँ जुत्ता*-सम्मका बालकथाहरूलाई लिइएको छ। विभिन्न पत्रपत्रिकामा प्रकाशित बालकथालाई यहाँ समेटिएको छैन भनी जानकारी गराइन्छ।

### १.९ शोधको प्रयोजन

प्रस्तुत शोधकार्यको मुख्य प्रयोजन सिक्किम विश्वविद्यालय, नेपाली विभागबाट एमफिलको उपाधि प्राप्त गर्नाका साथै भारतीय नेपाली बालकथामा प्रकृति चित्रणबारे अध्ययन अनुसन्धान गर्नु रहेको छ।

# दोस्रो अध्याय

## भारतीय नेपाली बालकथाका प्रवृत्तिगत विशेषताहरूको विवेचना

# दोस्रो अध्याय

## २. भारतीय नेपाली बालकथाका प्रवृत्तिगत विशेषताहरूको विवेचना

### २.१ बालसाहित्यको परिचय

बालबालिकाहरूको मनोरञ्जनका निम्ति वयस्क वा बालबालिका स्वयम्ले रचना गरेको साहित्यलाई बालसाहित्य भनिन्छ। बालसाहित्यलाई साहित्यको मूल घडेरी मानिन्छ। यस प्रकारको साहित्य सिर्जनाले बालबालिकालाई लक्षित गरेको हुँदछ। बालसाहित्यको रचना उनीहरूको उमेरलाई विशेष ध्यानमा राखेर गरिन्छ। यसको निम्ति सर्वप्रथम बालबालिकाको उमेरबारे स्पष्ट अवधारणा हुन आवश्यक देखिन्छ।

बालबालिकाहरूका निम्ति लेखिएको सिर्जनात्मक रचना बालसाहित्य हो। 'बालसाहित्य' 'बाल' र 'साहित्य' दुईवटा भिन्नभिन्नै अर्थबोधक शब्दहरूको योगबाट बनेको छ। 'बाल' शब्दले जन्मेदेखि पन्ध्र वर्षसम्मका नानीहरूलाई बुझाउँछ। 'साहित्य' भनेको सर्जकको कलात्मक सिर्जना हो। मानिसको जीवन र जगत्सम्बन्धी भावात्मक तथा कलात्मक अभिव्यक्तिलाई साहित्य भनिन्छ। यी दुईवटा शब्दको संयुक्त रूप 'बालसाहित्य' हो। बालसाहित्यका सर्जकले बालबालिकालाई ध्यानमा राखेर ज्ञान-विज्ञान, लोककथा, जीवनी, संस्कार, संस्कृति आदि विषयमा रचनाहरू सिर्जना गर्दछन्। बालसाहित्यको मुख्य उद्देश्य बालकहरूलाई योग्य नागरिक बनाउनु अनि विभिन्न अवस्थाको आवश्यकता पुरा गर्दै उनीहरूलाई युवावस्थासम्म पुग्न सघाउनु हो[1] भन्ने विनयकुमार कसजूको विचार छ। बालसाहित्यको रचना गर्दा सर्जकहरूले बालबालिकाको रुचिलाई ध्यानमा राखेर उनीहरूको मस्तिष्कलाई हानी नहुने वा उनीहरूमा कुनै नकारात्मक विचार उत्पन्न नहुने विषयहरूलाई मात्र समावेश गरेको उचित हुनेछ।

[1]विनयकुमार कसजू, वि सं २०७२, *बालकथा सम्पादन,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, पृ.१

## २.२ बालबालिकाको परिभाषा

सामान्यतः बालबालिका भन्नाले साना-साना उमेरका नानीहरू भन्ने बुझिन्छ। विभिन्न विद्वान्हरूले आफ्ना आफ्नै प्रकारले बालबालिकाको उमेरलाई वर्गीकरण गरी बालसाहित्यको सिर्जना गरेका छन्। महादेव अवस्थीले पाँचवर्षे उमेरदेखि सोह्रवर्षे उमेरसम्मका बालबालिका एवम् किशोर-किशोरीलाई बालबालिका भनेका छन्। उनले पाँचदेखि सोह्रवर्षे उमेरअन्तर्गत खासखास उमेरसमूहका बालकहरूका स्वभाव, रुचि, मनोविज्ञान, बोधशक्ति समेतलाई ध्यानमा राखी रचिने बालसाहित्यलाई मुख्यतः पाँच वर्षदेखि आठ वर्षसम्म, नौ वर्षदेखि बाह्र वर्षसम्म र तेह्र वर्षदेखि सोह्र वर्षसम्म गरी तिनवटा प्रकारमा वर्गीकरण गरेका छन्।[२] विनयकुमार कसजूले आफ्नो पुस्तक *बालकथा सम्पादन* मा बालबालिका भन्नाले जन्मिएदेखि अठाह्र वर्षसम्मका बालबालिका र किशोर किशोरीलाई बुझाउँछ[३] भनेका छन्। बालकको उमेर समूहलाई वर्गीकरण गर्ने क्रममा हर्षनारायण धौभडेलले आफ्नो लेख 'बालबालिका र विशेष बालक'-मा बुद्धि र शारीरिक सामर्थ्य[४] गरी दुईवटा आधारमा बालबालिकालाई छुट्ट्याएका छन्। उनले बुद्धिका आधारमा उच्च, सामान्य र मन्द गरी बालबालिकाका तिनवटा प्रकार देखाएका छन् भने यी बौद्धिक मानदण्डभन्दा माथि र तलका वर्गीकरणमा पर्ने बालकलाई विशेष बालक भनेका छन्। यसरी नै उनले सामर्थ्यका आधारमा पनि बालबालिकालाई साङ्ग र अपाङ्ग गरी दुईवटा प्रकारमा विभाजन गरेका छन्। यी वर्गीकरणभित्र पर्ने बालकहरूले आफ्ना आफ्नै क्षमता अनुसारको पढ्ने सुविधा पाएका हुन्छन्। फरक क्षमता भएका बालबालिकाहरूका निम्ति फरक किसिमको पाठशाला अनि उनीहरूले पढ्न सक्ने पुस्तक

---

[२]महादेव अवस्थी, वि सं २०६५, *बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया,* काठमाडौं : एकता बुक्स, पृ.१२

[३]कसजू, 'बालकथा सम्पादन', पूर्ववत्, पृ.३६

[४]हर्षनारायण धौभडेल, सन् १९८८, 'बाल-साहित्य र विशेष बालक', चूडामणि बन्धु र अन्य (सम्पा), *बाल साहित्य,* काठमाडौं : नेपाली बालसाहित्य समाज, पृ.३४

र शब्दको निर्माण गरिएको हुँदछ। 'बाल' भन्नाले पाँच वर्षदेखि बाह्र तेह्र वर्षसम्मका बालबालिकालाई बुझाउँछ। बालबालिकाको उमेरअनुसारको मानसिक, बौद्धिक, संवेगात्मक र काल्पनिक क्षमताको विकासलाई 'बाल' शब्दले समेटेको पाइन्छ।[५] यसै गरी ध्रुवकुमार घिमिरेले *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य* (वि सं २०७४) पुस्तकमा पठन क्षमताका आधारमा बालबालिकालाई प्रारम्भिक अवस्था (६-७ वर्षसम्म), मध्यावस्था (७-१० वर्षसम्म) र सक्षमावस्था (१०-१२ वा १३ वर्षसम्म) गरी[६] तिनवटा प्रकारमा विभाजन गरेका छन्। यस वर्गीकरणले प्रारम्भिक अवस्थादेखि तेह्र वर्षसम्मकालाई बालबालिका मानेको छ। कविता लामाअनुसार 'चार-पाँच वर्षदेखि पन्ध्र वर्षसम्मका बालबालिकाहरू'[७]-लाई बालक भन्न सकिन्छ। भर्खर जन्मिएर तिन वर्षसम्मका बालकलाई लिखित साहित्यको आवश्यकता पर्दैन। उनीहरूलाई आफ्ना अभिभावकहरूले शिशुगीत गाएर वा विभिन्न बालकथाहरू सुनाएर मनोरञ्जन दिने गर्दछन्।

माथि उल्लिखित विविध परिभाषाबाट पाँच वर्षदेखि बाह्र-तेह्र वर्ष उमेर समूहका नानीहरू बालबालिका हुन् भन्ने बुझिन्छ जसले विभिन्न विषयमा लेखिएका बालपुस्तकहरूको अध्ययन गरी शिक्षा र मनोरञ्जन दुवै प्राप्त गर्न सक्दछन्।

प्रस्तुत शोधकार्यमा कविता लामाले आफ्नो पुस्तक *भारतीय नेपाली बालसाहित्यमा नारी स्रष्टा* (सन् २०१४) मा दिइएको परिभाषालाई आधार मानिएको छ। यही आधारअनुसार यस शोध अध्ययनमा चार, पाँच वर्षदेखि पन्ध्र वर्षसम्मका बालबालिकाको लागि लेखिएका बालकथाहरूलाई समेटिएको छ।

---

[५]अच्युतशरण अर्ज्याल, वि सं २०५८, *नेपाली बालसाहित्यको अध्ययन,* त्रिभुवन विश्वविद्यालय : विद्यावारिधि शोधप्रबन्ध, पृ.१९

[६]ध्रुवकुमार घिमिरे, वि सं २०७४, *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य,* काठमाडौं : नेपाल, पृ.३२

[७]कविता लामा, सन् २०१४, *भारतीय नेपाली बालसाहित्यमा नारी स्रष्टा,* दार्जिलिङ : गामा प्रकाशन, पृ.१७

### २.२.१ बालसाहित्यप्रति बालबालिकाको झुकाउ

बालबालिकाहरूले बालगीत वा बालकविताका माध्यमबाट गीत गाएर अथवा बालकथा पढेर वा चित्रपुस्तक हेरेर मनोरञ्जन लिँदै ज्ञान आर्जन गर्दछन्। दुई वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई चित्रपुस्तकको आवश्यकता पर्दछ। उनीहरू चित्रपुस्तकका सहायताले वर्ण र सङ्ख्याहरू चिन्ने गर्दछन्। बालगीतलाई अङ्ग्रेजीमा 'नर्सरी राइम्स' भनिन्छ। बालगीतमा बालबालिकाहरूले बोल्ने शब्दहरूको प्रयोग भएको कारणले उनीहरू यसबाट आनन्द प्राप्त गर्दछन्। आफ्ना अभिभावकले बालगीत गाएर सिकाएपछि बालबालिका आफैँले बालसुलभ भाषाका गीतहरू गाउन सक्छन्। छ वर्षदेखि माथिका बालबालिकाहरूमा भने बिस्तारै हिज्जे गर्दै पढ्न सक्ने क्षमताको विकास भइसकेको हुँदछ। बालबालिकाहरू जति पढाइप्रति रुचि राख्दै बालकथा सुन्न र पढ्न थाल्छन् त्यति नै उनीहरूको झुकाउ बालसाहित्यका विविध विधातर्फ बढ्दै जान्छ। बालगीत गाएर वा पढेर आएका बालकहरू बालकथासम्म आइपुग्दा उनीहरूको शब्दभण्डार पनि धेरै विकसित भएको हुन्छ। तसर्थ नयाँ नयाँ विषय जान्ने र बुझ्ने जिज्ञासा उनीहरूमा उत्तिकै रहेको हुन्छ।

## २.३ बालकथाको अर्थ र परिभाषा

बालबालिकाहरूका निम्ति सबैभन्दा मनपर्ने विधा हो कथा। संस्कृतको 'कथ्' धातुमा टाप (आ) प्रत्यय लागेर निर्माण भएको 'कथा' शब्दले कुनै कुरा कथ्नु वा भन्नु भन्ने अर्थ दिँदछ। अङ्ग्रेजी भाषामा कथालाई 'सर्ट स्टोरी' भनिन्छ। कथा एक प्रकारको सिर्जनात्मक रचना हो, जहाँ मानिसको जीवनका विविध पक्षको कलात्मक उद्घाटन भएको हुन्छ।

'बाल' र 'कथा' दुईवटा शब्दको योगबाट 'बालकथा' शब्द बनेको हुन्छ। सरल भाषामा लेखिएका पुस्तकहरू पढेर, चित्र हेरेर बालबालिकाहरूले मनोरञ्जन प्राप्त गर्ने

गर्छन्। तसर्थ बालकथामा छोटा वाक्य, सरल शब्द अनि चित्रहरूको प्रयोग हुन आवश्यक हुँदछ। यस प्रकारका बालकथा पढ्ने बालबालिकाहरू सानै उमेरका हुन्छन्। यो सानै उमेर पाँच वर्षदेखि बाह्र वर्षसम्मको हुँदछ।

सार्विक साहित्यमा कथाको महत्त्व जतिको छ उत्तिकै महत्त्व बालसाहित्यमा बालकथाको छ। बालकथाको उत्पत्तिबारे केशवप्रसाद उपाध्याय भन्छन्-

*प्रारम्भमा यो कथा केटाकेटीहरूलाई फकाउन फुल्याउन, नवयुवक नवयुवतीहरूलाई मनोरञ्जन दिई रौस्याउन र वयस्कहरूलाई कालक्षेपनको रोचक अवसर दिन कथिए होलान्, तर पछि यिनलाई ऐतिहासिक, धार्मिक, दार्शनिक र नैतिक उपदेशका पनि सजिला र रुचिकर माध्यम ठानी गद्यमा मात्र होइन, पद्यमा समेत आबद्ध गरियो। कमसे कम पूर्वमा वेदहरूले ऐतिहासिक र धार्मिक कथा निबद्ध गरे, तिनको परम्परालाई पद्यमय पुराणहरूले विकसित गरे, उपनिषद्हरूले दिएका दार्शनिक ज्ञानका कथाहरूको परम्परालाई प्राकृत भाषाको युगमा जैन र बौद्ध आचार्यहरूका जातकादि कथाहरूले आत्मसात् गरे। 'कथाच्छलेन बालानां नीतिस्तदिह कथ्यते' भन्दै पशुपक्षीहरूको कथाको माध्यमले पञ्चतन्त्रले नीतिज्ञान गराउने प्रयास गर्‍यो। पुराणका पद्यमय कथाको क्रमलाई गुणाढ्यको बृहत्कथा र सोमदेवको कथासरित्सागरप्रभृतिले अगाडि बढाए। दण्डी र बाणभट्टले कथाको अकैं आकर्षक रूपविधान गरे। शुक-सप्तति, बेताल- पञ्चविशंतिप्रभृतिले झन् अकैं बाटो पैल्याए।*[८]

उक्त भनाइबाट मानव सभ्यताको विकास सँगसँगै बालकथाको प्रारम्भ हुनाका साथै यसले बालबालिकाको शारीरिक,मानसिक एवम् बौद्धिक विकासका लागि सहयोग पुर्‍याइरहेको कुरा स्पष्ट हुँदछ।

---

[८]केशवप्रसाद उपाध्याय, वि सं २०६७, *साहित्य प्रकाश* (सातौं सं), ललितपुर : साझा प्रकाशन, पृ.११५-११६

बालकथाको सैद्धान्तिक मानदण्ड तयार पार्ने क्रममा बालसाहित्यका सर्जक, समीक्षक तथा अध्येताहरूले बालकथाबारे आफ्ना धारणाहरू प्रस्तुत गरेका छन्-

चूडामणि बन्धुअनुसार- बालबालिकाहरूलाई स्वास्थ्य मनोरञ्जन, उपयोगी शिक्षा, व्यावहारिक ज्ञान र नयाँ नयाँ सूचना दिने कथा नै बालकथा हो। यसमा पाठकको मानसिक स्तर, उमेर तथा भाषाजस्ता कुराको विचार गरिन्छ।[९]

भारतीय बालसाहित्यका स्रष्टा मनोरमा जफाअनुसार- कथा भनेको रङ्गीविरङ्गी मोतीहरूको यस्तो माला हो, जुन एउटा सुखद् प्रभाव दिनका लागि उनिएको हुन्छ।[१०]

बालकथाकार रञ्जुश्री पराजुली बालकथाबारे भन्छिन्- बालमस्तिष्कले अँठ्याउन सक्ने रमाइला विषयको एउटा प्रमुख घटनालाई समातेर त्यसैको सेरोफेरोमा केन्द्रित रहेको आख्यानलाई बालकथा भनिन्छ।[११]

यी परिभाषाहरूले बालकथालाई शिक्षा, ज्ञान, सूचना, मनोरञ्जन आदिको साधनका रूपमा परिभाषित गरेको पाइन्छ।

महादेव अवस्थीले- बालकका निम्ति वा बालकलाई लक्षित गरी भनिएको कथिएको वा रचिएको कथा नै बालकथा हो[१२] भनेका छन्।

जगत छेत्रीका विचारमा बालकथा मधुर र सरल शब्दहरूमा तथा सहज र छोटा वाक्यहरूमा भनिन्छ वा लेखिन्छ। बालकथा विशेष गरी पाठककेन्द्रित नभएर

---

[९]शिवहरि बगाले, वि सं २०६१, *नेपाली कथामा जनकप्रसाद हुमागाईको योगदान,* स्नातकोत्तर लघु शोध पत्र, काठमाडौं : रत्नराज्यलक्ष्मी क्यामपस् पृ. १२

[१०]प्रमोद प्रधान, वि सं २०६१, *नेपाली बालसाहित्यको इतिहास,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, पृ. ८३

[११]रञ्जुश्री पराजुली, वि सं २०६८, *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, पृ.२५

[१२]महादेव अवस्थी, 'बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया', पूर्ववत्, पृ.१२

लेखककेन्द्रित हुन्छ। यस्ता कथाहरू रचना गर्दा पाठकको मानसिक स्तर, उमेर, भाषा विषयमा विचार गरिन्छ।[१३]

हिन्दीका बालकथाकार मस्तराम कपूरअनुसार- बालकथाले बालबालिकाको निद्रा, भोक सबै बिर्साएर बालबालिकाको आवश्यकता पुरा गर्दछ र बालबालिकालाई खुसी तुल्याउँदछ[१४]

बालकथासम्बन्धी विद्वान्हरूले विभिन्न परिभाषा प्रस्तुत गरे तापनि बालकथा भनेको यही हो भनी किटान गरेर भन्न सकिन्न। बालबालिकाको जीवनमा बालकथाको धेरै महत्त्व रहन्छ। बालकथाले बालबालिकामा सिर्जनशील क्षमताको विकास गराउनका साथै उनीहरूलाई चरित्रवान्, नैतिकवान्, विचारशील, विवेकशील साथै इमानदार नागरिक हुनामा निश्चय सहयोग गर्दछ।

समग्रमा, बालकथामा युगानुकूल विषय सरल भाषा, आकर्षक एवम् चित्रात्मक शैली, वा चित्रहरूको प्रयोग हुन आवश्यक छ। मानवीय र मानवेतर पात्रको प्रयोग गरेर बालबालिकाको बौद्धिक विकासतर्फ टेवा पुऱ्याउने विधालाई 'बालकथा' भनिन्छ।

## २.४ भारतीय नेपाली बालकथाको विकासक्रम

भारतीय नेपाली बालकथा लेखनमा दार्जिलिङको महत्त्वपूर्ण भूमिका रहेको छ। सन् १८६९ मा म्याकफर्लेनले दार्जिलिङ र कालेबुङका कतिपय स्थानहरूमा मिसनरी पाठशालाहरूको स्थापना गरेको घटनालाई भारतीय नेपाली बालकथा लेखनको परम्परा सुरु हुनाको प्रमुख कारण मानिन्छ।[१५] तत्कालीन दार्जिलिङका स्कुलहरूमा नेपाली

---

[१३]प्रमोद प्रधान, 'नेपाली बालसाहित्यको इतिहास', पूर्ववत्, पृ.८३

[१४]मस्तराम कपूर, सन् २०१५, *हिंदी बाल-साहित्य का विवेचनात्मक अध्ययन,* नई दिल्ली : अनामिका पब्लिशर्स एंड डिस्ट्रीब्यूटर्स प्रा. लि., पृ.२४४

[१५]जीवन नामदुंग, सन् २००४, 'दार्जिलिङको बाल कथासाहित्य- एक अध्ययन', कुबेरचन्द्र दाहाल (सम्पा) *कनका,* सिक्किम : नेपाली साहित्य परिषद्, पृ.१०

भाषामा पढाउने मान्यता प्राप्त भएको थिएन। अङ्ग्रेजी र हिन्दी माध्यममा पठनपाठन गरिन्थ्यो। फलस्वरूप नेपाली भाषामा बालबालिकाको निम्ति कुनै साहित्यिक वा बालकथा लेखिएको पाइँदैन। बालकथा केवल मौखिक परम्परामा मात्र थियो। पछि धर्म प्रचार गर्ने उद्देश्यले लेखिएका पादरी गंगाप्रसाद प्रधानका बाइबलका साना साना कथाहरूले पाठ्यपुस्तकको रूप लियो। पादरी प्रधानले अनुवाद गरेका तिनै कथालाई पछि पाठशालाहरूमा पढाउन थालेको जानकारी पनि पाइन्छ।[१६] पादरी प्रधानदेखि आजसम्मको नेपाली बालकथाको इतिहासलाई हेर्दा यसले विभिन्न मोड तथा प्रवृत्तिलाई आत्मसात् गरेको पाइन्छ। गंगाप्रसाद प्रधानदेखि थालिएको भारतीय नेपाली बालसाहित्य वा बालकथा परम्परालाई तिन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ-

(क) पहिलो चरण (सन् १९१२-सन् १९२४)

(ख) दोस्रो चरण (सन् १९२५-सन् २०००)

(ग) तेस्रो चरण (सन् २००१ देखि आजसम्म)

**(क) पहिलो चरण (सन् १९१२-सन् १९२४)**

भारतीय नेपाली बालकथा लेखनको सुरु अनूदित कथाहरूबाट भएको पाइन्छ। यस दृष्टिले गंगाप्रसाद प्रधानलाई प्रथम भारतीय नेपाली बालकथाकार मान्न सकिन्छ। अङ्ग्रेजी भाषाबाट नेपालीमा अनूदित पादरी गंगाप्रसाद प्रधानका *नैटिङ्गेल अर्थात् मीठो गीत गाउने चराको विषयमा* (सन् १९१२), *बांसको कथाहा* (सन् १९१३), *हाँसको नराम्रो चल्लाको कथाहा* (सन् १९१४), *एक बटौरे साथी* (सन् १९१६), *सुनौलो कथाको पुस्तक* (सन् १९२३), *मान्छे माछाको कथाहा* (सन् १९२३), आदिले भारतीय नेपाली बालकथाको घडेरी निर्माण गरेको छ। गंगाप्रसाद प्रधानका यी बालकथाहरूले तत्कालीन मिसनरी

---

[१६]नामदुंग, 'दार्जिलिङको बाल कथासाहित्य- एक अध्ययन', पूर्ववत्, पृ.१०५

स्कुलहरूमा नेपाली पाठ्यपुस्तकको अभावपूर्ति गर्नाका साथै नेपाली समाजमा बालसाहित्य लेखन र पठनको बीजारोपण गरेको पाइन्छ। वास्तवमा पादरी प्रधानले बाइबलको अनुवाद गर्नुको प्रमुख उद्देश्य इसाई धर्मको प्रचार गर्नु रहे तापनि बाइबलमा पाइने कथाका ती साना साना अंशले भारतीय नेपाली बालकथाको विकासमा महत्त्वपूर्ण सहयोग पुगेको छ।

**(ख) दोस्रो चरण (सन् १९२५-सन् २०००)**

भारतीय नेपाली बालकथा विकासको दोस्रो चरणलाई मौलिक चरण मानिन्छ। यसभन्दा अघि अनूदित बालकथाहरूमात्र प्रकाशित थिए। सन् १९२५ मा प्रकाशित पारसमणि प्रधानको *नेपाली साहित्य कथामाला* (भाग १-४) लाई व्याकरणको नियमलाई आधार गरी लेखिएको भारतीय नेपाली बालकथाको प्रथम मौलिक सङ्ग्रह मानिन्छ।[१७] यसपछि सन् १९५६ मा दार्जिलिङबाट देवकुमारी थापाको *रामको कथा* प्रकाशित भएको पाइन्छ। देवकुमारी थापाको यस कथामा रामको आदर्शबारे बालबालिकालाई नैतिक शिक्षा दिइएको छ। यसबाहेक दार्जिलिङबाट प्रकाशित उनका अन्य बालकथासङ्ग्रह हुन्- *एकादशी* (सन् १९५५), *सेतो बिरालो* ( सन् १९६४) र *झझल्को* (सन् १९६८)।[१८] सन् १९६३ मा नीमा छिरिङ शेर्पाको *सरल बालकथा* प्रकाशित छ। पारसमणि प्रधानपछि बालसाहित्य लेखनमा बाबुलाल प्रधानको महत्त्वपूर्ण देन रहेको कुरा प्रमोद प्रधानले आफ्नो पुस्तक *नेपाली बालवाङ्मय परिचयकोश* (वि सं २०६५) मा उल्लेख गरेका छन्। प्रकाश कोविदका *बाल रामायण* (सन् १९६४), *संक्षिप्त रामायण* (सन् १९६५) र *हाम्रो कथा* भाग १ (सन् १९७०) *हाम्रो कथा* भाग २ (सन् १९७१) आदि पुस्तकहरूमध्ये *बाल रामायण* भित्र चित्रलाई पनि विशेष ठाउँ दिइएको छ। भानुभक्तको रामायणलाई आधार गरी लेखिएका *बाल रामायण* र *संक्षिप्त रामायण*-मा कोविदले

[१७]नामदुङ, 'दार्जिलिङको बाल कथासाहित्य- एक अध्ययन', पूर्ववत्, पृ. १०६

[१८]लामा, 'भारतीय नेपाली बालसाहित्यमा नारी स्रष्टा', पूर्ववत्, पृ.३५

बालबालिकालाई आदर्शवाद र नैतिक शिक्षा दिएका छन्। हरिश बमजनको *पौराणिक कथा : वैज्ञानिक युग* (सन् १९६९), अगस्तीन गुरुङको *धोक्रेफुल* (सन् १९७४), जी छिरींगको *विश्वप्रसिद्ध केही यात्रीहरू* (सन् १९८०), भोटु प्रधानको *कुनै एक समयमा संसारका प्रसिद्ध कथाहरू* (सन् १९८१), राजनारायण प्रधानका *कथैकथा* भाग १-२ (सन् १९८३), *कथा कुञ्ज* (सन् १९८६), महानन्द पौड्यालको *हाम्रा केही लोककथा* (सन् १९८८), *श्री कथा* (सन् १९८८), सुधिन घोषको *सोक्पा* (सन् १९९१) आदिलाई बालकथाका महत्त्वपूर्ण पुस्तक मानिन्छ। सन् १९९८ मा प्रकाशित मुक्ति उपाध्यायको *कथा सौरभ* (सम्पा, भाग १-६) कथासङ्ग्रहमा विश्वका लोकप्रिय पौराणिक कथा, दन्त्यकथा, लोककथा, परी कथा र प्रकृतिसित सम्बन्धित कथाहरू समाविष्ट छन्। 'बुद्धिमान पाठो', 'दाउरेको धन', 'दाउरे र जलदेवता', 'बाँदरको मुटु', 'पहाडमा घण्ट', 'प्रकृति दान जीवन जगत्को प्राण' आदि प्रमुख कथाहरू हुन्। नैनसिंह योञ्जनको *कथामृत* (सन् १९९९) लाई पनि यस चरणको एउटा महत्त्वपूर्ण कृति मानिन्छ।

भारतीय नेपाली बालकथाको दोस्रो चरणमा मौलिक र अनूदित दुवै प्रकारका कथाहरू प्रकाशित भएका छन्। प्रकाश कोविदका *अलाउदिनको बत्ती* (सन् १९६४), *पिनाकियो* (सन् १९६६) र महानन्द पौड्यालको *सानो भाइ* (सन् १९९०) आदि दोस्रो चरणमा प्रकाशित अनूदित बालकथाका नमुनाहरू हुन्।

**(ग) तेस्रो चरण (सन् २००१ देखि हालसम्म)**

भारतीय नेपाली बालकथाको आधुनिक अर्थात् तेस्रो चरण मुन्नी सापकोटाको *कथा फूलबारी* सन् २००१ मा प्रकाशित भएदेखि सुरु भएको छ। *कथा फूलबारी*-मा जम्मा दसवटा कथाहरूमध्ये प्रत्येक कथाले बालबालिकाहरूलाई भिन्नाभिन्नै विषयको स्वाद दिन्छ। 'एकताको बल', 'अनुको सानो विरूवा', 'वैगुनीलाई गुनले मार्नु', 'विद्या ठूलो कि धन', 'सञ्चय' जस्ता कथामा मानिसको अवगुणलाई गुणले मार्नु, अल्छि नगर्नु, अहिंसाको

पाठ सिकाउनु, विद्याको महत्त्व बुझाउनु, परिवेश शुद्ध राख्नु, सञ्चय गर्न सिक्नुजस्ता विषयलाई लिइएको छ। 'एकताको बल' कथाले कमिलाको परिश्रम र एकतालाई देखाउँदै मानिसले कमिलाजस्तै एकताको भावना राखेर कर्म गऱ्यो भने सहजै लक्ष्य प्राप्त गर्न सक्छ भन्ने शिक्षा दिएको छ।

*बल्ल बुद्धि पलायो* (सन् २००५) र *जूनकीरी* (सन् २०१२) मुन्नी सापकोटाका अन्य बालकथासङ्ग्रह हुन्। *बल्ल बुद्धि पलायो*-भित्र 'लोभी आले', 'खरायो र बाँदर', 'बल्ल बुद्धि पलायो', 'साँचो सल्लाहकार' र 'मैना चरी' गरी जम्मा पाँचवटा कथाहरू छन्। बालबालिकाहरू मानव पात्रभन्दा मानवेतर पात्रको प्रयोग गरेर लेखिएका बालकथाप्रति धेर आकर्षित हुन्छन्। सापकोटाको *बल्ल बुद्धि पलायो*-मा पनि पशुपक्षी पात्र र चित्रको प्रयोग गरिएको पाइन्छ। आवश्यकताभन्दा धेरै लोभ गर्नु हुँदैन, धेरै उत्ताउलिनु हुँदैन, अरूले भनेको कुरा साँचो हो कि होइन पहिला बुझेर मात्र मान्नुपर्छ, आफ्नो लागि मात्र सोच्नु हुँदैन भन्ने शिक्षा यस सङ्ग्रहका कथामा पाइन्छ। उनको तेस्रो कथा सङ्ग्रह *जूनकीरी* (सन् २०१२) मा तेह्रवटा कथाहरू समाविष्ट भएका छन्। यस सङ्ग्रहका कतिपय कथाहरू *बल्ल बुद्धि पलायो* सङ्ग्रहका कथासँग मेल खाएको देखिन्छ। *बल्ल बुद्धि पलायो* भित्रको 'मैना चरी' अनि *जुनकीरी* भित्रको 'चरो र मान्छेको मितेरी' कथाले एउटै सन्देश दिएको छ। 'जूनकीरी' लोककथामा आधारित कथा हो। यस कथामा मदनकी आमाले आफ्नी आमाबाट सुनेको जुनकिरीको लोककथा छोरालाई सुनाएकी छन्। बालबालिकाको चञ्चल स्वभावलाई यस कथामा चित्रण गरेको छ। *जूनकीरी* सङ्ग्रहभित्रका 'आमाको माया', 'कर्तब्य बोध', 'ज्ञानी भ्यागुतो', 'ब्वाँसो र बँदेल', 'उडुस', 'माग्ने बानी', 'परिवेश' आदि कथाहरूको उद्देश्य नानीहरूलाई नैतिक शिक्षा दिनु नै रहेको पाइन्छ।

अर्का बालकथाकार एडोन रोंगोंगको बालकथा कृति *मायाका फूलहरू* (सन् २००६) मा 'दयालु राजा र मैना', 'हितैषी', 'चारवटा चारआनी', 'मायाका फूलहरू', 'एउटा प्रेमकथा', 'दृढ विचार' आदि गरी दसवटा कथाहरू छन्। यी कथाहरूले बालबालिकालाई प्रेमको आदान प्रदान गर्ने, परोपकारी बन्ने सदविचार शिक्षालाई विशेष स्थान दिइएको छ।

सन् २००९ मा प्रकाशित स्नेहलता राईको *स्नेहोद्‌गार* लाई बालकथाको क्षेत्रमा एउटा महत्त्वपूर्ण कृति मानिन्छ। विज्ञानका विविध पक्षलाई लिएर लेखिएको यो सङ्ग्रहभित्रको 'टेलिस्कोप' कथाले बालबालिकामा विज्ञानको महत्त्वबारे जानकारी दिएको छ। बालकथाका माध्यमबाट बालबालिकाले विज्ञान तथा वैज्ञानिक आविष्कारका कुराहरू थाहा पाउन सक्छन् भन्ने कुरालाई यस कथामा विशेष ध्यान दिइएको छ। विज्ञानपरक बालकथाहरूले बालबालिकामा कल्पना गर्ने क्षमताको पनि वृद्धि गर्छ। सङ्ग्रहमा 'आमा भनेको आमा नै हो', 'प्रकृति प्रेम', 'मौरीको चाका', 'हिउँ परेको दिन', 'टेलिस्कोप', 'परितृप्त रूख', 'काग र पर्यावरण' आदि गरी जम्मा चौधवटा कथाहरू रहेका छन्। 'आमा भनेको आमा नै हो' कथाले बाँदरको बच्चालाई खोलाले बगाउँदा आफ्नो सन्तानसित सँधैका लागि छुट्टिनु पर्दाको पीडालाई देखाइएको छ। 'प्रकृति प्रेम', 'परितृप्त रूख' आदि कथामा मानिसले प्रकृतिलाई प्रेमको भावनाले हेर्नुपर्छ भन्ने मूल सन्देश दिइएको छ। सन् २०१३ मा प्रकाशित स्नेहलता राईको *प्रकृतिको प्रिय घर* (किशोर कथासङ्ग्रह) बालसाहित्यको क्षेत्रमा अर्को एउटा महत्त्वपूर्ण कृति हो।

सिक्किमबाट बालकथा लेख्नेहरूमा शङ्करदेव ढकाल र भीम प्रधान प्रमुख देखिन्छन्। सन् २०१२ मा शङ्करदेव ढकालको *बाल सुधा सागर* भित्र 'गाई र भैंसी', 'पोथी र स्याल', 'चिबे र ढुकुर', 'काग कोइली', 'दुष्ट ढाडे', 'लुकेको वेदना', 'सोक्पा' आदि गरी

जम्मा सोह्रवटा कथाहरू समाविष्ट छन्। यी कथाहरूमा मानवीय तथा मानवेतर पात्रको प्रयोग पाइन्छ। यी कथाहरू सिक्किमभित्रकै सेरोफेरोमा घुमेको छ।

भीम प्रधानको *बाल कोसेली* सन् २०१३ मा प्रकाशित बालकथा सङ्ग्रहमा 'म पनि स्कुल जान्छु', 'गुडियाहरूको संसार', 'फूललाई माया', 'चराको कुरा', 'बाजे-नाती', 'परीको देशमा', 'कुकुर र बिरालोको मित्रता', 'भैलो खेल्ने दिन', 'भरिया बाजे', 'हामी जस्तै बिरुवाहरू', 'भनेको नमान्दा', 'स्कुलबाट फर्कंदा', 'इच्छा', 'झण्डै मित्रता टुटेको' आदि गरी जम्मा छब्बीसवटा कथाहरू छन्। नेपाली संस्कृति, प्रकृति प्रेम, प्रकृति संरक्षण, प्रकृति विनाशका कारणहरू, मानवता, गुरुको महत्त्व आदि विषयलाई प्रधानले आफ्ना कथाहरूमा विशेष स्थान दिएका छन्।

भारतीय नेपाली बालकथाको विकासमा मुन्नी सापकोटा, एडोन रोंगोंग, स्नेहलता राई, शङ्करदेव ढकाल तथा भीम प्रधानको नाम उल्लेखनीय छन्।

१२-१५मार्च २००९ मा नेसनल बुक ट्रस्ट अव् इन्डिया र सिक्किम अकादेमीको संयुक्त आयोजनामा नेपाली साहित्य परिषद् भवन गान्तोकमा बालसाहित्यबारे कार्यशाला सम्पन्न भएको थियो। यस कार्यशालामा विभिन्न ठाउँबाट आएका बालसाहित्यका सर्जक र चित्रकारहरूको सक्रिय सहभागितामा धेरै बालकथाहरू सिर्जना भए। कार्यशालामा सिर्जित शान्ती छेत्रीको *देवल घडी,* कर्ण थामीका *मौरी र झिङ्गा, सेती फर्किएर आइछ,* कविता लामाका *पिकु* र *साथीको सम्मान गर,* स्नेहलता राईका *काग र कोइली* अनि *घमण्डी छिचिमिरा,* मुक्ति उपाध्यायका *आमा छोरा* र *धनबहादुरको सोच* आदि कथाहरूलाई 'नेसनल बुक ट्रस्ट अव् इन्डिया'-ले पुस्तकका रूपमा प्रकाशित गरेको पाइन्छ।

## २.५ भारतीय नेपाली बालकथाका विविध प्रवृत्तिहरू

नेपाली बालकथाको मौखिक परम्परा निकै धनी रहेको छ। मौखिकबाट लिखित परम्परासम्म आइपुग्न भारतीय नेपाली कथालाई धेरै वर्ष लाग्यो। लिखित परम्परामा पनि अनूदित बालकथाबाट भारतीय नेपाली बालकथाको यात्रा सुरु भएको छ। पादरी गंगाप्रसाद प्रधानदेखि आजसम्मको बालकथाको विकास परम्परालाई हेर्दा यसमा विभिन्न मोड तथा प्रवृत्तिको विकास भएको देखिन्छ। अनूदित परम्पराबाट सुरु भएको भारतीय नेपाली बालकथा लेखनमा धेरै पछि गएर मात्र मौलिक बालकथा लेखिन थाल्यो। भारतीय नेपाली बालकथालाई विषयवस्तुको आधारमा निम्न रूपले वर्गीकरण गरी अध्ययन गरिएको छ-

### २.५.१ विषयवस्तुका आधारमा

(क) स्वच्छन्दतावादी

(ख) मनोविश्लेषणवादी

(ग) धार्मिक

(घ) ऐतिहासिक

(ङ) स्वास्थ्यसम्बन्धी

(च) प्रकृति प्रेम

(छ) सांस्कृतिक चेतना

(ज) विज्ञानपरक

(झ) आञ्चलिकता

(ञ) शिक्षाप्रद

**(क) स्वच्छन्दतावादी**

'स्वच्छन्दतावाद' शब्द अङ्ग्रेजी 'रोमान्टिसिज्म'-को नेपाली रूपान्तर हो। यसको व्युत्पत्ति मध्यकालीन ल्याटिनको 'रोमानिस' अनि फ्रान्सेली 'रोमान्स' शब्दबाट भएको पाइन्छ। फ्रान्सेली शब्द रोमान्सको अर्थ प्रेम, वीरता, आदिले भरिएको काल्पनिक लेखन भन्ने हुँदछ।[१९] स्वच्छन्दतावाद शब्दको प्रयोग विभिन्न समयमा विभिन्न प्रकारले भए तापनि अठाह्रौं शताब्दीको अन्त्य र उन्नाइसौं शताब्दीको प्रारम्भमा आएको साहित्यिक प्रवृत्तिलाई पाश्चात्य साहित्यमा रोमान्टिसिज्म भनिन्छ।

पाश्चात्य साहित्यमा विलियम वर्डस्वर्थ र स्यामुल टेलर कलरिजको सहलेखनमा प्रकाशित *लिरिकल ब्यालेड* (सन् १७९८) सँगसँगै स्वच्छन्दतावादले पनि व्यापकता पाउँदै गयो। आध्यात्मिक स्तरको प्रकृतिको सम्बन्ध, व्यापक, उदार एवम् मानवतावादमा विश्वास र उन्मुक्त अर्थात् स्वच्छन्द अभिव्यक्ति स्वच्छन्दतावादका मुख्य विशेषताहरू हुन्। त्यसैकारण स्वच्छन्दतावादी साहित्यमा मानिसको अन्तस्करणलाई जागृत पार्ने र मानिसलाई आनन्द दिने हुन्छ। आत्मपरक अभिव्यक्तिका माध्यमले साहित्यको सिर्जना गरिने हुनाले स्वच्छन्दतावादी प्रवृत्तिमा अवचेतन मन, स्वप्न तथा कल्पनालाई महत्त्व दिइन्छ।

बालबालिकाहरू स्वतन्त्र भएर आफ्नो मनले चाहेको कुरा प्राप्त गर्न चाहन्छन्। उनीहरू स्वतन्त्र भएर खेल्न, आफुलाई मनपरेको ठाउँमा जान, काम गर्न, पढ्न, लेख्न रुचाउँछन्। स्वच्छन्दतावादको प्रमुख विशेषता स्वतन्त्रता हो। भारतीय नेपाली बालकथाकारले बालबालिकाको स्वतन्त्रतालाई ध्यानमा राखेर धेरै कथाहरू लेखेका छन्।

---

[१९]मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, वि सं २०७२, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चोथो सं), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि., पृ.२८१

बालबालिकाको इच्छा अनि उनीहरूको दृढतालाई देखाउँदै भीम प्रधान आफ्नो 'इच्छा' कथामा लेख्छन्-

*म सानै भए पनि मलाई राम्ररी स्कूल पढ्नुको साथै फूटबल खेलाडी पनि बन्नुछ। यसैले स्कुलको पाठहरू पढ्ने, लेख्ने अनि याद गरिने कामहरू सिध्याएपछि गोली लिएर ग्राउण्डमा अभ्यास गर्छु। ...मैले राम्रो शिक्षा हासिल गर्दै खेलकुदमा पनि भाग लिनुछ र भविष्यमा नामी खेलाडी भएर आफ्नो गाउँ-ठाउँको नाम पनि चम्काउनु छ।*[२०]

प्रस्तुत उदाहरणमा 'म' पात्रले आफ्नो इच्छाअनुसार पढाइ सँगसँगै खेलकुदद्वारा भविष्यमा आफ्नो गाउँको नाम रोशन गर्ने विचार राखेको छ। बालकथामा बालबालिकाको स्वतन्त्र विचारलाई ध्यानमा राखिने हुनाले यस कथामा आत्मकेन्द्री विचार रहेको पाइन्छ।

**(ख) मनोविश्लेषणवादी**

मनोविश्लेषण शब्द 'मनोविज्ञान' शब्दबाट विकास भएको छ। 'मनोविज्ञान' शब्द अङ्ग्रेजीको 'साइकोलजी'-बाट रूपान्तरित भएको मानिन्छ, जसको अर्थ मनको वैज्ञानिक अध्ययन गर्ने सिद्धान्त मनोविज्ञानको विशिष्ट रूपलाई अङ्ग्रेजीमा 'साइको एनालाइसिस' र नेपालीमा मनोविश्लेषण भनिन्छ।[२१]

मनोविश्लेषण शब्द विभिन्न अर्थमा प्रयोग भएको पाइए तापनि मूल रूपमा यो मानवीय मनको क्रियाकलाप र प्रतिक्रियाका रूपमा प्रयोग भएको पाइन्छ।

मनोविश्लेषणले साहित्यमा प्रभाव पार्ने हुनाले साहित्यमा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। मनोविज्ञानका विविध शाखाहरूमध्ये बालमनोविज्ञान पनि एउटा हो। बालमनोविज्ञान भन्नाले बालबालिकाको परिवेश हो। यही परिवेशले उनीहरूको मनको अवस्था, स्थिति, आदिलाई निर्माण गर्छ। यसले बालबालिकाको चरित्र निर्माण गर्नामा

---

[२०]भीम प्रधान, सन् २०१३, *बाल कोसेली,* सिलगढी : ग्राफिक्स प्रिन्टर्स, पृ.६७

[२१]शर्मा र लुइटेल, 'पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त', पूर्ववत्, पृ.१६१

सहयोग पुऱ्याउँछ। बालमनोविज्ञानलाई बालसाहित्यको सिर्जनामा एउटा आवश्यक तत्त्व मानिन्छ। बालबालिकाको शारीरिक तथा मानसिक विकासका विभिन्न अवस्था बुझ्नलाई बालमनोविज्ञानले सहयोग गर्दछ। बालकथामा बाल पात्रको उपस्थिति प्रत्यक्ष तथा परोक्ष रूपमा रहेको हुनसक्छ। बालपात्रको जीवनलाई बुझ्नका निम्ति बालमनोविज्ञानको आवश्यकता पर्दछ। भीम प्रधानले *बाल कोसेली* सङ्ग्रहभित्रको 'मेरी लाटी साथी' कथामा बालमनोविज्ञानलाई यसरी प्रस्तुत गरेका छन्। उदाहरण-

*अरू साथीहरूले मलाई 'लाटीको साथी' भनेर गिज्याउँदा रीस उठ्दैन। तर मेरी साथीलाई 'एई लाटी' मात्र भनी दिए, 'उ लाटी भए पनि तिमीहरूको के खाइदिएको छ? भनी बाझ्छु।*[२२]

यहाँ 'म' पात्रको मनमा एकजना भिन्न क्षमता भएको साथीप्रति माया छ। समाजमा मानिसहरूले आफ्नो साथीलाई लाटी भनेर बोलाउँदा 'म' पात्रलाई रीस उठ्छ। 'म' पात्रले लाटा अथवा भिन्न क्षमताका नानीहरूलाई होच्याउनु, हेप्नु तथा नराम्रो शब्दले जिस्क्याउनु हुँदैन भन्ने संस्कार घरबाट पाएको छ र साथीलाई कसैले जिस्क्यायो भने उसले त्यसको विरोध गर्छ। भीम प्रधानकै अर्को कथा 'मैले बुझें' मा स्कुलको साथीको सङ्गतले बालबालिकाको मनोविज्ञानमा पारेको प्रभावलाई यसरी देखाइएको छ-

*बाबा तपाईं र राजेशको बाबा एउटै अफिसमा काम गर्नु हुन्छ। उसको आमा-बाबाले उसलाई राम्रा-राम्रा खेलौना र चीजबीजहरू किनिदिनु हुन्छ। टिफिन बक्समा पनि मीठा-मीठा खाने कुराहरू हालिदिनु हुन्छ। रुपियाँ पैसा पनि दिनु हुन्छ। ...अन्त, तपाईंहरूले चाहिँ मलाई किन घुमाउनु नलैजानु भएको? तपाईंले यत्रो धेरै रुपियाँहरू तलबमा पाउनुहुन्छ त।*[२३]

---

[२२]प्रधान, 'बाल कोसेली' पूर्ववत्, पृ.६०

[२३]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.५८

परिवारको आर्थिक स्थितिले नानीहरूमा पारेको प्रभावलाई यहाँ स्पष्ट देखाइएको छ। बालबालिकाहरू आफ्नो साथीले जे गर्‍यो आफु पनि त्यो गर्न मन पराउँछन्। बालबालिका स्वच्छ हृदयका हुन्छन्। कथामा राजेसको बाबा र 'म' पात्रको बाबा एउटै अफिसका कर्मचारी हुनाले 'म' पात्रलाई दुवैजनाको काम एउटै लाग्छ र बाबाले उसलाई राजेसको जस्तो खेलौना नकिनिदिएकोमा ऊ दुःखी हुन्छ। तर कथाको अन्तमा बाबाले उसलाई आफ्नो र राजेसको बाबाको कामको श्रेणी बुझाउँदा उसले आफ्नो घरको आर्थिक स्थिति राजेसको झैं राम्रो नभएको बुझ्छ र आफ्ना इच्छाहरू सबै मनभित्र दबाएर राख्छ।

**(ग) धार्मिक**

धार्मिक अनुष्ठान, भजन कीर्तन, प्रार्थना, व्रत, स्तुति, आरती आदि धार्मिक आस्था र विश्वाससँग सम्बन्धित विषयलाई लिएर लेखिएका कथाहरू धार्मिक प्रवृत्तिअन्तर्गत पर्दछन्। नेपाली समाज हिन्दू, बौद्ध र इसाई धर्मका मानिसहरूद्वारा निर्मित छ। प्रत्येक धार्मिक सम्प्रदायका आफ्ना आफ्नै आस्था र विश्वास हुन्छन्। नेपाली समाजमा यी तिनै सम्प्रदायका आस्थासँग सम्बन्धित लोककथाहरू पाइन्छन्। भारतीय नेपाली बालकथामा धार्मिक प्रवृत्तिका कथाहरू थोरै भए पनि लेखिएका छन्। एडोन रोंगोंग, शङ्करदेव ढकाल, स्नेहलता राई, भीम प्रधान आदिका कथाहरू भगवान्लाई गरिने प्रार्थना र विश्वासलाई लिएर सिर्जना गरिएको पाइन्छ। स्नेहलता राई आफ्नो कथा 'नयाँ साल र तिम्रो सोच' मा ईश्वरीय शक्तिलाई यसरी वर्णन गर्छिन्-

> *नानी हो! ईश्वरले नै संसार सृष्टि गरेका हुन्। हाम्रो मानव चोला पनि ईश्वरकै वरदान हो र यो मानव संसारका सम्पूर्ण प्राणीमध्ये श्रेष्ठ हो।*[२४]

[२४]स्नेहलता राई, सन् २००९, *स्नेहोद्‌गार,* दार्जिलिङः गामा प्रकाशन, पृ.४८

ईश्वरको शक्ति अपरम्पार छ। संसारदेखि लिएर सम्पूर्ण मानवलाई पनि ईश्वरले नै सृष्टि गरेका हुन् र यीमध्ये मानिस सर्वश्रेष्ठ भएको कारण हामीले मानवतालाई बँचाइ राख्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको पाइन्छ।

शङ्करदेव ढकालको 'केदीका वरदान' कथा पनि धार्मिक आस्थासँग सम्बन्धित छ। यस कथामा कथाकारले ईश्वरलाई सबैभन्दा श्रेष्ठ र उनलाई तपस्याले प्राप्त गर्न सकिन्छ भन्ने विश्वास गरेका छन्-

*यसरी ध्यान गरेको तीन दिन बितेपछि भगवान स्वयम् प्रकट हुनुभयो। उहाँलाई मानिसको रूपमा देखेर चौबीसेलाई त्यति विश्वास लागेन। यद्यपि भगवानले- नानी हो के माग्छौ माग, एक चीज माग। जे चाइन्छ त्यही ल्याइन्छ।*[२५]

अर्थात्, तिन दिनसम्मको तपस्याले भगवान्लाई आफ्नै आँखाअघि देख्नु तपस्याको फल हो। सत्य र द्वापर युगमा मानिसहरूले भगवान्को प्रत्यक्ष दर्शन पाउँथे भन्ने विश्वास आजसम्म पनि हाम्रो समाजमा बाँचिरहेको छ। यही लोकविश्वास प्रस्तुत कथामा अभिव्यक्त भएको पाइन्छ।

प्रत्येक धार्मिक सम्प्रदायका आफ्ना आफ्ना आराध्य देवता हुन्छन्। एडोन रोंगोगले आफ्नो कथा सङ्ग्रह *मायाका फूलहरू*मा इसाई धर्मको आस्था र विश्वासलाई लिएर 'मूर्ख राजा र दूधको कुवा' मा प्रेम, मानवता र करूणाले भगवान्लाई खुसी पार्न सकिन्छ भन्ने विश्वासलाई खुबै सुन्दर ढङ्गमा प्रस्तुत गरेका छन्। कथांश यस प्रकारले छ-

*ठीक त्यसै बेला आकासबाट अनौठो आवाज आयो- 'इस्तिफा! अझ पनि तेरा आँखा खोल्! तँ कति मूर्ख छस्! तेरा परमेश्वर मानिसलाई दुख दिएर खुसी हुनुहुन्न।*

[२५]शङ्करदेव ढकाल, सन् २०१३, *बाल सुधा सागर*, गान्तोक : जनपक्ष प्रकाशन, पृ.२३

*करूणा, प्रेम र भक्तिले मात्र परमेश्वर खुसी हुनुहुन्छ। तैंले तेरा प्रजालाई सताएर दूधले कुवा भर्न खोजिस्; तेरो यो काम परमेश्वरका सामु मूर्खतापूर्ण छ। तेरा छेउमा बाँधिएकी बूढीबाट केही ज्ञान हासिल गर्।*[२६]

यहाँ मानिसले मानिसप्रति राम्रो व्यवहार गर्नुपर्दछ साथै मानिसहरूलाई खुसी बनाएर, उनीहरूको मन जित्न सके नै त्यो ठुलो धर्म हुन्छ भन्ने धार्मिक मान्यता र विश्वासलाई देखाएको पाइन्छ।

**(घ) ऐतिहासिक**

इतिहाससँग सम्बन्धित बालकथालाई ऐतिहासिक प्रवृत्तिमा लेखिएका बालकथा भनिन्छ। इतिहास सत्य घटनामा आधारित हुन्छ। विगतमा घटेका सत्य तथ्यलाई आधार मानेर त्यस घटनाको यथातथ्य वर्णन गरी ऐतिहासिक मूल्य र मान्यतालाई प्रकाश पार्ने काम बालकथाकारले आफ्ना रचनाहरूमा गर्दै आएका छन्।

इतिहासमा घटेका घटना अथवा ऐतिहासिक महापुरुष साहित्यकार भगवान् बुद्ध, गान्धी, भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, इन्द्रबहादुर राई आदिसित सम्बन्धित बालकथाहरूलाई ऐतिहासिक प्रवृत्तिका बालकथा भनिन्छ। मुन्नी सापकोटा, शङ्करदेव ढकाल आदि कथाकारले यस प्रवृत्तिमा केही बालकथाहरू लेखेका छन्। मुन्नी सापकोटाको *जूनकीरी* सङ्ग्रहभित्रको 'पप्पु क्लबको भानु जयन्ती' कथामा नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको नाममा प्रत्येक वर्ष १३ जुलाईको दिन पालन गरिने भानु जयन्तीलाई लिएर कथा लेखेकी छन्। उदाहरण,

[२६]एडोन रोंगोंग, सन् २००६, *मायाका फूलहरू*, सिलगढी : एकता बुक्स हाउस, पृ.५०

*प्रत्येक वर्ष भानु जयन्ती मनाएर पनि तिमीहरूलाई याद रहन्न र नाचगान भनिरहन्छौ। तिनीहरूमाझ बस्ने अर्को एकजना भाइ भन्छ- के को चिन्ता गरेको, यसपालि हामी नानीहरूले नै मनाऔँ भानु जयन्ती।*[२७]

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यले नेपाली भाषामा *रामायण* (सन् १८४१) को अनुवाद गरी सम्पूर्ण नेपाली समाजलाई एक सूत्रमा बाँध्ने काम गरेका थिए। कवि भानुभक्त आजसम्म नेपाली समाजमा लोकप्रिय साथै अमर रहेका कवि हुन्। नेपाली समाजले भानुभक्त आचार्यको सम्मानस्वरूप प्रत्येक वर्ष १३ जुलाईको दिन उनको जन्म दिवसलाई पर्वका रूपमा मनाउँदै आएको छ। यस कथामा पनि बालबालिकाहरू आफै सचेत भई नेपाली साहित्यमा कवि भानुको अमूल्य योगदानलाई बुझेर उनको जन्म जयन्ती मनाएको प्रसङ्ग उल्लिखित छ।

शङ्करदेव ढकालको *बाल सुधा सागर*-भित्रको 'गढीकी देवी' कथा सिक्किमको ऐतिहासिक घटनामा लेखिएको छ। सिक्किममा सन् १६४२ देखि मई १९७५ सम्म नामग्याल वंशको राजशासन थियो। सिक्किमका तेस्रो राजा छाग्दोर नाम्ग्यालको समयमा आफ्नै सौतेनी दिदी पेन्दी ओङमूले मावलीको सहयोगद्वारा रापदेन्चीमा आक्रमण गरी छाग्दोर नाम्ग्यालबाट राजगद्दी आफ्नो हातमा लिएको इतिहासले बताउँछ। यसका साथै सिक्किमलाई भूटानले पनि आक्रमण गरेको थियो भन्ने इतिहास पाइन्छ। शङ्करदेव ढकालको 'गढीकी देवी' कथामा पनि सिक्किमका यी विभिन्न घटनाहरूलाई विषयवस्तु बनाएर लेखिएको छ। कथामा पाइने ऐतिहासिक प्रसङ्ग यस्तो छ-

*सिक्किमको तेस्रो राजा छाक्दोर नाम्गेलकी सौतेनी दिदी राजकुमारी पेन्दी ओङमु थिइन्। राजकुमार छागदोर नाम्गेललाई कान्छिपट्टिको छोरा भनी राजकुमारलाई दिनुपर्ने सत्कार पनि दिन्न थिइन्। जब उनका पिता तेन्सुङ नाम्गेलको देहान्त भयो तब उनी*

---

[२७]मुन्नी सापकोटा, सन् २०१२, *जूनकीरी*, गुवाहाटी : कवुकवु प्रकाशन, पृ.६१

*सिक्किमको सिंहसानमा बस्न आफ्ना मावली भुटानका महाराजासँग गुहार माग्न गइन्। त्यसबेलाका भुटान नरेशले आफ्नी भाञ्जीलाई राजगद्दी दिनका लागि ठूलो सैन्यबल पठाई रापदेन्ची दरवारमा हमला गरिएको थियो। सिक्किमको पुरानो सिमाना बाखाकोटदेखि जित्दै ल्याएर भुटानले पूर्व सिक्किमको पाण्डममा किल्ला स्थापित गऱ्यो।*[२८]

सिक्किममा ३३३ वर्षसम्म नाम्ग्याल वंशको राजशासन चल्यो। यस समयावधिभित्र सिक्किममा तेह्रजना राजाहरू भए। राजशासनमा राज्यको उत्तराधिकारी जेठा राजकुमार हुने परम्परा भएकाले राजाको विरूद्ध उनका आफ्ना वंशभित्रैबाट शासन विरूद्ध षडयन्त्र हुने गर्दथ्यो। उपर्युक्त उदाहरणमा पनि सिक्किम एउटा सार्वभौमिक देश भएको समयमा गरिएको सिक्किममाथि षडयन्त्र र आक्रमण कथाका रूपमा प्रस्तुत गरिएको पाइन्छ। बालबालिकाले आफ्नो इतिहाससम्बन्धी यस्ता घटनाक्रमहरू बालकथामार्फत जान्न नितान्त आवश्यक छ।

**(ङ) स्वास्थ्यसम्बन्धी**

स्वास्थ्य र सरसफाइमाथि आधारित बालकथालाई स्वास्थ्यसम्बन्धी लेखिएका बालकथा भनिन्छ। मानिस शारीरिक, मानसिक अनि सामाजिक तिन स्तरमा स्वस्थ हुनु आवश्यक हुन्छ। स्वास्थ्यको निम्ति मानिसले आफु बसेको परिवेश स्वच्छ राखु पर्दछ। स्वस्थ रहनाले मानिसको विचार पनि शुद्ध हुन्छ र उसको आयु पनि लामो हुन्छ। स्वस्थ मानिसले राष्ट्रको सेवा हरेक दृष्टिले गर्नसक्छ। शारीरिक व्यायाम, खेलकुद, स्वस्थ खाना, स्वस्थ हावा साथै स्वस्थ परिवेश आदिले मानिसलाई स्वस्थ बनाउँछ। बालबालिकालाई सानै छँदादेखि स्वास्थ्यसम्बन्धी जानकारी दिन आवश्यक छ। यसको निम्ति बालकथा एउटा उपयुक्त र सशक्त माध्यम हो। रोगसँग सम्बन्धित विषयलाई लिएर लेखिएका बालकथाहरूमा मुन्नी सापकोटाको *जूनकीरी* भित्रको 'परिवेश' कथामा अम्बिकाको मृत्यु

---

[२८]शङ्करदेव ढकाल, 'बाल सुधा सागर' पूर्ववत्, पृ.१८

हुनाको कारण उसको घरको फोहोर परिवेशलाई देखाइएको छ। अम्बिकाको माध्यमबाट बालबालिकालाई स्वस्थ बस्नका लागि आफ्नो परिवेश सफा राख्नुपर्छ भन्ने शिक्षा यसरी दिइएको छ-

*दूषित परिवेश बीमारको मूल हो। त्यसैले आफु बस्ने परिवेश शुद्ध राख्नुपर्छ।*[२९]

अचेल नानीहरू हरियो सागपात र फलफुलभन्दा बजारमा धेरै मात्रामा पाइने विभिन्न प्रकारका तयारी खानेकुरा अर्थात् फास्ट फुड जस्तै, वाइवाइ, म्यागी, बर्गर, पिज्जा तथा चिप्स खान मन पराउँछन्। यसले उनीहरूको स्वास्थ्यमा धेरै नराम्रो प्रभाव पार्छ। यस्ता तयारी खानाले उनीहरूको शरीरमा भिटामिन, प्रोटिनको कमी रहन्छ र बालबालिका अस्वस्थ हुन सक्छन्।

स्वस्थ बस्नका निम्ति मानिस कहिलेकाहीँ प्राकृतिक मन तातो पानीमा बस्ने गर्दछ। यस्तो पानीले मानिसको छालासम्बन्धी बिमारको उपचार हुन्छ। यो एक प्रकारको प्राकृतिक उपचार हो। यस उपचारमा लोकविश्वास र वैज्ञानिक कारण दुवै पाइन्छ। स्नेहलता राईले 'आमा भनेको आमा नै हो' कथामा यसको वर्णन यसरी गरेकी छन्-

*माया आफु साह्रै खिनौटे शरीरको, जहिले पनि ख्वाक्क-ख्वाक्क गरी खोकिरहने। हात-खुट्टा पनि सुकिसकेका। खानेकुरा पनि खानु नमान्ने। आमाले साह्रै सुर्ता मानेर उसलाई बाबासँग तातोपानीमा बिमार जाती बनाउन पठाउने निर्णय लिएकी थिइन्। वैज्ञानिक कारण पत्तो नलागे पनि त्यहाँ गएर धेरै बिमारीहरूले स्वास्थ्य लाभ गरेको प्रचार थियो।*[३०]

---

[२९]सापकोटा, 'जूनकीरी', पूर्ववत्, पृ.५२
[३०]राई, 'स्नेहोद्गार', पूर्ववत्, पृ.२

प्रस्तुत उद्धरणमा राईले तातो पानीमा बस्नाले छालाको रोग निको हुने प्रसङ्गलाई सिक्किमको लेकसेपमा अवस्थित तातोपानीको मूल स्रोतलाई पृष्ठभूमिमा राखेकी छन्।

**(च) प्रकृति प्रेम**

रूखपात, किराफटयाङ्ग्रा, हावा, पानी, घाम, जुन, तारा, आकास, पहाड, नदी, पशुप्राणी, पृथ्वीजस्ता विषयमा लेखिएका बालकथा प्रकृति प्रेमसम्बन्धी लेखिएका बालकथा हुन्। भारतीय नेपाली बालकथामा प्रकृतिलाई काल्पनिक र यथार्थपरक गरी दुईवटा अर्थमा प्रयोग गरिएको पाइन्छ। रूखपात, नदी, जुन, पशुप्राणी आदिलाई पात्रका रूपमा प्रयोग गरी प्रकृतिलाई मानवीकरण गरेर लेखिएका बालकथा काल्पनिकताअन्तर्गत पर्दछन् भने प्रकृतिको यथार्थ वर्णन गरेर लेखिएका बालकथा यथार्थपरकअन्तर्गत पर्दछन्।

भारतीय नेपाली बालसाहित्यमा प्रकृतिका विविध रूपलाई लिएर लेखिएका बालकथा छन्। प्रकृतिपरक बालकथाको सुन्दर उदाहरण भीम प्रधानको *बाल कोसेली* कथासङ्ग्रहभित्रको 'हामी जस्तै बिरुवाहरू'-मा पाइन्छ। उनी लेख्छन्-

*त्यसो भनेर कहाँ हुन्छ र! हामीले रोपेका ती बिरुवाहरूलाई हाम्रा आमा-बाबाले हामीलाई स्याहार गरे जस्तै गरेर हामीले पनि स्याहार्नु पर्छ। पानी, मल र स्याहार नपाए तिनीहरू मर्न पनि सक्छन्। गाई बाख्राहरूले खाइदिनु पनि सक्छन्। यसैले हामी यस्तै छुट्टीका दिनहरूमा त्यहाँ गई हामीले रोपेका बिरुवाहरूको सुरक्षाको निम्ति बारहरू बनाउने र स्याहार्ने कामहरू गरौँ।*[३१]

प्रकृतिलाई स्वच्छ, स्वस्थ र सन्तुलित राख्नका लागि वृक्ष रोप्नु आवश्यक छ। मानिसले आफ्नो जीवनोपयोगी सबै वस्तुहरू प्रकृतिद्वारा नै प्राप्त गर्दछन्। प्रकृतिको संरक्षण गर्नु मानिसको प्रथम कर्तव्य हो। पृथ्वीमा बोटबिरूवा रोपेर रूखपात नकाटेर, नदीमा बाँधको

[३१]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.३७

निर्माण नगरेर प्रकृतिको संरक्षण गरे मानिसको आफ्नो भविष्य सुरक्षित हुन्छ भन्ने ज्ञान सञ्चार गर्नु यस कथाको प्रमुख उद्देश्य देखिन्छ। बिरूवाहरू रोपेर मात्र हुँदैन तर यसलाई स्याहार गर्नु, समय समयमा मलजल हाल्नु, वन्य जन्तु वा घरेलु पशु प्राणी गाई बाख्राबाट ती बिरूवालाई जोगाउनुप्रति पनि मानिस सचेत हुनुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ। भारतीय नेपाली बालकथाका सर्जकहरूले प्रकृतिका विविध पक्षलाई लिएर यथेष्ट बालकथा लेखेका छन्। प्रकृतिलाई मानवीकरण गरी लेखिएका बालकथाहरूले बालबालिकालाई मनोरञ्जन दिनाका साथै यसबारे शिक्षा पनि दिएको पाइन्छ। स्नेहलता राईको कागलाई मानवीकरण गरी लेखिएको कथा 'काग र पर्यावरण'-बाट एउटा उदाहरण लिन सकिन्छ-

*मलाई यति धेरै हेला नगर सीता! म पनि पर्यावरणको निमित्त अति उपयोगी पक्षी हूँ। हेर त, वरिपरिका कुहेका फोहोर चीजहरू सबै म खाइदिन्छु। मरेका प्राणीका सिनोहरू पनि खाएर वातावरणको दुर्गन्धलाई हटाइदिन्छु। कृषकहरूका अन्नबाली नष्ट गर्ने कीरा-फटेङ्ग्रा खाई अन्नबालीको सधैं म रक्षा गरिदिन्छु।*[३२]

प्रस्तुत कथामा एउटा चराले हाम्रो प्रकृति प्रदूषित हुनबाट जोगाएको कुरा देखाएको छ। कथामा कागलाई मानवीकरण गरी एकातर्फ पशुप्राणी, चरा आदिलाई मार्नु हुँदैन, पशुपंक्षीको पनि प्रकृतिमा बाँच्ने त्यति नै अधिकार छ जतिको मानिसको छ। मानिसले चराबाट पाठ सिकेर प्रकृतिको रक्षा गर्नुपर्छ भन्ने शिक्षा यस कथाले दिएको छ।

### (छ) सांस्कृतिक चेतना

संस्कृतिको अर्थ संस्कार वा परिष्कार हो। मानिस सामाजिक प्राणी भएकाले उसले समाजमा विभिन्न संस्कारहरूको विकास गर्दै जान्छ। मानिसद्वारा विकसित तिनै विविध संस्कारहरू समन्वय भएर एउटा सिङ्गो संस्कृतिको निर्माण हुँदछ। *प्रयोगात्मक नेपाली*

---

[३२]राई, 'स्नेहोद्गार', पूर्ववत्, पृ.३२

*शब्दकोश* (वि सं २०७०) ले संस्कृतिलाई कुनै देश वा जातिको कला, साहित्य, सङ्गीत, आचार व्यवहार तथा बौद्धिकता र त्यसलाई मौलिक पहिचान दिन सक्ने विशेषता[३३] भन्ने अर्थ दिइएको छ। यस आधारमा संस्कृति भनेको परम्परागत रूपमा प्रचलित रीतिथिति, आचारविचार, शकुन-अपशकुन, व्रत, प्रथा, विश्वास, सामाजिक तथा धार्मिक कुराहरू भन्ने बुझिन्छ। संस्कृति मानिसको चिह्नारी हो। यसले मानवीय सभ्यतासँग गहिरो सम्बन्ध स्थापित गरेको छ। संस्कार वा संस्कृतिका यिनै विविध पक्षलाई समेटेर लेखिएका बालकथालाई सांस्कृतिक चेतना भएको बालकथा भनिन्छ। सांस्कृतिक चेतनायुक्त बालकथाले चित्रकला, मूर्तिकला, गायन, नृत्य, वाद्यवादनजस्ता कलात्मक विधा समेतलाई समेटेको पाइन्छ, जसले बालबालिकालाई संस्कृति र कलाबारे जानकारी गराउँदछ। आफ्नो कला, धर्म, गायन, नृत्य आदिको संरक्षण गर्नुलाई सांस्कृतिक चेतना भनिन्छ।

भारतीय नेपाली बालकथाले विभिन्न चाडपर्व जस्तै, दसैं, तिहार, तीज, साउने सग्राँती, माघे सग्राँती, संस्कार, आदि विषयको उठान गरेको पाइन्छ। संस्कृतिप्रतिको माया जगाउने भीम प्रधानका बालकथाहरूमा उनको 'भैलो खेल्ने दिन' कथाबाट लिइएको कथांशलाई यहाँ उद्धृत गरेर हेर्न सकिन्छ-

*अस्ति काग तिहार, हिज कुकुर तिहार र आज गाई तिहार लक्ष्मी पूजाको दिन। हामी पाँचजना साथीहरू मिलेर आज भैलो खेल्ने निधो गरेर नाच-गान र भैलोको गीतको अभ्यास गरेका थियौं।*[३४]

यहाँ नेपाली जातिको महान पर्व तिहारको वर्णन गरिएको छ। काग तिहारबाट सुरु भएर भाइटीकासम्मको पाँच दिनलाई तिहार भनिन्छ। काग तिहारको दिन घरमा मिठा मिठा भोजन तयार गरी पहिला कागलाई दिइन्छ। अर्को दिन कुकुर तिहार मनाइन्छ। यस

[३३]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा), वि सं २०७०, *प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाडौं: विद्यार्थी प्रकाशन प्रा. लि., पृ.१४३९

[३४]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.३२

दिन कुकुरलाई माला लगाई पुजा गरी मिठो मिठो खानेकुरा दिने गरिन्छ। यहाँ काग, कुकुरको पुजा गर्नाले बालबालिकामा पशु-पक्षीप्रति दया र मायाको भाव जागृत हुन्छ भन्ने कुरा सिकाइएको छ। तिहारको तेस्रो दिन गाईको पुजा गरिन्छ, यस दिनलाई लक्ष्मी पुजाको नामले जानिन्छ। यसै दिन साँझ धनकी देवी लक्ष्मीको पुजा गरिन्छ र छोरी नानीहरू गाउँघरमा भैलो खेल्न आउँछन्। यही शीर्षकमा लेखिएको कथा 'भैलो खेल्ने दिन' कथाले तिहारको विशेष महत्त्वलाई चित्रण गरेको छ।

नेपाली समाजमा दसैंको आफ्नै विशेषता र महत्त्व छ। यसलाई आफन्तहरू, साथीभाइसित मिलन गराउने चाड पनि भनिन्छ। धेरै समयदेखि भेटघाट नभएका आफन्तहरू दसैंमा भेट्न आउँछन् र मान्यजनबाट टिका लगाई आशीर्वाद लिने गर्दछन्। यस परम्परालाई नेपाली संस्कृति भनिन्छ। यही संस्कृतिमाथि लेखिएको भीम प्रधानको 'बाजे नातीको गफ' कथाले सांस्कृतिक चेतनाको वर्णन यसरी गरेको छ-

*नानी, दशैं हाम्रो सांस्कृतिक चाड हो। यस्ता चाडहरूले हाम्रो परम्परा र जातीयताको पहिचान दिन्छ। दशैंको अवसरमा वर्षभरि टाडा टाडा रहेका आफन्तहरू आफ्नाजनलाई भेट्न अनि ठूला बडाहरूका हातबाट टीकाको रूपमा आशीर्वाद थाप्न आउने हुनाले दशैंमा टीका लगाइदिनेको र आशीर्वाद थाप्ने कुरोको ठूलो महत्त्व छ।*[३५]

दसैंले बालबालिकालाई प्रेम, अस्तित्त्व, आदार, सत्कार र संस्कारको पाठ सिकाउँछ भन्ने जानकारी उक्त कथनबाट स्पष्ट हुन्छ।

**(ज) विज्ञानपरक**

विश्वमा भएको खोज तथा आविष्कारको विषयलाई आधार गरी लेखिएको बालकथालाई विज्ञानपरक बालकथा भनिन्छ। विज्ञानपरक बालकथा सत्य तथ्यमा आधारित हुन्छ।

[३५]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.६१

विज्ञानलाई *प्रयोगात्मक नेपाली शब्दकोश-मा* कुनै विषयको अवलोकन र परीक्षणबाट प्राप्त हुने ज्ञान, प्रकृतिमा रहेका विभिन्न वस्तु र विषयको प्रयोगका आधारमा प्रतिपादन गरिएको सिद्धान्त वा शास्त्र, वैज्ञानिक आधारमा गरिएको जुनसुकै अध्ययन भन्ने अर्थ दिइएको छ।[३६] यसको तात्पर्य प्रकृतिमा रहेका वस्तुहरूको प्रयोग तथा परीक्षण गरी प्राप्त भएको ज्ञान नै विज्ञान हो भनी बुझ्न सकिन्छ। यस्ता रचनाले बालबालिकालाई विज्ञानसम्बन्धी शिक्षा दिने गर्दछ। विज्ञानले बालबालिकाको बौद्धिक विकासमा वृद्धि हुन्छ। विज्ञानसम्बन्धी लेखिएका बालकथाले संसारमा भएका विभिन्न खोज र आविष्कारबारे जानकारी गराउँछ। स्नेहलता राईको *स्नेहोद्गार* कथा सङ्ग्रहको 'टेलिस्कोप' कथा विज्ञानमा आधारित छ। यस कथामा राईले टेलिस्कोपको आविष्कारले मानव समाजलाई अघि बढ्न सजिलो भएको कुरा यसरी वर्णन गरेकी छन्-

*कैयौं सय वर्ष अघि मानिसहरूले आकासमा भएका ग्रह, तारा, चन्द्रमालाई नाङ्गो आँखाले हेरेर अडकलको रूपमा धारणा लिने गर्थे। यहाँसम्म कि खगोलविद्हरूले पनि नाङ्गो आँखाले नै अध्ययन गर्थे। तर नाङ्गो आँखाले आकासमा हेर्दा झण्डै ३ हजार ताराहरू, चन्द्रमा, सूर्य र केही ग्रहहरू मात्र देखिन्थे। तर जब टेलिस्कोपको आविष्कार भयो तब यसको सहायताले हेर्दा आकासमा एक लाखभन्दा धेरै ताराहरू देख्छन्। यसकारण यही टेलिस्कोपको पूर्ण सहयोगमा वैज्ञानिकहरूले खगोलका रहस्यमय र थुप्रै रहस्यहरू पत्ता लगाइसकेका छन्। खगोल विज्ञानका इतिहासमा टेलिस्कोपको आविष्कार एउटा महान् उपलब्धि हो। सन् १६०९ को दिसम्बर महिनामा ग्यालिलियोले प्रथमपल्ट टेलिस्कोप आविष्कार गरेका थिए। उनले आविष्कार गरेका टेलिस्कोपले टाढाका वस्तुलाई २० गुणासम्म ठूलो बनाई देखाउन सक्तछ।*[३७]

---

[३६]अधिकारी र भट्टराई (सम्पा), 'प्रयोगात्मक नेपाली शब्दकोश', पूर्ववत्, पृ.१२९९

[३७]राई, 'स्नेहोद्गार', पूर्ववत्, पृ.१५

विज्ञानको क्षेत्रमा टेलिस्कोपको आविष्कार हुनु एउटा महत्त्वपूर्ण घटना मानिन्छ। टेलिस्कोपको आविष्कारले मानिसलाई सौरमण्डल हेर्न र यसबारे अध्ययन गर्न सजिलो भएको कुरा माथिको उदाहरणमा प्रस्तुत छ।

**(झ) आञ्चलिकता**

कुनै विशेष क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रविशेषको परिवेशलाई लिएर लेखिएको बालकथालाई आञ्चलिक प्रवृत्तिमा लेखिएको बालकथा भनिन्छ। आञ्चलिक बालकथाले बालबालिकालाई एउटा निश्चित ठाउँको सामाजिक, सांस्कृतिक, प्राकृतिक आदि विषयमा जानकारी दिँदछ। आञ्चलिक बालकथाले विशेष समाजको परिचय गराउँदछ। शङ्करदेव ढकाल र स्नेहलता राईका केही कथामा आञ्चलिक प्रवृत्तिको प्रयोग भएको पाइन्छ। शङ्करदेव ढकाल आफ्नो कथा 'केदीका वरदान' मा पूर्व सिक्किम आसाम लिङ्जेको वर्णन गर्दै लेख्छन्-

*पूर्व सिक्किमको आसाम लिङ्जे गाउँको पर गौचर भन्ने जग्गा छ। त्यस ठाउँदेखि उँभो घना जङ्गल मात्र देखिन्छ। जङ्गलका तल-तल पानीको पौल भएको हुनाले आसाम लिङ्जेमा टारी खेतमा विभिन्न प्रकारका धानहरूको उप्जनी हुन्छ। लेकतिर दर्माली, ताप्रे धान हुन्छन्। बीच खेतहरूमा अट्टे, तुलसी, मनसरो धान रोपिन्छ। बेंसीमा कृष्णभोग र चम्पासरी धान लट्टिन्छन्। जङ्गलको तल्लो भागमा अलैंचीको खेती गरिन्छ जो चौंरी खर्कसम्म पाइन्छ।*[३८]

उपर्युक्त पङ्क्तिमा आसाम लिङ्जेको भौगोलिक स्थिति साथै त्यहाँको प्राकृतिक सुन्दरताको वर्णन खुबै रोचक ढङ्गमा गरिएको छ। आसाम लिङ्जेमा धेरै खेत भएको कारणले मानिसहरूले विभिन्न प्रकारका धान उब्जाउने गरेको ग्रामीण परिवेशको चित्रण रहेको

[३८]राई, 'स्नेहोद्गार', पूर्ववत्, पृ.१

पाइन्छ। अलैंचीको उब्जनी गरी मानिसहरूले जीवनयापन गरिरहेको कुरालाई पनि उपर्युक्त उदाहरणमा प्रस्तुत गरिएको छ।

**(ज) शिक्षाप्रद**

शिक्षा भनेको ज्ञान हो। केही कुरा देखेर, सुनेर, पढेर, अनुभव गरेर मानिसले शिक्षा आर्जन गर्दछन्। औपचारिक र व्यावहारिक गरी मानिसले दुई प्रकारले शिक्षा आर्जन गर्दछन्। मानिसको जीवनमा शिक्षा आर्जन गर्ने कुनै निश्चित उमेर हुँदैन। शिक्षा त्यो ज्योति हो जसले मानिसलाई अज्ञानताबाट ज्ञानको दिशातर्फ लैजान्छ। मानिसले गीत, चित्र, पशुप्राणी, रूखपात, दिन-रात साथै प्रकृतिका हरेक कुराबाट शिक्षा लिइरहेका हुन्छन्।

शिक्षा दिने बालकथाले बालबालिकालाई सामाजिक, नैतिक, पर्यावरण, स्वास्थ्य, समयको महत्त्व आदिबारे ज्ञान दिँदछ। बालकथाको प्रमुख उद्देश्य बालबालिकाहरूलाई मनोरञ्जन दिनु भए तापनि ज्ञानको सञ्चार गर्नु बालकथाको अर्को एउटा प्रमुख उद्देश्य हो। हरेक बालकथामा कुनै न कुनै शिक्षा अवश्यै रहेको हुन्छ। भारतीय नेपाली बालकथाको सन्दर्भमा शिक्षाप्रद बालकथाहरू नै धेरै मात्रामा लेखिएका छन्। *बाल कोसेली* सङ्ग्रहको 'कुकुर र बिरालोको मित्रता' वर्णित शिक्षा यस प्रकारले छ-

*हो साथी, लडाइँ झगडाले कसैलाई कुनै फाइदा हुँदैन रहेछ। प्रेम र मित्रताले दुखेको घाउहरू पनि जाती हुँदा रहेछन्। यसैले अब उसो आपस्तमा नमिलेका कुराहरू झगडा गरेर होइन, बातचित गरेर मिलाऔं। प्रेम र मित्रतामा बाचौं।*[३९]

यस उदाहरणमा मानिसले कहिल्यै पनि एकाअर्कामा झगडा गर्नु हुँदैन, सानो ठुलोमा भेदभाव गर्नु हुँदैन, सबैलाई प्रेमले हेर्नुपर्छ भन्ने शिक्षा बालबालिकालाई दिइएको छ। धर्म,

---

[३९]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.३१

रङ्ग, जाति, भौगोलिक सीमा, राजनैतिक दल आदिमा विभाजन भए पनि अन्ततः संसारमा भएका सम्पूर्ण मानिसहरू एउटै हुन्। त्यसैले मानिस भएर एकाअर्कामा घृणा गर्नु हुँदैन। मानिस जति नै विवेकशील भए तापनि संसारमा साम, दाम, दण्ड र भेदको चपेटमा परिरहेकै छन्। यस कथामा पनि कुकुर र बिरालोजस्ता पशुको माध्यमद्वारा प्रधानले मानिसमा निहित दुर्व्यवहारबारे छर्लङ्ग पारेका छन्।

*स्नेहोद्गार* सङ्ग्रहभित्रको 'सुन्दर पुतली' कथामा पुतली र छिचिमिराका माध्यमद्वारा मानिसले सबै कुरा म मात्र गर्न सक्छु भन्ने भावना लिनु हुँदैन भन्ने शिक्षा पाइन्छ। मानिसले आफ्नो क्षमताअनुसार काम गर्नु पर्दछ। क्षमताभन्दा पर कसैले केही गर्न सक्तैन। तसर्थ छिचिमिराजस्तै माथि आकासमा गएर तल धर्तीको दृश्य हेर्छु भनेर उडयो भने त्यसको परिणाम राम्रो हुँदैन। उदाहरणार्थ,

*छिचिमिरा भएभरको बलले आकासतिर हानिएर उड्न लाग्यो। तर अफसोस्! उसको पखेटा थकित भयो र एउटा ठूलो हावाको झोंकामा ऊ भूइँमा पछारिनुपुग्यो। पखेटा पनि दुवै झरे।*[४०]

माथिको उदाहरणमा प्रकृतिका माध्यमबाट मानिसको व्यवहारलाई देखाइएको छ।

## २.६ निष्कर्ष

बालबालिकालाई लक्ष्य गरी लेखिएको सिर्जना बालसाहित्य हो। भारतीय नेपाली बालकथाको विकासका प्रमुख तिनवटा चरण देखिन्छन्। बालकथाको विकास धार्मिक, तथा नैतिक प्रवृत्तिका अनूदित बालकथाहरूबाट भएको देखिन्छ। यसको दोस्रो चरणमा लोककथा, रामायण, महाभारतका कथाहरूलाई विभिन्न रूपमा प्रस्तुत गर्दै बालबालिकालाई आदर्शवादी र नैतिकतावादी बन्ने शिक्षा दिँदै बालकथाको विकास भएको

[४०]राई, 'स्नेहोद्गार', पूर्ववत्, पृ.३०

तथा तेस्रो चरणमा आइपुगेपछि बालकथाहरू विभिन्न प्रवृत्तिमा लेखिएको पाइन्छ। यस चरणका बालकथाहरूमा बालबालिकाको रुचिलाई विशेष ध्यान दिई खेलकुद, स्वास्थ्य, विज्ञान, सामाजिक, स्वच्छन्दतावादी, प्रकृति चित्रण जस्ता वर्तमान विश्वसँग सम्बन्धित विषयहरूमा रचना गरिएको छ। तेस्रो चरणसम्म आइपुग्दा बालकथा लेखनलाई निरन्तरता दिने सर्जकको उपस्थिति न्यून नै देखिन्छ। यसमध्ये आञ्चलिक तथा विज्ञानपरक बालकथाको रचना अझ न्यून मात्रामा लेखिएको पाइन्छ। आजको सन्दर्भमा बालबालिकालाई विज्ञान कथाप्रति रुचि धेर भएको देखिन्छ यसप्रति बालकथाकारहरूको ध्यान जान नितान्त आवश्यक देखिन्छ।

# तेस्रो अध्याय

# भारतीय नेपाली बालसाहित्यमा प्रकृतिको महत्त्व

# तेस्रो अध्याय

## ३. भारतीय नेपाली बालसाहित्यमा प्रकृतिको महत्त्व

### ३.१ प्रकृतिको परिचय र परिभाषा

प्रकृतिको रूप व्यापक र सूक्ष्म छ। प्रकृति भन्नाले भौतिक संसार अथवा जगत् भन्ने बुझिन्छ। रूखपात, वनजङ्गल, पशुप्राणी, खोला, माटो, पक्षी, घाम, जुन आदि सबै प्रकृतिका अङ्ग हुन्, जसद्वारा प्रकृतिको स्वरूप निर्माण हुँदछ। मानिसद्वारा निर्मित वस्तुबाहेक यस जगत्मा जे जति थोक अस्तित्वमा विद्यमान छन् ती सबै प्रकृतिका तत्त्वहरू हुन्।

प्रकृतिमा भौतिक र अभौतिक दुवै प्रकारका गुण पाइन्छन्। प्रकृतिको भौतिक रूप गोचर छ भने पराभौतिक रूप अगोचरणीय छ। गोचर र अगोचर दुवै प्रकारका वस्तुहरू प्रकृतिका अङ्ग हुन्। तसर्थ, प्रकृतिमा विद्यमान यिनै गोचर र अगोचर वस्तुहरूले मानिसको अस्तित्व सुरक्षित राखेको छ।

'प्रकृति' तत्सम शब्द हो। अङ्ग्रेजीमा यसलाई 'नेचर' भनिन्छ। प्रकृति शब्दको व्युत्पत्ति 'कृ' धातुमा 'प्र' उपसर्ग र 'क्तिन्' प्रत्यय लागेर बनेको छ, जसको अर्थ जसद्वारा कार्य गरिन्छ त्यही नै प्रकृति हो भन्ने हुँदछ।[४१] *प्रयोगात्मक नेपाली शब्दकोश* (वि सं २०७०) अनुसार 'प्रकृति' शब्दको अर्थ प्राणी वनस्पति आदिका भित्री विशेषता, प्राकृतिक स्वभाव वा गुण, अनेक रूपात्मक जगत्को निर्माण तथा विकास गर्ने शक्ति हो।[४२] *बृहत् प्रामाणिक हिन्दी कोश* (सन् २०१४) ले प्रकृतिलाई वस्तु अथवा व्यक्तिको मूल गुण, स्वभाव वा मूल शक्ति हो जसले अनेक रूपात्मक जगत्को विकास गरेको छ, जो दृश्य

---

[४१]कुमारबहादुर जोशी, वि सं २०५८, *सिर्जना र विवेचना,* काठमाडौं : साझा प्रकाशन, पृ.५

[४२]अधिकारी र भट्टराई (सम्पा), 'प्रयोगात्मक नेपाली शब्दकोश', पूर्ववत्, पृ.९०६

रूपमा देखिन्छ[४३] भन्ने अर्थ दिएको छ। यस अर्थले प्रकृतिलाई व्यक्तिको गुण वा शक्तिसँग जोडेर हेरेको देखिन्छ। अङ्ग्रेजीको *एडभान्स लर्नर्स शब्दकोश* (सन् २०१०) मा 'प्रकृति' शब्दको अर्थ सम्पूर्ण वनस्पति, प्राणी र अन्य वस्तु जो विश्वब्रह्माण्डमा रहेको हुन्छ तर मानवनिर्मित हुँदैन[४४] भनिएको पाइन्छ।

प्रकृतिको चर्चा पूर्वीय र पाश्चात्य दुवै जगत्‌बाट हुँदै आएको छ। पूर्वमा वैदिक कालदेखि नै प्रकृतिका बारेमा चर्चा भएको पाइन्छ।[४५] प्रकृतिमा भएका सम्पूर्ण तत्त्वहरूको सन्तुलन होस् र सबैलाई शान्ति होस् भन्ने उद्देश्यले *शुक्ल यजुर्वेद*-मा द्यौ शान्ति, अन्तरिक्ष शान्ति, पृथ्वी शान्ति, राप शान्ति, रोषधय शान्ति, वनस्पतय शान्ति, विश्वादेवा शान्ति, ब्रह्म शान्ति, सर्वम् शान्ति शान्ति शान्ति[४६] जस्ता मन्त्रद्वारा प्रकृतिको उपासना गरिएको पाइन्छ। श्रीमद्भागवत् गीताको अध्याय ९ को श्लोक १० मा पनि प्रकृतिले सारा चराचर जगत् उत्पन्न गराउँछ र नै प्रकृति बिग्रिने र बनिने क्रम जारी रहन्छ भनिएको छ।[४७] पाश्चात्य जगत्‌मा प्रकृतिसम्बन्धी चर्चा गर्ने पहिलो व्यक्ति जिन ज्याक रुसो (सन् १७१२-१७७८) हुन्। रुसोका विचारमा प्रकृति स्वरूपमा मौलिक प्रवृत्तिहरू राम्रा छन्, तर मानिस कृत्रिमता एवम् विलासिताको चक्करमा परेर पथभ्रष्ट भइसकेका छन् र त्यो प्रकृत स्वरूपलाई उनीहरूले बिर्सिसकेका छन्। त्यसैले सामाजिक ढाँचा नै रोगाक्रान्त भएको छ। यो रुग्णावस्थाबाट बाँच्ने एउटै उपाय प्रकृतिको प्रकृत स्वरूप पर्वत, खर्क आदितिर फर्कनु हो।[४८] एरिस्टोटलले प्रकृतिलाई कला मान्दै कवि

---

[४३]आचार्य रामचंद्र वर्मा र अन्य (सम्पा), सन् २०१४, *बृहत् प्रामाणिक हिंदी कोश,* इलाहावाद : लोकभारती प्रकाशन, पृ.६०३

[४४]जन टर्नबुल, सन् २०१०, *एडभान्स लर्नर्स शब्दकोश,* न्यूवर्क : अक्सफर्ड युनिभर्सीटी प्रेस, पृ.१०१९

[४५]भैरव अर्याल, सन् १९७३, *नेपाली काव्यमा प्रकृति,* काठमाडौं : नेपाल प्राज्ञ प्रतिष्ठान पृ.(ख)

[४६]श्रीदौलतराम गौड वेदाचार्य (सम्पा), *बृहद् श्रीशुक्लयजुर्वेद संहिता,* श्लोक १७

[४७]मायाऽध्यक्षेण प्रकृतिः सूयते सचराचरम्।
हेतुनाऽनेन कौन्तेय जगद्विपरिवर्तते। अ-९। श्लो-१०।पृ.१२०

[४८]अर्याल, 'नेपाली काव्यमा', पूर्ववत्, पृ.१०

तथा कलाकारले प्रकृतिको अनुकरण गरेर कलाको सिर्जना गर्छ[४९] भनेका छन्। उनले आफ्नो अनुकरण सिद्धान्तको चर्चा गर्दा कलालाई प्रकृतिको अनुकरण मानेका छन्। एरिस्टोटलको यस अवधारणाबाट कला, साहित्य तथा सम्पूर्ण जीवन नै प्रकृतिको अनुकरण हो भन्ने बुझिन्छ।

नेपाली साहित्यका अध्येता मोदनाथ प्रश्रित भन्छन्- संसारका भौतिक पदार्थहरू मोटा आँखाले बाहिरबाट हेर्दा मात्र जड र निस्क्रिय देखिएका हुन्, परमाणु, कण र वि-कणको रूपमा हेर्दा सारा वस्तु गतिशील र परिवर्तनशील छन्।[५०] प्रश्रितले प्रकृतिलाई परिवर्तनशील र गतिशीलका रूपमा परिभाषित गरेका छन्।

प्रकृतिले विश्वब्रह्माण्डका सम्पूर्ण चराचर जगत्लाई समेट्दछ। विश्वका सम्पूर्ण जैविक तथा अजैविक तत्त्वले प्रकृति बनेको छ। साधारणतः 'प्रकृति' भन्नाले सम्पूर्ण जगत्लाई सञ्चालन गर्ने अदृश्य शक्ति भन्ने बुझिन्छ।

भारतीय दर्शनमा प्रकृतिको व्याख्या व्यापक रूपमा भएको पाइन्छ। 'साङ्ख्य दर्शन' मा प्रकृतिलाई पुरुषको आकर्षणबाट सृष्टिको विस्तार गर्ने मूल तत्त्व[५१] भनिएको छ। यसले प्रकृति र पुरुष एकै सत्ताका दुईवटा अङ्ग हुन् भन्ने मान्दछ। प्रकृतिलाई जड अनि पुरुषलाई चेतन भनिन्छ। यस परिभाषाबाट सृष्टिको सञ्चालनमा प्रकृति र पुरुषको समान महत्त्व रहेको स्पष्ट हुँदछ।

वेदान्त दर्शनमा प्रकृतिलाई मायाको रूपमा हेरिएको पाइन्छ।[५२]

---

[४९]वासुदेव त्रिपाठी, वि सं २०६५ *पाश्चात्य समालोचनाको सैद्धान्तिक परिचय भाग १* (छै सं), ललितपुर : साझा प्रकाशन, पृ.४४

[५०]मोदनाथ प्रश्रित, वि सं २०७१, *जीवाणुदेखि परमाणुसम्म* (सा सं), नेपाल :माइलस्टोन प्रकाशन, पृ.२७

[५१]डा रघुवंश, सन् १९५१, *प्रकृति और काव्य,* इलाहाबाद : साहित्य भवन लिमिटेड, पृ.३

[५२]जनक खन्ना, सन् १९९८, *तुलसी-काव्य में प्रकृति, भूगोल तथा खगोल,* दिल्ली : सूर्य भारती प्रकाशन, पृ.७

'प्रकृतवाद'-ले साहित्यमा मानिस र प्रकृतिको सम्बन्धलाई देखाउँछ। यसले मानिस ईश्वरको सृष्टि नभएर प्रकृतिकै अङ्ग हो र मानिसको प्रवृत्ति पनि प्रकृतिबाट नै निर्माण हुन्छ भन्ने मान्दछ।[५३] अचेल नेपाली साहित्यमा विभिन्न प्रकारका वाद वा सिद्धान्तहरूको विकास भइरहेका छन्। जसमध्ये 'परिवेश विमर्श' पनि एउटा हो। परिवेश विमर्शले पर्यावरण वा प्रकृतिलाई साहित्यसित जोडेर अध्ययन गर्दछ। साहित्यका माध्यमद्वारा प्रकृति र मानिसबिचको सम्बन्धबारे परिवेश विमर्शले अध्ययन गर्दछ।

नेपाली साहित्यका स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटाले 'कला र जीवन' निबन्धमा प्रकृतिसम्बन्धी आफ्नो धारणा यसरी प्रस्तुत गरेका छन्- प्रकृति चेतन छ, मानिसमा प्रकृतिको प्रभाव रहन्छ र नै संसारमा कला जन्मन्छ।[५४]

वड्सवर्थका विचारमा प्रकृति भनेको मानिसको महान् शिक्षक र एउटा चिरन्तन सत्ताको आवासस्थान हो।[५५] मानिसले प्रकृतिको सहयोगद्वारा आफ्नो व्यवहार चलाउँछ वा जीवनयापन गर्दछ भन्ने कुरा यस परिभाषाले देखाएको छ।

प्लेटोले प्रकृतिलाई वस्तुका रूपमा स्वीकार गर्दै प्रकृतिलाई प्रतीति मानेर त्यसभन्दा परको प्रकृतिलाई प्रथम सत्ता मानेका छन्।[५६]

पाश्चात्य दर्शन विशेष गरी प्रकृतिको वाह्य अर्थ र विवेचनातिर नै बढी झुकेको पाइन्छ। यस आधारमा पाश्चात्य दर्शनले प्रकृतिको वाह्य र पूर्वीय दर्शनले प्रकृतिको आन्तरिक पक्षलाई महत्त्व दिएको देखिन्छ।

---

[५३]वासुदेव त्रिपाठी, वि सं २०६५, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परिचय भाग २* (पाँ सं), ललितपुर : साझा प्रकाशन, पृ.५३

[५४]लक्ष्मीप्रसाद देवकोटा, वि सं २०६७, *लक्ष्मी निबन्धसङ्ग्रह,* (अठा सं), ललितपुर : साझा प्रकाशन, पृ.७६

[५५]अर्याल, 'नेपाली काव्यमा', पूर्ववत्, पृ.१०-११

[५६]त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परिचय भाग १*, पूर्ववत्, पृ.२१

## ३.२ प्रकृतिको विशेषता

प्रकृतिलाई मानिसले सिर्जना गर्न सक्तैन। यो सदैव आफ्नै चक्रमा घुमिरहन्छ। आदिम कालदेखि प्रकृतिसितको सहचार्यमा मानिसले आफ्नो सभ्यतालाई अघि बढाउँदै आइरहेको छ। मानिसको असीम इच्छा, आकाङ्क्षा तथा विज्ञान र प्रविधिको विकासले हाम्रो प्राचीन सभ्यता मासिँदै गएको पाइन्छ। प्राचीन सभ्यता र प्रकृतिको सुन्दर वर्णन महाकवि लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्यमा पाइन्छ। प्राचीन भारतीय सभ्यता र प्रकृतिको वर्णन देवकोटाले यसरी गरेका छन्-

*मीठो लाग्छ मलाइ त प्रियकथा प्राचीन संसारको।*

*हाम्रो भारतवर्षको उदयको हैमप्रभासारको।।*

*जाडामा पनि कोयली कुसुमका बास्नाहरू सम्झिँदै।*

*फर्केलान् दिन फेरि उत्तर भनी बस्छे अकेली रुँदै।।*[५७]

प्राचीन सभ्यता आज मासिएर गएको छ। स्वच्छन्दतावादी कविहरू आफ्ना सिर्जनामा प्रकृतिलाई कहिले आलम्बन र कहिले उद्दीपनका रूपमा वर्णन गर्छन्। यस पङ्क्तिमा देवकोटाले पनि ग्राम्य जीवनको परिवेश, पक्षी, हिमाल, आदि प्राचीन भारतको सभ्यता प्रस्तुत गरेका छन्। तर आज औद्योगिक क्रान्ति र पुँजीवादी विकासका कारण भारत साथै सम्पूर्ण विश्वमा नै प्रदूषणको खतरा बढिरहेको छ। प्राचीन सभ्यता मासिएर जानु भनेको मानिस प्रकृतिदेखि टाढा हुँदै जानु हो। मानिसको जिउने आधार प्रकृति हो किनभने उसले उठ्नु बस्नु, हिंड्नु डुल्नु, सोच्नु, अनुभव गर्नु आदि सबै प्रकृतिबाटै सिक्ने गर्दछ। मानिस पूर्ण रूपले प्रकृतिमा निर्भर रहन्छ। प्राचीन सभ्यतामा मानिसले प्रकृतिलाई भगवान्को रूपमा लिएर गोठधुप पुजा, संसारी पुजा, नाग पुजा आदि गर्ने गरेको पाइन्छ।

---

[५७] लक्ष्मीप्रसाद देवकोटा, वि सं २०६३, *शाकुन्तल,* (आ सं), ललितपुर : साझा प्रकाशन, पृ.१

आजसम्म पनि किराँती, खस, लेप्चा आदि समुदायमा प्रकृतिको पुजा गर्ने प्रचलन रहेको पाइन्छ। प्रकृतिको पुजा गर्नुको मुख्य उद्देश्य यसलाई संरक्षण गर्नु हो।

सौरमण्डलमा आठवटा ग्रहहरू छन्। सबै ग्रहहरू सृष्टिको आरम्भदेखि आफ्नो काल्पनिक रेखामा व्यवस्थित रूपले घामको वरिपरि परिक्रमा गरिरहेका छन्। पृथ्वीलाई घामको वरिपरि एकपल्ट परिक्रमा गर्न तिनसय पैँसठ दिन लाग्छ। पृथ्वीजस्तै सौरमण्डलका अन्य ग्रहहरू पनि घामको परिक्रमा गर्दछन्। प्रकृतिको व्यवस्थित प्रक्रियाको कारणले पृथ्वीका जीवले आफ्नो जीवनयापन गर्दछन्।

मानिसको अनुपस्थितिमा पनि प्रकृति रहिरहन्छ। प्रकृतिले मानिसलाई खाद्यपदार्थ साथै अन्य वस्तुको उत्पादन गर्नाका निम्ति काँचो पदार्थ दिँदछ। प्रकृति व्यवस्थित हुन्छ। वायुमण्डल, सौरमण्डल, वनस्पति जगत् सबै प्रकृतिमा समाहित हुँदछन्।

प्रकृति सुन्दर छ। प्रकृतिको सौन्दर्यले मानिसको मनमा लुकेको काव्यिक प्रवृत्तिलाई जागृत गराउँदछ। रूख, बादल, आकास, नदी, पहाड, चट्टान आदि प्रकृतिका हरेक तत्त्व सुन्दर हुन्छन्। प्रकृतिको विशालतामा मानिसले आफुलाई हराउँछ।

प्रकृति शान्त भएको कारणले मानिस प्रकृतिको नजिक बस्न रुचाउँछ। मानिस प्रकृतिको सुन्दरताबाट शान्ति प्राप्त गर्दछ।

### ३.३ प्रकृति र मानवबिचको सम्बन्ध

मानिस प्रकृतिबाट अलग रहेर बाँच्न सक्दैन। मानिसले प्रकृतिबाट जीवनलाई सिर्जनात्मक तथा कर्मशील बनाउने प्रेरणा प्राप्त गर्दछ। सृष्टिको सुरुदेखि नै मानिस र प्रकृतिका बिचमा एउटा अटुट सम्बन्ध स्थापित भएको पाइन्छ। वेद, पुराण, भागवद्गीताजस्ता प्राचीन ग्रन्थहरूमा प्रकृतिको चित्रण व्यापक रूपमा भएको पाइन्छ। मानिस र प्रकृतिबिचको सम्बन्ध शरीर र आत्मजस्तो गहिरो छ।

प्रकृतिलाई बृहत् र सामान्य गरी दुईवटा वर्गमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। प्रकृतिको बृहत् तथा आन्तरिक रूप दार्शनिक छ, जसले प्रकृतिप्रतिको आस्था, विश्वास, अगोचर रहस्यजस्ता कुरालाई बुझाउँछ। सामान्य रूपमा प्रकृति भन्नाले विश्वमा रहेका प्राणी जगत्ले जीवन जिउनका लागि उपयोग गर्ने रूख-पात, वन-जङ्गल, माटो, हावा, पानी साथै हाम्रो वरिपरि भएको परिवेश बुझिन्छ। यसमा दैनिक जीवनमा चाहिने आवश्यक गाँस, बास र कपास पर्दछन्।

प्रकृति र मानिसबिच एउटा अटुट सम्बन्ध छ। यी दुई एकाअर्काका पुरक हुन्। प्रकृति र मानवबिचको सम्बन्धलाई हेर्ने दुईवटा भिन्न भिन्न आधार छन्। पहिलो आधारले मानिसलाई प्रकृतिको अङ्गका रूपमा हेर्दछ भने दोस्रो आधारले प्रकृति र मानिसलाई अलग अलग राखेर हेर्दछ। मानिसलाई प्रकृतिदेखि अलग राखेर हेर्ने दृष्टिकोणले प्रकृति र मानिस दुईवटा भिन्न भिन्नै हुन् र यी दुईलाई सञ्चालन गर्ने अर्कै एउटा विशेष शक्ति छ जसलाई परमेश्वर भनिन्छ भन्ने मान्दछ।[५८] मानिसलाई प्रकृतिको अङ्ग मान्ने दृष्टिकोणले भने प्रकृतिमा विभिन्न प्राणी छन् तर मानिसजस्तो बौद्धिक प्राणी प्रकृतिमा अरू पाइँदैन भन्ने मान्यता राख्दछ। तसर्थ, यी दुई प्रकारका धारणाले प्रकृतिलाई कतै ईश्वरीय शक्तिसित जोडेर हेर्दछ भने कतै सृष्टिको मूल रूप, गुण आदि मानेको पाइन्छ। यसरी मानिस र प्रकृतिबिच विभिन्न मत रहेको पाइए तापनि मानिसलाई प्रकृतिकै अङ्ग मानिँदै आएको पाइन्छ। त्यसैकारण प्रकृति र मानवबिच आफ्ना आफ्नै प्रकारका समानता र भिन्नता पाइन्छ।

मानिस र प्रकृतिबिचको सम्बन्ध निम्न प्रकार रहेका छन्-

---

[५८]कुमारबहादुर जोशी, वि सं २०५३, *देवकोटाका कविताकृतिमा प्रकृति*, काठमाडौं : सरस्वती प्रकाशन, पृ.(झ)

मानिसले जमिनमा विभिन्न प्रकारका अन्नबाली लगाउँछन्। मानिसलाई चाहिने खाद्यान्न प्रकृतिको जैविक तत्त्वका कारणले उब्जनी हुने गर्दछ। प्रकृतिले सम्पूर्ण प्राणी जगत्लाई अन्नपानी दिएर जीवन जगत् सञ्चालन गरिरहेको पाइन्छ। प्रकृतिमा रहेका सबै वनस्पत्ति उम्रने, बढ्ने र मर्ने प्रक्रिया निरन्तर चलिरहन्छ।

प्रकृतिमा रहेका वनस्पतिबाट मानिसले आफुलाई चाहिने औषधिहरू प्राप्त गर्दछन्। कलकारखानाका निम्ति आवश्यक काँचो पदार्थहरू प्रकृतिद्वारा नै प्राप्त हुँदछ। विज्ञानले वनस्पतिबाट औषधि निर्माण गर्ने हुनाले प्रकृतिलाई खोज तथा आविष्कारको रूपमा लिँदछ। भूगोलशास्त्रले पृथ्वीका सतहमा रहेका विभिन्न भौगोलिक गतिविधिहरूको अध्ययन गर्दछ। जीवविज्ञानले विभिन्न प्राणीहरूको विषयमा अध्ययन गर्दछ, वनस्पतिशास्त्रले पृथ्वीमा रहेका वनस्पतिको अध्ययन गर्दछ, खगोलशास्त्रले अन्तरिक्षको अध्ययन गर्दछ। यसबाट सबै प्रकारका खोज तथा अनुसन्धानहरू प्रकृतिमा नै निर्भर रहन्छन् भन्ने कुरा स्पष्ट हुँदछ।

प्रकृति र मानिसबिचको सम्बन्धलाई कायम राख्न मानिसले प्रकृतिको संरक्षण गर्नु आवश्यक हुँदछ। विश्वमा प्रकृति संरक्षणका लागि धेरैवटा कानुनहरू बनेका छन्, यद्यपि ती कानुनहरू व्यवस्थित रूपमा लागु हुन पनि त्यत्तिकै आवश्यक छ।

मानवीय क्रियाकलाप सन्तुलित नहुँदा प्रकृतिमा विभिन्न प्रकारका समस्याहरू आउँछन्, जसले मानिसलाई मात्र नभएर सम्पूर्ण जीवलाई नै प्रभावित पार्दछ। प्रकृतिको विनाश मानवीय र प्राकृतिक गरी दुई प्रकारले हुन्छ। बाढी आउनु, खडेरी पर्नु, जङ्गलमा आगो लाग्नु, अनिकाल लाग्नु, भलपैह्रो जानु, आँधी-बेह्री आउनु, भुइँचालो, सुनामी आदि प्राकृतिक क्रियाकलापका परिणाम हुन् भने जनसङ्ख्या वृद्धि, रूखको कटाई, गाई चराउनु, बमको परीक्षण, उब्जनीका लागि मानवनिर्मित कीटनासकको प्रयोग गर्नु आदि प्रकृति विनाशका मानवीय क्रियाकलापहरू हुन्।

प्रकृतिको विनाश वैश्विक समस्या हो। अचेल मानिसहरू आफ्नो स्वार्थपूर्तिका निम्ति प्रकृतिलाई नष्ट पारिरहेका छन्। यसकारण मानिस र प्रकृतिबिचको सन्तुलन बिग्रिँदै गइरहेको छ। तसर्थ मानिसले प्रकृतिसित सम्बन्ध कायम राख्नका निम्ति पर्यावरण सन्तुलन राख्नुपर्दछ।

## ३.४ भारतीय नेपाली बालसाहित्यमा चित्रित प्रकृति

बालसाहित्यमा प्रकृतिको चित्रणले नानीहरूलाई प्रकृतिबारे जानकारी दिँदछ। भारतीय नेपाली बालसाहित्यका विधाहरूमा प्रकृतिको चित्रणलाई यहाँ सङ्क्षेपमा विश्लेषण गरिएको छ-

### ३.४.१ बालकवितामा प्रकृति

भारतीय नेपाली बालसाहित्यका विविध विधाहरूमध्ये बालकविता सबैभन्दा धेरै फस्टाएको विधा हो। बालकविता अन्त्यानुप्रासको प्रयोगले लयात्मक हुन्छ र बालबालिकालाई मुखस्थ गर्न सजिलो पर्दछ। भारतीय नेपाली बालसाहित्यका सर्जकहरूले अन्य विधामाभन्दा कविता विधामा धेर कलम चलाएका छन्। सिक्किम, दार्जिलिङ, खर्साङ, सिलगडी, असम आदि क्षेत्रबाट बालकवितामा कलम चलाउने सर्जकहरूमा शान्ती छेत्री, मीना सुब्बा, भीम प्रधान, स्नेहलता राई, खिरोदा खडका, शिशुपाल शर्मा, विष्णु शास्त्री, मुन्नी सापकोटा, भविलाल लामिछाने, खुमान सोनार आदि प्रमुख देखिन्छन्।

शिशुपाल शर्माको *बाल कविता कोसेली* (सन् २००६), स्नेहलता राईका *प्रकृति र पृथ्वी भाग १* (सन् २०१०), *प्रकृति र पृथ्वी भाग* २ (सन् २०१०), शान्ती छेत्रीको *हाम्रो फूलबारी* (सन् २०१२), मीना सुब्बाको *फूलबारी* (सन् २०१२), विष्णु शास्त्रीको *चिँ मुसी चिँ* (सन् २०१५) र भविलाल लामिछानेको *चराको चिरबिर भुराको किरकिर* (सन् २०१६) आदि कवितासङ्ग्रह मूलतः प्रकृतिसित सम्बन्धित सिर्जना हुन्।

भारतीय नेपाली बालकवितामा प्रकृतिको प्रयोग भिन्न भिन्न रूपमा भएको पाइन्छ। स्नेहलता राईले आफ्ना कवितामा प्रकृतिलाई प्रतीक र विम्बको रूपमा प्रयोग गरेकी छन्। उनको 'नानी' कवितामा बालिकालाई फुलको सुन्दरतासित तुलना गरिएको छ-

*फूल जस्तै प्यारी नानी*

*हेर्दा तिमी साह्रै सानी।*[५९]

अर्थात्, जसरी फुल कोमल, स्वच्छ हुन्छ त्यसरी नै नानीहरू पनि फुलजस्तै कोमल र पवित्र हुन्छन्। उनीहरूमा कुनै प्रकारको छल कपट हुँदैन। यही सन्देश माथिका कविता पङ्क्तिले दिएको पाइन्छ।

प्रकृतिको सुन्दरता मनमोहक हुन्छ। प्रकृति र पृथ्वीसम्बन्धी तत्त्वहरूमा घाम, हावा, पानी, नद, नदी, चरा, हिमाल, पाहाड आदिले मानिसलाई जिउने आधार मात्र नदिएर मनलाई शान्ति समेत दिने गर्दछ। घाम र पानी एकैचोटी आकासमा देखिँदा प्रकृतिको रूप नै बेग्लै र मनमोहक हुन्छ। यही सुन्दर दृश्यलाई कवि शान्ती छेत्री आफ्नो कवितामा यसरी उतार्छिन्-

*बिहानको घाममा*

*सिमसिम पानी परेछ*

*त्यो पारि पाखामा*

*इन्द्रेणी पो लागेछ।*[६०]

इन्द्रेणी लागेको समयमा देखिने प्रकृतिको रमणीय वर्णन पाइन्छ। यसले प्रकृतिको सुन्दरताको वर्णन सँगसँगै नानीहरूलाई इन्द्रेणी कसरी र के हुँदा लाग्छ भन्ने यसको वैज्ञानिक कारणबारे पनि जानकारी दिएको छ। घाम र पानी एकैचोटी देखिँदा सात

---

[५९]स्नेहलता राई, सन् २०१०, *प्रकृति र पृथ्वी* (भाग १), दार्जिलिङ : गामा प्रकाशन, पृ.२०

[६०]शान्ती छेत्री, सन् २०१२, *हाम्रो फुलबारी,* गान्तोक : सिटी प्रेस, पृ.१०

रङ्गको इन्द्रेणी लाग्छ र प्रकृति सुन्दर देखिन्छ। इन्द्रेणी लागेको देखेर बालबालिका खुसी हुन्छन्। बालबालिकाले इन्द्रेणीको रङ्ग हेर्ने र यसलाई चिन्ने प्रयास पनि गर्दछन्।

सौरमण्डलमा घाम, जुन, तारा, ग्रह, आदि पर्दछन्। प्रकृतिमा रहेका हरेक उद्भिद्ले घामको किरणबाट ऊर्जा प्राप्त गर्दछ। बालबालिकालाई घाम, जुन, तारा हेर्न खुबै मनपर्छ। भारतीय नेपाली बालकवितामा घाम, जुन र तारालाई लिएर यथेष्ट मात्रामा कविताहरू लेखिएका छन्। शान्ती छेत्रीको *हाम्रो फूलबारी* कवितामा यसको सुन्दर चित्रण पाइन्छ-

*घामसित उठ्छु,*

*जूनसित सुत्छु*

*ताराहरू आँखाभरि*

*सपनीमा देख्छु।*[६१]

यस कवितामा बालबालिकालाई दिन र रातको भिन्नताबारे प्रकाश पारिएको छ। दिनमा घाम लाग्छ र मानिसले काम गर्दछन्। दिनभरिको कामले थकाइ लाग्छ र मानिसहरू राति जुनको मलीन प्रकाशमा आराम गर्दछन्।

प्रकृतिको महत्त्व र उद्देश्य पनि भारतीय नेपाली बालकवितामा उल्लेख भएको पाइन्छ। मानव समाजमा प्रकृतिको महत्त्व र उपयोगितालाई देखाउँदै स्नेहलता राई लेख्छिन्-

*वृक्षले शीतल छायाँ दिन्छ*

*औषधिमुलो, फलहरू फलाउँछ*

---

[६१] छेत्री, 'हाम्रो फूलबारी', पूर्ववत्, पृ.८

*वृक्षको जराले धरती पक्री*

*बाढ, विनाश भलपैह्रो रोकी*

*पर्यावरणको ठूलो रक्षा गर्छ।*[६२]

वृक्ष प्रकृतिको एउटा महत्त्वपूर्ण अङ्ग हो। यसले मानिसलगायत पृथ्वीमा रहेका सम्पूर्ण प्राणीलाई बस्नसक्ने वातावरण दिँदछ। पर्यावरणलाई सन्तुलित राख्नका लागि पनि वृक्षको अतुलनीय भूमिका छ। वृक्षको जराले भलपैह्रो गएर प्रकृतिलाई विनाश हुनबाट जोगाउँछ।

प्रकृतिमा विभिन्न प्रकारका ग्यास हुन्छन् र तिनको आफ्नो आफ्नो प्रयोजन हुँदछ। मानिसले स्वास फेर्दा अक्सिजन लिने गर्छ र कार्बन-डाइअक्साइड बाहिर फ्याँक्छ। मानिसले फ्याँकेको त्यो कार्बन-डाइअक्साइड ग्यास रूखपातले लिन्छ र अक्सिजनमा परिणत गर्दछ। मानिसले उत्पादन गरेको कार्बन-डाइअक्साइडलाई रूखपातले कसरी अक्सिजनमा परिणत गर्दछ भन्ने कुरा स्नेहतला राईले आफ्नो कवितामा यसरी जानकारी दिन्छिन्-

*क्लोरोफिलले पातहरू भरियो*

*बने हैं रूखका पातहरू हरियो।*

*धरती जब हरित बन्दछ*

*स्वच्छ प्राणवायु तब बहन्छ।*

*भान्सा घरमा जब आमाले*

*भोजन बनाउँछिन् र बाड्छिन्।*

---

[६२] राई, 'प्रकृति र पृथ्वी' (भाग १), पूर्ववत्, पृ.२

*त्यसरी नै हरिया पातहरूले*

*वृक्षहरूका खाना बनाउँछिन्।*

*कार्बन-ग्यास पातहरूले लिँदछन्*

*अक्सिजन हामी सबैलाई दिँदछन्।*[६३]

प्रकृतिको महत्त्व र आवश्यकता सँगसँगै प्रकृति र पर्यावरण सङ्कटको विषय पनि बालकवितामा यसरी आएको छ-

*के भो के भो ?*

*हिजआज हाम्रा वरिपरि*

*जुरेली, भँगेरा, फिस्टा, मैना, धोबिनीको*

*चुँचुँ च्याँर च्याँर स्वरै नसुनिने भो।*[६४]

विकासका नाममा जङ्गल मास्नाले जङ्गली जनावर तथा पशु-पक्षीको बास नष्ट हुँदै गइरहेको छ। यसले गर्दा जङ्गली प्राणीको सङख्या घट्दै जान्छ र अन्तमा तिनीहरूको प्रजातिको अस्तित्व संसारबाट सधैँका लागि लोप भएर जान्छ। माथिको उदाहरणमा पनि अहिलेको समयमा बजारीकरण, औद्योगिकरण, तकनिकी विकास, वैश्विक उष्णता, आदिका कारणले जुरेली, भँगेरा, फिस्टा, मैनाजस्ता चराका विभिन्न प्रजातिहरू हराउँदै गइरहेको कुरालाई विशेष महत्ताको साथ उल्लेख गरिएको छ।

मानवीय क्रियाकलाप र प्राकृतिक प्रकोप गरी प्रकृति विनाशका दुईवटा प्रमुख कारणहरू छन्। आधुनिक समयका विविध सङ्कटहरूमध्ये वैश्विक उष्णता पनि एउटा ठुलो सङ्कट हो। वैश्विक उष्णताको कारकतत्त्व वन-जङ्गलको विनाश, भूमि प्रदूषण, विषालु

---

[६३]राई, 'प्रकृति र पृथ्वी भाग १', पूर्ववत्, पृ.५
[६४]राई, 'प्रकृति र पृथ्वी भाग १', पूर्ववत्, पृ.७

रासायनिक पदार्थको उत्पादन आदि हुन्। वैश्विक उष्णताका कुरा बालकवितामार्फत यसरी देखाइएको छ। उदाहरण,

*बज्यै- नानी! वर्षाऋतु भन्छ, पानी छैन*

*खेतबारी सबै चर्किसके*

*धरती रूखो सुखो बनिसके*

*पानीको मुहान नै हराइसके।*

*नातिनी- बज्यै! ग्लोबल वार्मिङ यसैलाई भनिन्छ*

*ग्लोबल वार्मिङ मान्छेले नै निम्त्याउँछ*

*प्रकृतिको विनाश गरिरहेछ*

*जता-तता धरतीको उत्खनन् भइरहेछ।*[६५]

आवश्यकताभन्दा धेरै प्रकृतिको प्रयोग गरिए मानिस तथा सम्पूर्ण प्राणीमा यसको विपरीत असर पर्दछ। विश्वमा विभिन्न किसिमका कलकारखानाहरूको निर्माण भइरहेको छ। कारखानाका लागि काँचो पदार्थ उपलब्ध गराउने माध्यम प्रकृति हो। प्रकृतिको संरक्षणभन्दा यहाँ धेर मानिसले प्रकृतिको उपयोग मात्र गरिरहेको छ। यसको स्याहार सुसार गरेको छैन जसले सम्पूर्ण विश्वमा ठुलो सङ्कट उत्पन्न भइरहेको छ। यसैप्रति सचेतता जगाउने हेतुले प्रकृतिसम्बन्धी बालकविताहरू लेखिएको पाइन्छ।

### ३.४.२ बालउपन्यासमा प्रकृति

भारतबाट बालउपन्यासमा कलम चलाउने सर्जकहरूमा गीता उपाध्याय, साङमू लेप्चा, मुक्तिप्रसाद उपाध्याय, विष्णु शास्त्री आदि प्रमुख छन्। प्रकृतिको प्रयोग भएका भारतीय

---

[६५]राई, सन् २०१०, *प्रकृति र पृथ्वी भाग २*, दार्जिलिङ : गामा प्रकाशन, पृ.६

नेपाली बालउपन्यासहरूमा गीता उपाध्यायको *आमा म फार्ष्ट भएँ* (सन् १९९५), मुक्ति उपाध्यायको *हिमाली* (सन् २००६), साङ्मू लेप्चाको *वन संसार* (सन् २०१२) आदि प्रमुख देखिन्छ। *वन संसार* उपन्यासको शीर्षकले नै प्रकृतिको अर्थ बोध गराउँछ। वन्य प्राणीलाई मानवीकरण गरी ती प्राणीहरूको जीवनमा आइपरेका घटनालाई लिएर यो उपन्यास लेखिएको छ। साङ्मू लेप्चाले यस उपन्यासमा कसरी वन्य प्राणीलाई जङ्गलबाट निकालेर चिडियाखानामा राखिएको छ त्यस तितो सत्यलाई यसरी चित्रण गर्छिन्-

*एक दिन अकस्मात् हामीलाई जस्ताले बारेको एउटा गाडीमा हालेर ठूलो बनमा छोडिदिए। कता हो कता, पटेर घारी, त्यहीँ बस्न बाध्य भयौँ। ठूला-ठूला रूखहरू हाम्रा घर भए। समय बितेर जाँदैथियो। मैले भनेँ- हेर मोती! साथीहरूलाई खोज्न जानपऱ्यो। मर्नअघि भेट्न पाए हुन्थ्यो भन्दा यसले पनि साथ दिई। हप्ता दिन जस्तो भयो हामी निस्केको। हामी दुवै खूबै थकित भइसकेका थियौँ। यो उमेरमा हातखुट्टा राम्ररी चल्दैन। आँखा पनि राम्ररी ठिम्याउन सकिँदैन। धन्य! ईश्वरको दयाले छोटु र पुकुलाई भेट्टायौँ।*[६६]

यस उपन्यासमा बुढा भएका एक जोडी बाँदरलाई चिडियाखानाबाट बाहिर जङ्गलमा छोडिएको छ। मानिसले पशुलाई धनार्जन गर्ने दृष्टिले मात्र हेर्दछ तर त्यसको संरक्षणको विषयमा सोच्दैन। उपन्यासमा मानवीकरण गरिएको पात्र बाँदर बुढो भएपछि चिडियाखानाबाट बाहिर निकालिएको घटनाले प्रकृतिका हरेक वस्तुमाथि मानिसले आफ्नो हैकम चलाएर पशुप्राणीको व्यापार गरेको कुरातर्फ मान्छेलाई सचेत गराएको छ।

मानिसले आफुलाई चाहिने तत्त्व कार्बोहाइड्रेड, प्रोटिन, भिटामिन, मिनरल, तेल सबै प्रकृतिबाट प्राप्त गर्दछ। गीता उपाध्यायको *आमा म फार्ष्ट भएँ* उपन्यासमा यसको उल्लेख पाइन्छ। उनी लेख्छिन्-

---

[६६]साङ्मू लेप्चा, सन् २०१२, *वन-संसार,* दार्जिलिङः श्याम प्रकाशन, पृ.२९-३०

*ताजा फल र काँचो साग-सब्जीमा सी भिटामिन धेर हुन्छ। जस्तै रमभेरा (टमाटर), मूला, मूलाको साग, धनिया, पुदिना, पालक साग, काँचो खुर्सानी आदि। चाना, नदलेको मुगदाल भिजाएर टुसा उमारेको खाने हो भने यसमा पनि प्रसस्त सी भिटामिन पाइन्छ। यसरी टुसा उमारेको चाना वा दाल खाँदा चोखो सी भिटामिन खाइन्छ। यसको दाल सब्जी बनाएर पनि खान सकिन्छ।*[६७]

हरियो सागपात शरीरका लागि लाभदायक हुन्छ। मानिसलाई स्वस्थ बस्नका लागि स्वास्थ्य खानाको आवश्यकता पर्दछ। यसैले उपर्युक्त उदाहरणमा बालबालिकालाई सागसब्जीको फाइदाबारे जानकारी गराइएको छ। यस दृष्टिले यो उपन्यास बालबालिकाको निम्ति धेरै उपयोगी र महत्त्वपूर्ण छ।

प्रकृतिमा विभिन्न प्रकारका उद्भिद्हरू पाइन्छन्। ती उद्भिद्हरूलाई मानिसले कुनै न कुनै रूपले औषधीका रूपमा प्रयोग गरिरहेका छन्। साङमू लेप्चाले आफ्नो उपन्यास *वन संसार*-मा जमुने र पिर्थेको माध्यमबाट यस कुरालाई यसरी प्रस्तुत गरेकी छन्-

*रगतसरिको चोटले फुल्लिएको हात देख्दा पिर्थेलाई अति माया लागेर आयो। कालीझार माडमुड पारी घाउमा रस चुहाएर खोस्टाले छोपिदियो।*[६८]

वन्य प्राणीको हत्या गर्नु मानिसले आफ्नो अधिकार ठान्छ। फल खान आएको एउटा बाँदरलाई क्याटिसले हिर्काउनु भनेको बाँदरको बाँच्ने अधिकारको हनन गर्नु हो, त्यसको अस्तित्वमा मान्छेको सोझै हस्तक्षेप हुनु हो। मानिसले प्रकृतिमा पाइने फलफुल आफ्ना लागि मात्र फलेको हो भन्ने धारणा बोकेर प्रकृतिमा एकाधिकार कायम राख्न खोजेको कुरा पनि यस उपन्यासमा उल्लिखित पाइन्छ।

---

[६७]गीता उपाध्याय, सन् १९९५, *आमा म फार्ष्ट भएँ,* बागीरोड : निउ प्रिन्टर्स, पृ.२०
[६८]लेप्चा, 'वन संसार', पूर्ववत्, पृ.१४

प्रकृति विनाशको मूल कारण मानिस नै हो भन्ने कुरा मुक्ति उपाध्यायको *हिमाली* बालउपन्यासमा यसरी वर्णित छ-

*विवेक र बुद्धि नभएको भए मानिस पनि अरू जीव-जन्तु सरह नै बाँच्ने थियो। प्राकृतिक नियम अनुसार मानिस पनि अरू पशु झैं गाँस र बासको मात्रै पछि लाग्ने थियो। मानिसले बुद्धि पाएर के भो? मेल मिलाप छैन। ज्ञान पाएर त्यसको सदुपयोग छैन। मानिसले जङ्गल मास्यो, पशु- पक्षी मास्यो। प्रकृतिलाई मासेर मानिस पनि कहाँ बाँच्न सक्छ र? मर्छ ध्वंस हुन्छ यो पृथ्वी।*[६९]

मानिस विवेकशील प्राणी भए तापनि प्रकृतिको दुरुपयोग गर्न कुनै कसर बाँकि छोडेको छैन। मानिसले प्राकृतिक सम्पदाको विनाश गरेर संसारका सम्पूर्ण जीवलाई सङ्कटमा पारेको छ। प्रकृतिमाथि गरेको शोषणको परिणाम मानिसले भोलि गएर आफैले भोग्नुपर्छ। प्रकृतिको विनाशले मान्छेले आफ्नो पनि विनाश गरिरहेको छ, आफ्नो अस्तित्वलाई पनि सङ्कटमा पारिरहेको छ। यही कुरालाई उक्त उपन्यासमा देखाइएको छ।

### ३.४.३ बालनाटकमा प्रकृति

नाटक रङ्गमञ्च र अभिनयसित जोडिएको हुन्छ। बालबालिकाले नाटक पढेरभन्दा मनञ्चमा कलाकारहरूको अभिनय हेरेर त्यस नाटकबाट मनोरञ्जन प्राप्त गर्दछन्। बालसाहित्यमा बालनाटकको सिर्जना थोरै मात्र भएकाले मञ्चित नाटकको अपेक्षा बालबालिकाले कमै गर्छन्। अन्य विधाका तुलनामा नाटक लेखनमा कलम चलाउने सर्जकहरूको उपस्थिति न्यून देखिन्छ। यसमा केही नाम उल्लेखनीय छन्। ती हुन्- नैनसिँह योञ्जनको *ईमानदार* (सन् १९९८), थमन नौवागको *मनुष्यत्व* (सन् २०१३), मुक्ति प्रसाद उपाध्यायको *रहर* (एकाङ्की सन् २०१५), तथा विष्णु शास्त्रीको *शहीद* (सन् २०१२) आदि।

---

[६९]मुक्ति उपाध्याय बराल, सन् २००६, *हिमाली,* नाम्ची : निर्माण प्रकाशन, पृ.२३

नैनसिंह योञ्जनको *ईमानदार* सन् १९९८ मा प्रकाशित बालनाटक हो। नाटकको सुरुमा बालबालिकालाई स्कुलमा पढाएको दृश्य छ। यस दृश्यमा शिक्षकले बालबालिकालाई प्रकृतिको रचना गर्ने ईश्वर हुन् र संसारमा जे जति सृष्टि भएका छन् ती सबै ईश्वरको कृपाले मात्र सम्भव भएको छ भन्ने कविता पढाएका छन्। उदाहरण,

*कीरा फटयांग्रा पशु-प्राणी बनाए ईश्वरले*

*आँधी वेहरी हावा पानी बनाए ईश्वरले*

*चन्द्र सूर्य पृथ्वी तारा बनाए ईश्वरले*

*जङ्गल पर्वत समुद्र सारा बनाए ईश्वरले*

*सुन...संसारमा जति वस्तु छन् यी सृष्टि ईश्वरको*

*आफ्नो भन्नु केही छैनन् संसारको थोकको*

*ती सबै ईश्वरको।*[७०]

प्रकृतिको सिर्जना एउटा धार्मिक र अर्को वैज्ञानिक दृष्टिले भएको हो भन्ने मान्यता रहेको छ। धार्मिक दृष्टिकोणअनुसार भगवान्द्वारा प्रकृतिको सिर्जना भएको हो। माथि दिइएको उदाहरणमा पनि प्रकृतिको सिर्जना ईश्वरले गरेको र यसको संरक्षण र विनाश भगवान्कै इच्छाअनुसार सम्भव हुने कुरा कवि तथा नाटककार योञ्जनले भनेका छन्।

भारतीय नेपाली बालसाहित्यका कविता, उपन्यास र कथाका तुलनामा बालनाटकमा प्रकृतिको प्रयोग त्यति धेरै भएको छैन।

---

[७०]नैनसिंह योञ्जन, सन् १९९८, *ईमानदार,* दार्जिलिङ : श्याम प्रकाशन, पृ.३

## ३.५ निष्कर्ष

प्रकृतिलाई वाह्य अथवा जड र आन्तरिक अथवा चेतन गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। पाश्चात्य दर्शन प्रकृतिको वाह्य पक्षको वर्णनमा केन्द्रित रहेको पाइन्छ भने भारतीय दर्शन प्रकृतिको आन्तरिक पक्षको विश्लेषणमा धेर केन्द्रित रहेको छ।

प्रकृतिको विशालताका कारण मानिस यस संसारमा आफ्नो इच्छाअनुसार जिउन सक्षम बनेको छ। प्रकृतिबाटै मानिसले जीवन जिउने, सुख-दुःख अनुभव गर्ने, व्यवस्थित रूपले कर्म गर्ने प्रेरणा प्राप्त गर्दछ।

देवाली, संसारी, नाग, खोलापुजा गर्नु भनेको प्रकृति र मानिसबिचको सम्बन्धलाई स्थापित गर्नु हो। प्रकृतिको संरक्षण हेतु मानिसले प्राचीन समयदेखि वर-पिपलको पुजा, बेलको रूखको पुजा, अमलाको रूखको पुजा गरेको कथाहरूमा पढ्न पाइन्छ र यो प्रथा आजसम्म पनि हाम्रो समाजमा बाँचिआएको छ, विशेषतः गाउँ घरमा।

प्रकृतिको चर्चा वैदिक कालदेखि नै हुँदै आएको पाइन्छ। आधुनिक युगका सहरीकरण, औद्योगिकरण, विभिन्न खोज र आविष्कारका क्रममा गरिएका परीक्षणले प्रकृति प्रदूषित हुँदै गइरहेको देखिन्छ। प्रकृतिको प्रदूषण र संरक्षणका निम्ति जनचेतना फैलाउन साहित्य एउटा प्रभावकारी माध्यम हो। परिवेश विमर्शले यिनै पक्षलाई ध्यानमा राखेर साहित्यमा प्रकृतिको अध्ययन गर्न थालेको छ। साहित्यमा स्वच्छन्दतावाद, प्रकृतवादजस्ता अवधारणाहरू पनि नआएका होइनन् तर ती प्रकृतिको संरक्षणमा भन्दा यसको वर्णनमा नै धेर केन्द्रित रहेको देखिन्छ।

बालसाहित्यमा प्रकृतिको चित्रणले बालबालिकालाई यसको सुन्दरता, महत्ताबारे जानकारी दिँदै यसको संरक्षणबारे सचेत गराउने काम भएको छ। बालकथामा पनि त्यो

उद्देश्य स्पष्ट परिलक्षित भएको पाइन्छ। भारतीय नेपाली बालसाहित्यका अन्यान्य विधा कविता, उपन्यास तथा नाटक विधामा प्रयुक्त प्रकृतिलाई यस अध्यायमा विशेष महत्ताको साथ अध्ययन गरिएको छ।

# चौथो अध्याय

# भारतीय नेपाली बालकथामा चित्रित प्रकृति

# चौथो अध्याय

## ४. भारतीय नेपाली बालकथामा चित्रित प्रकृति

### ४.१ भारतीय नेपाली बालकथामा प्रकृतिको अध्ययन परम्परा

भारतीय नेपाली बालकथा परम्पराको थालनी पादरी गंगाप्रसाद प्रधानको *नैटिङ्गेल अर्थात् मीठो गीत गाउने चराको विषयमा* (सन् १९१२) कथाबाट भएको पाइन्छ। पादरी गंगाप्रसाद प्रधानका कथा नैतिक उपदेश दिने उद्देश्यले लेखिएको भए तापनि प्रकृतिको प्रयोग पनि यहाँ भएको पाइन्छ। समयको गति सँगसँगै भारतीय नेपाली बालकथामा विभिन्न समयलाई आत्मसात् गरी कलम चलाउने सर्जकहरूको सङ्ख्या पनि बिस्तारै बढ्दै गइरहेको छ। दार्जिलिङ, सिलगडी, असम तथा सिक्किम आदि क्षेत्रहरूबाट बालकथामा कलम चलाउने सर्जकहरूमा पादरी गंगाप्रसाद प्रधान, पारसमणि प्रधान, देवकुमारी थापा, स्नेहलता राई, लक्ष्मी कालिकोटे, एडोन रोंगोंग, शिबु छेत्री, मुक्ति उपाध्याय, मुन्नी सापकोटा, भीम प्रधान, शङ्करदेव ढकाल, आदि प्रमुख देखिन्छन्। विषयवस्तुका आधारमा यी कथाकारहरूले धर्म, नीति, उपदेश, विज्ञान, खेलकुद, स्वास्थ्य तथा प्रकृति सम्बन्धी बालकथाहरू लेखेका छन्।

इसाई धर्म प्रचार साथै बालबालिकालाई धार्मिक तथा नैतिक उपदेश दिने ध्येयले पादरी गंगाप्रसाद प्रधानका *नैटिङ्गेल अर्थात् मीठो गीत गाउने चराको विषयमा, बांस्को कथाहा, हांस्को नराम्रो चल्लाको कथाहा* प्रकाशित भएको पाइन्छ। प्रधानका यी कथाहरूलाई सलोन कार्थकले आफ्नो पुस्तक *पादरी गंगाप्रसाद प्रधानका उपलब्ध रचनावली* (सन् २००७) मा सङ्कलन गरेका छन्। यहाँ समाविष्ट यी कथाहरूलाई प्रकृति चित्रणका दृष्टिले विश्लेषण गरिएको छ।

पादरी गंगाप्रसाद प्रधानको *नैटिङ्गेल अर्थात् मीठो गीत गाउने चराको विषयमा* कथाको पात्र छ चरा। यस कथामा लेखकले चराको माध्यमबाट प्रकृतिको सुन्दर रूपको वर्णन गरेका छन्। नैटिङ्गेल चराको रूप, स्वर र प्रवृत्तिको वर्णन यस कथामा रहेको पाइन्छ। सन् १९१३ मा लेखिएको उनको अर्को कथा *बांस्को कथाहा* मा पहिले पहिले खोलाबाट पानी तान्नका लागि बाँसको प्रयोग गरिन्थ्यो भन्ने जानकारी दिइएको छ। त्यस समयमा प्लास्टिकको पाइप नभएकाले मानिसहरू बाँसको नालीबाट पानी तान्ने गर्दथ्यो भन्ने कुराको उल्लेख पाइन्छ। सन् १९१४ मा प्रकाशित *हांसको नराम्रो चल्लाको कथाहा* मा हाँसको चराको कथामा चराहरूले अन्डाबाट चल्ला काढ्ने गर्छन् भन्ने देखाउँदै हाँसले आफ्नो अन्डामा ओथ्रा बसेको ठाउँबाट एउटा नराम्रो चल्ला निस्किएको वर्णन गरिएको छ।

पादरी प्रधानका यी तिनैवटा कथाहरूमा प्रकृतिले मानिसलाई आश्रय दिन्छ र प्रकृतिमा भएका सबै सिर्जनाको आफ्नो आफ्नो अस्तित्व हुन्छ भन्ने देखाइएको छ।

भारतीय नेपाली बालकथाको दोस्रो चरणमा प्रकाशित देवकुमारी थापाको *सेतो बिरालो* (सन् १९६४) कथासङ्ग्रहको शीर्षकले नै प्रकृतिसम्बन्धी लेखिएको कथा हो भन्ने बुझिन्छ। सन् १९९० मा प्रकाशित महानन्द पौड्यालको अनूदित कथा *सानो भाइ* मा ग्रामीण परिवेशको चित्रण पाइन्छ। सुधीन घोषको सन् १९९१ मा प्रकाशित कथा सङ्ग्रहको नाम *सोक्पा* राखिएको छ। यसमा पनि प्रकृतिलाई नै मुख्य विषय बनाइएको छ। मुक्तिप्रसाद उपाध्यायको सम्पादनमा *कथा सौरभ* (सन् १९९८) बालकथासङ्ग्रह छ भागसम्म प्रकाशित भएको पाइन्छ। *कथा सौरभ* (पहिलो भाग) मा सङ्गृहीत 'कमिलो र ढुकुर', 'सिंह र मूसो', 'बुद्धिमान पाठो', 'बिच्छि र कछुवा', 'छुचुन्द्रो र हात्ती', 'मछुवा र राक्षस' अनि *कथा सौरभ* (दोस्रो भाग)-का 'स्याल र सारस', 'बिचरा पाठो', 'ब्वाँसो र कुकुर', 'सृष्टि' *कथा सौरभ* (तेस्रो भाग)-का 'सर्प र काग', 'घमण्डी सिंह', 'बकुल्लो र

गँगटो', 'दाउरे र जलदेवता', *कथा सौरभ* (चौथो भाग)-का 'एकनाथ देव', 'अन्धो र लङ्गडो', 'सामान्य बुद्धि', 'असल साथी', 'बाँदरको मुटु', *कथा सौरभ* (पाँचौं भाग)-का 'मुसे महाराज', 'परोपकार' 'सत्रवटा ऊँट' आदि *कथा सौरभ* (छैटौं भाग)-का 'प्रकृतिको दान जीवन जगत्को प्राण', 'सुनौलो चरो' आदि लोककथा, र पौराणिक कथाका आधारमा रचना गरिएका छन्। यसमा पनि प्रकृति नै कथाको मुख्य विषय रहेको छ जहाँ आफुलाई मात्र सोच्ने अनि प्रकृतिको अवहेलना गर्ने मानिसको प्रवृत्तिलाई देखाउनका निम्ति विभिन्न पशुहरूलाई मानवीकरण गरिएको छ।

भारतीय नेपाली बालकथामा प्रकृतिको सुन्दरताको वर्णन पाइन्छ। तेस्रो चरणका बालकथामा प्रकृतिको उपयोगिता र महत्त्वबारे नै धेर चर्चा गरिएको छ।

प्रकृतिको प्रयोग गर्ने क्रममा पशुपक्षी, किरा फट्याङ्ग्रा तथा वनस्पति जगत्लाई माध्यमका रूपमा प्रयोग गरिएको पाइन्छ। प्रकृति प्रयोगको परम्परालाई हेर्दै जाँदा मुन्नी सापकोटाका *कथा फूलबारी* (सन् २००१), *बल्ल बुद्धि पलायो* (सन् २००५), *जूनकीरी* (सन् २०१२), एडोन रोंगोंगको *मायाका फूलहरू* (सन् २००६), स्नेहलता राईको *स्नेहोद्गार* (सन् २००९), भीम प्रधानको *बाल कोसेली* (सन् २०१३) आदि कथासङ्ग्रहमा प्रकृतिको सुन्दरताको प्रयोग, प्रकृतिको महत्त्व, प्रकृति विनाशका कारणहरू साथै प्रकृति संरक्षणका विभिन्न उपायहरू प्रस्तुत भएको पाइन्छ। यस अध्यायमा उक्त कथाकृतिमा प्रयुक्त प्रकृति र यसको संरक्षणका उपायहरूलाई विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ।

## ४.२ मुन्नी सापकोटाको परिचय र यिनका बालकथासङ्ग्रह

कथाकार मुन्नी सापकोटा भारतीय नेपाली बालसाहित्यका क्षेत्रमा सशक्त रूपमा कलम चलाउने सर्जकहरूमध्ये एकजना हुन्। प्रस्तुत उपशीर्षकमा कथाकारको परिचयसहित उनका प्रकाशित तिनवटा बाल कथासङ्ग्रहको अध्ययन प्रस्तुत छ।

### ४.२.१ कथाकारको परिचय

मुन्नी सापकोटाको जन्म २९ नोभेम्बर १९५० मा असमको अमिन गाउँमा बाबा इन्द्रसिंह ठकुरी र आमा पदममाया ठकुरीको कोखबाट भएको थियो। प्रवेशिका उत्तीर्ण गरी हिन्दीमा प्रबोध र नेपालीमा साहित्य भूषण उतीर्ण गरेकी उनी हाल बडागाउँ नेपाली विद्यालयमा प्राथमिक शाखाकी प्रधानाध्यापिकाका रूपमा कार्यरत छिन्। सन् १९७० को 'हाम्रो सयपत्री' पत्रिकामा प्रकाशित 'स्त्री शिक्षा र वैवाहिक समस्या' लेखबाट आफ्नो साहित्य लेखन आरम्भ गरेकी उनका मौलिक र अनूदित साहित्यिक कृतिहरू यस प्रकार छन्-

**मौलिक कृतिहरू**

(१) *कथा फूलबारी* (बालकथासङ्ग्रह, सन् २००१)

(२) *बल्ल बुद्धि पलायो* (बालकथासङ्ग्रह, सन् २००५)

(३) *जुनकीरी* (बालकथासङ्ग्रह, सन् २०१२) आदि।

**अनूदित कृतिहरू**

(१) *असमीया महिला कविका कविता* (संयुक्त अनुवाद, सन् २००२),

(२) *लोहितघाटी की कहानियाँ* (संयुक्त हिन्दी अनुवाद, सन् २००८) आदि।

पाठ्यपुस्तक निर्माणका साथै उनका फुटकर कथा, कविता, गीत, निबन्ध आदि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ। सन् २००५ मा उनको सम्पादनमा *फूलबारी* बालपत्रिका प्रकाशित भएको पाइन्छ। यसबाहेक उनी असम लेखिका संस्था र नेपाली साहित्य परिषद्, असम आदि सङ्घ संस्थानमा आजीवन सदस्यका रूपमा संलग्न छन्।

मुन्नी सापकोटा देशका विभिन्न साहित्य संस्थानबाट सम्मानित तथा पुरस्कृत पनि भएकी छन्।

- अखिल भारतीय नेपाली भाषा समिति, मालीगाउँ शाखाबाट सन् १९९३ मा सम्मानित।
- भारतीय नेपाली राष्ट्रिय परिषद्, सिक्किमबाट सन् १९९३ मा सम्मानित।
- अखिल भारतीय नेपाली भाषा समिति, असम राज्य शाखाबाट सन् १९९५ मा सम्मानित।
- नेपाली साहित्य परिषद्, मालीगाउँबाट सन् २००४ मा सम्मानित।
- नरतन सारथीबाट सन् २००४ मा सम्मानित।
- नेपाली साहित्य परिषद्, असमबाट सन् २००८ मा सम्मानित।
- असम राज्य सरकारबाट सन् २००४ मा कीर्ति शिक्षक पुरस्कारद्वारा विभूषित।
- भारत सरकारबाट सन् २००७ मा राष्ट्रिय कीर्ति शिक्षक पुरस्कारबाट पुरस्कृत।
- नयाँ दिल्ली, साहित्य आकादमीबाट बालकथासङ्ग्रह *जूनकीरी*-को निम्ति बालसाहित्य अकादमी पुरस्कारले सन् २०१४ मा पुरस्कृत।

उनका हालसम्म प्रकाशित बालकथासङ्ग्रह यस प्रकार छन्-

(१) *कथा फूलबारी* (सन् २००१)

(२) *बल्ल बुद्धि पलायो* (सन् २००५)

(३) *जूनकीरी* (सन् २०१२)

सापकोटाका यिनै बालकथासङ्ग्रहमा सङ्गृहीत कथाहरूलाई छुट्टाछुट्टै रूपमा अध्ययन विश्लेषण गरिएको छ।

### ४.२.२ कथा फूलबारी

*कथा फूलबारी* मुन्नी सापकोटाको सन् २००१ मा प्रकाशित पहिलो बालकथासङ्ग्रह हो। यस सङ्ग्रहमा जम्मा दसवटा कथाहरू छन्। यीमध्ये 'अनुको सानो बिरुवा' र 'रमाइलो वनभोज' कथामा प्रकृति चित्रण पाइन्छ। 'अनुको सानो बिरुवा' कथामा पात्र अनुले बाटोमा ओइलिएर मर्न लागेको बिरूवालाई घरको छेउमा लगेर रोपेकी छे। उसले त्यस बिरूवालाई मलजल गरेपछि त्यसले दिएको छाया र बिरूवाको पातलाई अनुको बाबाले औषधिको रूपमा प्रयोग गरेको कुरा कथामा प्रस्तुत छ। यस कथाले एकातिर बोटबिरूवा संरक्षण गर्नुपर्छ भन्ने सन्देश दिएको छ भने अर्कोतिर रूखपातबाट मानिसले औषधि प्राप्त गर्दछ भन्ने कुरा देखाएर यसको उपयोगितालाई प्रकाशमा ल्याइएको छ। उदाहरणार्थ-

> *यति मात्र होइन गाउँभरि नीमको रूख भरिएकाले गर्दा हिज आज त्यस गाउँमा धेरै प्रकारका रोगबाट सबै गाउँलेहरू मुक्त छन्। नीम मात्र हैन, सबै रूखपातले हाम्रो उपकार गर्छन् तर अपकार कहिल्यै गर्दैनन्।*[७१]

रूखपातले मानिसलाई स्वास फेर्नको लागि ताजा हावा, खानको लागि फलफुल, लाउने वस्त्र, स्वस्थ बस्नका लागि औषधि र शुद्ध वातावरण उपलब्ध गराउँदछ। तसर्थ मानिसले वनस्पतिको रक्षा गरेर प्रकृति र वातावरणलाई प्रदूषित हुनबाट मुक्त गराउने प्रयास गर्नुपर्छ भन्ने विचार यस कथामा व्यक्त भएको पाइन्छ।

'रमाइलो वनभोज' कथामा प्रकृतिको सुन्दर चित्रण पाइन्छ। वनभोज भन्नासाथ फराकिलो हरियो मैदान, त्यहाँबाट देखिने डाँडा र प्राकृतिक सुन्दरताको चित्र आँखाअघि आउँदछ। 'रमाइलो वनभोज' कथामा पनि यिनै कुराको वर्णन गरिएको छ। कथामा वर्णित प्राकृतिक दृश्यलाई यसरी प्रस्तुत गरिएको छ-

---

[७१]मुन्नी सापकोटा, सन् २००१, *कथा फूलबारी,* गुवाहाटीः धनज्योति प्रकाशन, पृ.८

*वनभोज स्थल साह्रै राम्रो थियो। चारैतिर पहाड अनि ठूला ठूला रूख पातले घेरिएको। एउटा सानो पहाडी खोला छङ्ङ छङ्ङ गर्दै बगिरहेको। त्यसको पानी साह्रै सफा थियो। पानी मुन्तिरका स-साना ढुङ्गाहरू छर्लङ्ग देखिएका थिए। चराहरू नुहाउँदै थिए।*[७२]

उपर्युक्त उद्धरणमा प्राकृतिक सुन्दरताको वर्णन रोचक ढङ्गमा गरिएको पाइन्छ। ठुला ठुला रूखले घेरेको, हरियो, शान्त, साथै पहाडी खोलाको वर्णनले प्रकृतिको दृश्यलाई आँखाअघि छर्लङ्ग देखाएको छ। प्रकृतिलाई अझ सुन्दर चित्रण गर्नाका लागि खोलाभित्रको ढुङ्गा, सफा पानी आदिको उल्लेख गरिएको छ। खोलाको स्वच्छ पानीमा चरा चुरुङ्गी नुहाएको दृश्यले बालबालिकाको आँखाअघि चरा चुरुङ्गी नाचेको विम्ब आउँदछ। प्रकृतिको सुन्दर रूपको दृश्यात्मक वर्णनले बालबालिकाहरू हर्षित हुनाका साथै उनीहरूको कल्पना गर्ने क्षमताको पनि विकास हुने गर्दछ।

प्राचीन समयदेखि नै हाम्रो समाजमा शिकार गर्ने चलन पाइन्छ। लक्ष्मीप्रसाद देवकोटाको *शाकुन्तल* महाकाव्यमा शिकार खेल्न गएका राजा दुष्यन्तले जङ्गलमा शकुन्तलासित विवाह गरेको प्रसङ्ग पाइन्छ। यसले प्राचीन समयमा राजाहरू फुर्सदको समयमा जङ्गलमा गएर शिकार खेल्ने गर्दथे भन्ने कुरा बुझिन्छ। शिकारीहरूले आफ्नो जीविकोपार्जनका निम्ति पशुप्राणीको शिकार गर्छन् भने राजा आफ्नो मनोरञ्जनका लागि शिकार गर्छन्। 'एकतामा बल' कथामा शिकारीले जङ्गलमा शिकार गर्न जाँदा भुइँमा हिँड्ने साना साना कमिला तथा अन्य किराहरूलाई कुल्चिएर मारेको प्रसङ्ग आएको छ। कमिलाहरू परिश्रमी र लगनशील प्रवृत्तिका हुन्छन्। खानेकुरा खोज्न हिँडेका कमिलाहरूको गुँड शिकारीका खुट्टाले भत्काएका कारण कमिला विचल्नीमा पर्छन्। यस घटनालाई कथामा निम्न रूपमा प्रस्तुत गरिएको छ-

[७२]सापकोटा, 'कथा फूलबारी', पूर्ववत्, पृ.३६

*कतैबाट एउटा शिकारीको दल त्यहाँ आयो। सबैजना घोडामा सवार थिए। त्यहीँ शिकार गर्न थाले। शिकार गरे पछि त्यहीँ लडी बडी गर्दै बसेर खान पीन गर्न थाले। यसो गर्दा घोडाका खुरले र शिकारीका खुट्टाले कमिलाको गोलो भताभुङ्ग भयो। ससाना बच्चा किचिएर, फुलहरू फुटेर माटामा मिस्सिन गए। उनीहरूको हेरचाह गर्न राखेका कर्मी कमिलाहरू कोही मरे, कोही घाइते भए। रानी दिदीले कुनै सुरत रूखमा चढ्न भ्याएकाले ज्यान जोगाई।*[७३]

अर्थात्, शिकारीहरू घोडामा चडेर शिकार गर्न गएका छन्। घोडाले मानिसलाई यातायातमा सहायता गरेको छ। जङ्गलको अप्ठ्यारो भीरमा घोडाको सहायताले मात्र मानिस हिँड्न सक्छ। मानिसले प्रकृतिलाई आफ्नो आवश्यकताअनुसार प्रयोग गरेको छ। शिकार गर्ने क्रममा भुइँमा रहने साना साना किराहरूको पनि विनाश हुन्छ। माथिको पङ्क्तिमा शिकारी र घोडाका खुट्टाले कमिलाहरू किच्चिएर मरेका छन्। यसको तात्पर्य शिकार खेल्नु राम्रो होइन, शिकार खेल्नाले प्रकृतिका विभिन्न पशुप्राणीको हत्या हुन्छ। फलस्वरूप यस संसारबाट एकदिन यस्ता कतिपय प्राणीहरू लोप भएर जान्छ। बारम्बार शिकार गर्नाले प्रकृतिमा रहेका साना साना किराहरू पनि मासिएर जान्छन् जसले खाद्य शृङ्खलालाई नकरात्मक प्रभाव पार्दछ। यस कथाले बालबालिकामा पशुप्राणीप्रति माया गर्ने परिवेश निर्माण गरेको छ। शिकार खेल्नाले प्रकृतिको विनाश हुन्छ भनेर जानकारी गराइएको छ।

### ४.२.३ बल्ल बुद्धि पलायो

सन् २००५ मा प्रकाशित *बल्ल बुद्धि पलायो* मुन्नी सापकोटाको दोस्रो बालकथासङ्ग्रह हो। यसमा जम्मा पाँचवटा 'लोभी आले', 'खरायो र बाँदर', 'बल्ल बुद्धि पलायो'. 'मैना चरी' प्रकृतिबारे लेखिएका कथाहरू छन्। उनको पहिलो कथा सङ्ग्रहमा भन्दा यस

---

[७३]सापकोटा, 'कथा फूलबारी', पूर्ववत्, पृ.१-२

सङ्ग्रहका कथाहरू प्रकृति चित्रणका दृष्टिले धेरै सशक्त छन्। पशुप्राणीलाई मानवीकरण गरी यी कथा लेखिएका छन्। खरायो, बाँदर, मैना, हात्ती, चिम्पान्जी, सिंह, स्यालजस्ता पशु प्राणीलाई कथाको पात्र बनाइएको छ। यस सङ्ग्रहको पहिलो कथा हो 'लोभी आले'। एउटा जङ्गलमा बस्ने चञ्चले स्वभावको हात्तीले केरा खाँदा मुखियाको पालेले थापेको पासोमा पर्छ। यसलाई कथामा निम्न प्रकारले प्रस्तुत गरिएको छ-

*त्यस दिन मुखियाले हात्ती समाल्ने पासो बनाएर छोडेको रहेछ। लोभी आले एउटा घारीले न अघाएर अर्को खान जाँदा जालमा परेछ। बिचरा दिन बिग्रिएकाले उसको त्यस्तो विजोग भयो।*[७४]

मासु खाने पशुले आफुभन्दा कमजोर पशुको शिकार गरी पेट भर्छन् भने मासु नखाने पशुले हरियो घाँस तथा फलफुलहरू खाएर आफ्नो भोक मेटाउने गर्छन्। प्रस्तुत कथामा पनि हात्तीले प्रकृतिमा पाइने विभिन्न प्रकारका फलफुल खाएर आफ्नो भोक मेट्ने गरेको छ। उसले जङ्गलमा खाने कुरा नपाएपछि गाउँका मानिसले रोपेको केरा खाना जाँदा पासोमा पर्छ। आले हात्ती खानमा लोभी हुन्छ र साथीहरू सबै अघाएर आफ्नो स्थानमा फर्किसक्दा पनि ऊ खाइरहेको हुन्छ। पासोमा परेपछि हात्ती आफुले चाहेको गर्न सक्दैन। त्यसपछि उसको जीवन दुःखमा बितेको कुरा कथामा सङ्केत गरिएको छ। तर कस्तो प्रकारको दुःख हो त्यसबारे केही उल्लेख गरिएको छैन। यसले आलेलाई सर्कस वा चिडियाखानामा राखिएको हुनुपर्छ अथवा उसलाई मारेर शरीरको छाला, दाँत निकालेर बिक्री गरिएको हुनुपर्छ भन्ने दुईवटा अर्थतर्फ सङ्केत गर्दछ।

'बल्ल बुद्धि पलायो' कथामा कथाकारले बाँदरको उपद्रोको कारण फलफुल पाक्न नपाई हाँगैसित भुइँमा झारेर अनिकाल लागेको कुरा देखाएका छन्। रूखमा फल नलागेको कारण वनका सबै पशुहरू फल खान नपाएर भोकै भएका छन्। प्रकृतिको

---

[७४]मुन्नी सापकोटा, सन् २००५, *बल्ल बुद्धि पलायो,* गुवाहाटीः कवूकवू प्रकाशन, पृ.७

सन्तुलन बिग्रनमा मानिस नै जिम्मेवार हुनुपर्छ भन्ने छैन तर एउटा बाँदरले पनि प्रकृतिलाई हानी गरिरहेको हुन्छ। यस कथामा झ्यापुल्ले नामक बाँदरको माध्यमबाट प्राकृतिक सङ्कटको परिणामलाई देखाइएको छ। उदाहरण-

*उसको आहार थियो जङ्गलमा फलेका फलफूल। जङ्गलमा पाकेका फलफूल पहिले उसले नचाखेसम्म कसैले खान पाउँदैन थिए। उसले नचाखी कसैले खायो अथवा खाएको चाल पायो भने त्यसदिन त्यसले झ्यापुल्ले दाइको ठोकाइ खान पर्थ्यो। त्यस कारण फलफूल मात्र खानेहरू झ्यापुल्ले दाइको त्यस्तो व्यवहारले दुखित थिए। यति मात्र होइन झ्यापुल्ले फल खान भन्दा धेर नोक्सान गर्थ्यो। त्यति मात्र नभएर फलफूलका हाँगाबिंगा भाँचेर फ्याँक्थ्यो। त्यसले गर्दा फलफूल खाएर बाँच्नेहरू फल खान नपाएर वेहाल थिए।*[७५]

उक्त उदाहरणमा प्रकृति सबैको साझा सम्पत्ति हो भन्ने यथार्थलाई देखाइएको छ। प्रकृतिलाई वन्य प्राणीले आफ्नो दैनिक भोजनका रूपमा प्रयोग गर्छन्। जङ्गलका अन्य प्राणीहरू बाँदरबाट शोषित भएका छन्। प्रकृतिका अनावश्यक प्रयोगले अनिकाल लाग्नका साथै उद्भिद जगत् विनाश भएर जान्छ भन्ने कुराको जानकारी बालबालिकालाई गराएको पाइन्छ। यो कथा प्रकृतिको सुन्दरतालाई त्यहाँ बस्ने वन्य पशु प्राणीले पनि जोगाएर राख्नुपर्ने आवश्यकतामाथि केन्द्रित रहेको छ।

### ४.२.४ जूनकीरी

मुन्नी सापकोटाको सन् २०१२ मा प्रकाशित तेस्रो बालकथासङ्ग्रह हो *जूनकीरी*। यस सङ्ग्रहमा 'जूनकीरी' ,'चरो र मान्छेको मितेरी', 'ब्वाँसो र बँदेल', 'परिवेश', 'कुसङ्गतको फल' आदि गरी जम्मा तेह्रवटा कथाहरू समाविष्ट छन्। सापकोटाका अघिल्ला दुईवटा कथासङ्ग्रहको तुलनामा यसमा प्रकृति चित्रण थोरै रहेको पाइन्छ। 'चरो र मान्छेको

[७५]सापकोटा, 'जूनकीरी', पूर्ववत्, पृ.११-१२

मितेरी' कथामा प्रकृतिको चित्रण एउटा रूखमाथि चरा बसिरहेको दृश्यबाट गरिएको छ। चरा र बालकको मित्रता देखाएर अन्त्यमा त्यही चराको हत्या गरेको दृश्यले कथा मार्मिक बनेको छ। मानिसले चरा तथा अन्य प्राणीलाई पनि संसारमा जिउन दिनुपर्छ किनभने सबै प्राणीहरू प्रकृतिका अङ्ग हुन् भन्ने सन्देश प्रस्तुत कथाले बोकेको पाइन्छ। जस्तै,

*उ हाँस्दै चराहरू समात्दै घाँटी निमोठ्दै झोलामा हाल्नथाल्यो।*[७६]

यस पङ्क्तिले प्रकृतिप्रति मानिस कतिसम्म निर्दयी हुनसक्छ भन्ने कुरालाई देखाएको छ। एउटा चराको मासुले मानिसलाई एकछाक टार्न सक्दैन तर पनि मानिसले चराको शिकार गर्ने गर्दछ। मानिसले केवल आफ्नो निम्ति मात्र सोच्छ। मानिसदेखि अन्य जीवलाई पनि पीडा हुन्छ, उनीहरूको पनि आत्मा हुन्छ, जीवन हुन्छ। यस कथामा प्रकृतिका सिर्जनालाई जोगाउने मानिसको कर्त्तब्य हो भन्ने मूल सन्देश रहेको छ।

मुन्नी सापकोटाका यी तिनैवटा कथासङ्ग्रहमा प्रकृतिलाई कुनै न कुनै रूपमा चित्रण गरिएको पाइन्छ, चाहे त्यो पशु प्राणी नै किन नहोस्। *कथा फूलबारी* का कथाहरूमा प्रकृति प्रेम, प्रकृतिको सुन्दरता साथै प्रकृतिको प्रयोगलाई देखाइएको छ। यस सङ्ग्रहमा भएका 'अनुको सानो बिरुवा' अनि 'दया' जस्ता कथाहरूमा प्रकृतिको सुन्दरता, औषधिको रूपमा प्रकृतिको उपयोगिता जस्ता कुराहरूको चित्रण छ। *बल्ल बुद्धि पलायो* सङ्ग्रहका कथाहरूमा मानिसले पशुलाई सर्कस तथा चिडियाखानामा लगेर पशुहरूको स्वतन्त्रता हनन् गरेको कथा छ। प्रकृतिमा वनस्पतिले मानिसलाई जीवनमा चाहिने सबै कुरा दिन्छ तर मानिसले प्रकृतिको प्रयोग गर्नाको साथै यसको शोषण पनि गरिरहेको छ। प्रकृतिको गतिशीलतामा अवरोध लगाएको साथै प्रकृतिको विनाश गर्न मानिस जिम्मेवारी रहेको कुरा यस सङ्ग्रहका कथाहरूले मूल रूपमा उठाएको छ। मुन्नी सापकोटाको तेस्रो

---

[७६]सापकोटा, 'जूनकीरी' पूर्ववत्, पृ.३३

कथासङ्ग्रह *जूनकीरी*- का कथाहरूमा मानिसलाई प्रकृति विनाशको कारण मानिएको छ। यस दृष्टिले हेर्दा मुन्नी सापकोटा आफ्ना कथाहरूमा प्रकृति चित्रणले धेर सचेत रहेकी छन् कारण तेस्रो सङ्ग्रहका कथाहरूमा प्रकृतिको विनाशलाई जुन रूपमा चित्रण गरिएको छ त्यसले यसको संरक्षण गर्नुपर्छ भन्ने तर्फ पनि सङ्केत गरिएको छ।

प्रकृति चित्रणका दृष्टिले उनका तिनैवटा कथासङ्ग्रह एकै किसिमका देखिए पनि प्रकृतिको सुन्दरताको महत्त्व बुझेर यसको विनाश होइन तर यसलाई जोगाएर राख्नमा मानव समाजको हित छ भन्ने सन्देश धेरजसो कथाहरूले दिन खोजेको छ।

## ४.३ स्नेहलता राईको परिचय र उनको बालकथासङ्ग्रह

भारतीय नेपाली बालकथाका क्षेत्रमा कथाकार स्नेहलता राईले सन् २००७ देखि कलम चलाउँदै आएकी हुन्। आजसम्म उनको एउटा मात्रै बालकथासङ्ग्रह प्रकाशित भएको छ जसलाई यहाँ प्रकृति प्रयोगको दृष्टिले हेरिएको छ। बालकथाकारको परिचय र कथासङ्ग्रहलाई यस उपशीर्षकअन्तर्गत राखेर अध्ययन गरिएको छ।

### ४.३.१ कथाकारको परिचय

स्नेहलता राईको जन्म दार्जिलिङको तकभरमा ६ जनवरी १९५० मा बाबा रोबीन नेचाल र आमा शारदा नेचालका कोखबाट भएको थियो। सन् १९६५ मा हस्तलिखित पत्रिका *किरण*- मा छापिएको उनको कविताबाट साहित्य लेखन सुरु भएको पाइन्छ। यसपछि उनी सन्ताउन्न वर्षको उमेर पगेर अर्थात् सन् २००७ मा एकैचोटि *मनका हरफहरू* (कवितासङ्ग्रह सन् २००७) र *बालसुमन* (बालकविता, सन् २००७) गरी दुईवटा कृति लिएर नेपाली साहित्य जगत्मा प्रवेश गरिन्। यसपछि राईका अन्य कृतिहरू एकपछि अर्को गर्दै प्रकाशमा आए। ती कृतिहरू यस प्रकार छन्-

(१) *मनसँग साउती गर्दै* (कविता सङ्ग्रह, सन् २००८)

(२) *विचयन* (साना साना कुराहरूको सँगालो, सन् २००८)

(३) *बालोद्यान* (बालकवितासङ्ग्रह, सन् २००९)

(४) *स्नेहोद्गार* (बालकथासङ्ग्रह, सन् २००९)

(५) *प्रकृति र पृथ्वी भाग १* (बालकवितासङ्ग्रह, सन् २०१०)

(६) *प्रकृति र पृथ्वी भाग २* (बालकवितासङ्ग्रह, सन् २०१०)

(७) *मेरो प्यारो गाउँ* (बालकविता, सन् २००९, नेपालबाट प्रकाशित)

(८) *मनु* (किशोर बालउपन्यास सन् २०१३)

(९) *प्रकृतिको प्रिय घर* (किशोर कथासङ्ग्रह, सन् २०१३) आदि।

स्नेहलता राई नेपाली साहित्य सम्मेलन, दार्जिलिङ, भारतीय गोर्खा परिसङ्घ, गोर्खा दुःख निवारक सम्मेलन, दार्जिलिङ, सञ्जीवनी सी. टी. स्क्यान, दार्जिलिङ, जनमत साहित्यिक मासिक काठमाडौं नेपाल, वसुधा, दार्जिलिङ, आमा गुठी, माउन्ट हर्मन, दार्जिलिङ आदि विभिन्न सङ्घ संस्थाका आजीवन सदस्यका रूपमा संलग्न रहेकी छन्।

स्नेहलता राई विभिन्न साहित्य संस्थानबाट पुरस्कारले पुरस्कृत भएकी छन्। सन् २००७ मा प्रकाशित *बालसुमन* नामक कृतिका निम्ति नयाँ दिल्लीबाट सन् २०१२ मा साहित्य अकादमी पुरस्कारले पुरस्कृत भएकी छन् भने सन् २०११ मा विराट नगर, नेपालबाट बालसाहित्य पुरस्कारले सम्मानित हुनाका साथै सन् २०१० मा दार्जिलिङबाट आजीवन (लाइफटाइम एचिभमेन्ट एवार्ड) पुरस्कारले पनि पुरस्कृत भएकी छन्।

उक्त कृतिहरूमध्ये पनि विशेष गरी सन् २००९ मा प्रकाशित उनको *स्नेहोद्गार* सङ्ग्रहका कथाहरूलाई प्रकृति चित्रणको दृष्टिले अध्ययन गरिएको छ।

### ४.३.२ स्नेहोद्गार

स्नेहलता राईद्वारा लिखित *स्नेहोद्गार* सन् २००९ मा प्रकाशित बालकथासङ्ग्रह हो। यस सङ्ग्रहमा जम्मा चौधवटा कथाहरू सङ्गृहीत छन्। प्रकृति प्रयोगका दृष्टिले यसभित्र भएका 'प्रकृति प्रेम', 'हिउँ परेको दिन', 'परितृप्त रूख', 'सुन्दर पुतली', 'काग र पर्यावरण' आदि कथाहरू विशेष अध्ययनीय रहेको छ।

'प्रकृति प्रेम' कथामा प्रकृतिको सुन्दर रूपको चित्रण पाइन्छ। प्रकृतिमा पाइने विभिन्न प्रकारका फलफुल जस्तै, भोकटे, तित्तिरी, मेवा, नरिवल, केरा, लिची, सुपारी तथा डेलिया, जिनिया, बगानबेली, जरबेरा, लालुपाते आदि नामबारे बालबालिकालाई जानकारी दिइएको छ। फल र फुलले प्रकृति सुन्दर देखिन्छ। यस कथाको पात्र विवेक पढ्नका निम्ति गाउँबाट सहरमा गएको छ। उसले त्यहाँ सहरमा पुगेपछि आफ्नो गाउँ सम्झिन्छ। गाउँमा वरिपरि फलफुलका बोटहरू हावा लाग्दा हल्लिएको र लटरम्म फल फलेको समयमा फलका बोटहरू हेरेर विवेकको मनमा धेरै जिज्ञासा हुन्छ। उदाहरण-

*घरको बारीमा पहेंला पहेंला तोरीका फूलहरू फूलेका हुन्थे, त्यहाँ पनि दिनभरी नै मौरीहरू आउँथे। घरका वरिपरि केराका बोटहरू थिए, ती केराका पातहरू हावामा हल्लिँदा विवेकलाई यस्तो लाग्थ्यो- 'मलाई प्रकृतिले हम्किरहेछ।' रूखमा लटरम्म लिची, तितिरी, केरा, मेवा फलेको देख्दा विवेक दङ्ग पर्थ्यो र सम्झन्थ्यो- एउटा मकैको गेडा उम्रेर यसरी घोगाभरि सयसय मकै फल्दछन्।*[७७]

उपर्युक्त पङ्क्तिमा प्रकृतिको उर्वरा शक्तिलाई विशेष रूपले देखाइएको छ। प्रकृतिको जैविक शक्तिले गर्दा तोरी फुलेको छ, फलका बोटहरूमा लटरम्म फल फलेको छ। प्रकृतिको उर्वरताले प्राणी जगत्लाई धेरै प्रकारका अन्न तथा सागपात दिन्छ। प्रकृतिमा

[७७]राई, 'स्नेहोद्गार', पूर्ववत्, पृ.४

उम्रिएका सम्पूर्ण वनस्पतिहरू आफ्नो विशेष मौसम र आफ्नो निश्चित समयमा फुल्ने र फल्ने गर्दछन्। लिची, मेवा, आँपजस्ता फलहरू विशेष गरी गरम ठाउँमा मात्र फल्छन्।

विवेक छुट्टीमा सहरबाट गाउँ आएपछि हजुरआमाले आगोमा पोलेर दिएको मकै खान पाउँदा धेरै खुसी हुन्छ। यसले विवेकलाई गाउँका मानिसहरू प्रकृति उत्पादित खाद्यवस्तु खाएर उनीहरू प्रकृति नजिक रहेछन् भन्ने कुरा थाहा हुन्छ। उदाहरण-

*यसरी प्रकृतिसँग, माटोसँग मनमनै स्वयम् धन्य सम्झँदै विवेकले आफ्नी बज्यैले आगोमा पोलिदिएकी मकै रमाउँदै खान्थ्यो। उसको अहिले बसेको शहरको घरमा आगोको अगेना छैन।*[७८]

सहरिया परिवेश र जीवन शैलीको तुलनामा गाउँघरको परिवेश धेरै भिन्न हुन्छ। ग्यास चुल्हामा पकाएको खाना खाने विवेक छुट्टिमा गाउँ आउँदा माटोले लिपेको अगेना देखेर धेरै आनन्दित बन्छ। त्यस अगेनामा पोलेको मैक खानु पाउनु उसको निम्ति थप आनन्द हो। यस अनुभवले ऊ आफैलाई धन्य सम्झन्छ। सहरीकरणले मानिस दिनदिनै प्रकृतिदेखि टाडो बन्दै गएको कुरा यस कथामा विशेष चित्रित पाइन्छ।

'काग र पर्यावरण' कथामा कागले प्रकृतिमा भएको प्रदूषणलाई हटाएर मानिसको जीवनलाई स्वस्थ बनाउन सहयोग गरेको चित्रण छ। यस कथाले प्रकृतिमा रहने सम्पूर्ण जीवका कारण मानिसको जीवन सार्थक बनेको कुरा देखाउन खोजिएको छ। उदाहरण-

*मरेका प्राणीका सिनोहरू पनि खाएर वातावरणको दुर्गन्धिलाई हटाइदिन्छु। कृषकहरूको अन्नबाली नष्ट गर्ने कीरा-फटेङ्ग्रा खाई अन्नबालीको सधैं म रक्षा गरिदिन्छु।*[७९]

---

[७८]राई, 'स्नेहोद्गार' पूर्ववत्

[७९]राई, 'स्नेहोद्गार' पूर्ववत्, पृ.३२

यहाँ कागलाई मानवीकरण गरी पर्यावरण सन्तुलनमा कागको महत्त्व साथै भूमिकालाई देखाइएको छ।

मानिसले जलचर प्राणीलाई शिकार गर्दा खोलामा प्राणघातक औषधिको प्रयोग गर्छ। जलचर प्राणीसितै मानिस, गाई, भैंसी, चरा चुरुङ्गीले त्यस खोलाको विषाक्त पानी सेवन गरेको खण्डमा उनीहरूको प्राण जान पनि सक्छ। 'परितृप्त रूख' कथामा खोलामा विष हालेर प्रकृतिको जैविक गुणलाई नष्ट गरेको देखाइएको छ। विभिन्न प्रकारका किटनासकहरूको प्रयोगले प्रकृतिमा परिरहेको नकारात्मक प्रभावलाई कथामा यसरी देखाइएको छ-

*चिया बगानमा चियाका पातका किरा मार्ने थाइडिन भन्ने विषाक्त औषधि हुन्छ- त्यसको घोल खोलामा लगाएपछि बिचरा माछाहरू पर्लक्क पल्टेर सेतै तर लाग्छन् पानीको माथि माथि। यस्ता माछाधरि सोरसार पारेर ल्याउँछन् जालाहारीहरू- तर यी माछाहरूका चाहिँ पेट फ्याँकेर खान्छन्। आजभोलि त झन् खोलाको छेवैमा जेनेटर लगेर बिजुलीको करेन्ट खोलामा फ्याँकेर सुठी साह्रै अत्याचार गरी माछाहरूलाई करेन्टले मार्छन्।*[८०]

मानिसले खोलामा माछा मार्नुलाई एउटा सामान्य कुरो सम्झन्छ। विषालु रसायन तथा करेन्टको प्रयोग गरी माछा मारेर मानिसले आफ्नो जीवनयापन गर्छ। यसका साथै कलकारखानाबाट निस्किएका विषालु पदार्थलाई खोलामा लापरवाही साथ फ्याँक्नाले माछा साथै अन्य जलचर प्राणीहरूको मृत्यु हुने सम्भावना हुन्छ। यसले प्रकृतिमा प्रतिकूल असर परिरहेको छ। माछा मार्ने क्रममा मानिस आफै पनि विभिन्न रोगले आक्रान्त बनी अस्वस्थ हुन सक्छ।

वनस्पति जगत्मा सबै प्रकारका रूखपातमा भाले र पोथी हुने गर्छ। कतिपय भाले पोथी एउटै बोटमा पनि हुन्छन् भने कतिपयमा भाले र पोथी अलग अलग हुन्छन्। भाले

[८०]राई, 'स्नेहोद्गार' पूर्ववत्, पृ.१८

र पोथी अलग भएका वनस्पतिका लागि परागण (पोलिनेसन)-को आवश्यकता पर्दछ। भाले फुलको पुष्परेणु (पोलेन ग्रेन) पोथी फुलसम्म पुग्नलाई कुनै एउटा माध्यमको आवश्यकता पर्दछ। पानी, हावा, मौरी, पुतली, भमरा तथा अन्य किराहरूले पुष्परेणुलाई पोथीको फुलसम्म पुऱ्याउने माध्यमको काम गर्दछन् र त्यसमा फल लाग्दछ। यसरी वनस्पति जगत्‌को जीवन चक्र चलिरहन्छ। कथाकार स्नेहलता राईले आफ्नो कथा 'सुन्दर पुतली' मा पुतली फुलबारीमा डुलेको प्रसङ्गबाट यस कुरालाई देखाएकी छन्-

*मलाई यहीँ फूलबारीका फूलहरूको बोटमा नै रमाइलो लाग्छ। मलाई यहीँ सुन्दर लाग्छ। मलाई यहीँ सुन्दर फूलहरूको वास्ना नै मनपर्छ।*[८१]

प्रकृति आफ्नो गतिमा चलायमान् रहनालाई सम्पूर्ण जीवको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यस कथाले बालबालिकालाई फुल फुल्नका निम्ति प्रकृतिलाई जैविक अजैविक कुराहरूको आवश्यकता पर्दछ भन्ने जानकारी दिएको छ।

आकासमा बादल ठोक्किएर गड्याङ गुडुङ गरी बिजुली चम्किँदा पानी पर्छ र छिचिमिरा निस्कन्छन्। प्रकृतिको यो चक्र निरन्तर चलिरहन्छ। राईको 'सुन्दर पुतली' कथामा यसको रोचक वर्णन पाइन्छ। उनी लेख्छिन्-

*खेल्ने मैदानको एक कुनामा सानो दुलोबाट हूरूरू हूरूरू छिचिमिराहरू निस्केर उड्न लागे। कति शिशुहरूले छिचिमिरा देखेकै थिएनन्।*[८२]

फागुन-चैत महिनामा छिचिमिरा निस्कन्छन्। छिचिमिराको आयु छोटो हुन्छ। यो उडेको केही क्षणमा नै मर्छ। प्रकृतिमा सम्पूर्ण जीवको मृत्यु निश्चित छ। प्रकृतिमा सबैको निश्चित समय र आयु हुन्छ तथा कार्य पनि निश्चित हुन्छ भन्ने जानकारी यस कथामा दिइएको छ।

---

[८१] राई, 'स्नेहोद्‌गार' पूर्ववत्, पृ.२९

[८२] राई, 'स्नेहोद्‌गार' पूर्ववत्, पृ.२८

*स्नेहोद्‌गार* सङ्ग्रहका कथाहरूमा प्रकृतिको विनाश, प्रकृति प्रदूषण साथै प्रकृतिको संरक्षणमा रूख बिरूवाको भूमिकाजस्ता विषयहरू समाविष्ट छन्। कथामा लिची, तित्तिरीजस्ता विभिन्न फल फुलका बोटहरूको नाम उल्लेख गरी बालबालिकालाई ती फलफुल तथा रूखपातको नाम चिनाउन खोजिएको छ। प्रकृतिको सुन्दरताको चित्रण गर्ने क्रममा फुलबारी र त्यहाँ डुल्ने पुतलीको पनि वर्णन गरिएको छ। सृष्टिको क्रमलाई बुझाउनका निम्ति मकैको एउटा सानो दानाबाट प्रकृतिको सञ्चालनबारे बताइएको छ।

कागलाई मानवीकरण गरी लेखिएको यस कथामा प्रकृतिलाई स्वच्छ राख्नका लागि पशुहरूको महत्त्वपूर्ण भूमिकाबारे जानकारी गराइएको छ। स्नेहलता राईका उक्त कथाहरूमा प्रकृतिलाई विभिन्न रूपमा प्रयोग गरी प्रकृतिको संरक्षण अनि सम्बर्द्धनलाई केन्द्रमा राखिएको देखिन्छ।

## ४.४ भीम प्रधानको परिचय र उनको बालकथासङ्ग्रह

बालकथा लेखनमा भीम प्रधानको नाम उल्लेखनीय छ। सन् २०१३ मा उनको *बाल कोसेली* बालकथासङ्ग्रह प्रकाशित भएको पाइन्छ। कथाकारको परिचय साथै उनको प्रकाशित कथासङ्ग्रहको विश्लेषण निम्न रूपमा गरिएको छ।

### ४.४.१ कथाकारको परिचय

भीम प्रधानको जन्म दार्जिलिङको दरोगा बजारमा सन् १९५८ मा भएको हो। उनका पिता स्व. भक्तनारायण प्रधान र माता स्व. रनमाया प्रधान हुन्। प्रधानले म्युनिसिपल बाल माध्यामिक विद्यालय, दार्जिलिङबाट दसौं श्रेणीसम्म अध्ययन गरेका हुन्। पछिबाट सन् २००० देखि उनी *बाल दर्पण* (मासिक बाल पत्रिका)-को निरन्तर प्रकाशनमा लागि परेको देखिन्छ। हालसम्म यसका १०५ वटा अङ्क प्रकाशित भइसकेको छ।

हिमगिरी साप्ताहिक समाचार पत्रका सह सम्पादक, बाल दर्पण पत्रिकाका सम्पादक प्रधानले बालसाहित्यका कविता र कथा विधामा कलम चलाइसकेका छन्। *बाल कोसेली* भाग १ (कवितासङ्ग्रह, सन् २०१२), र *बाल कोसेली* (बालकथासङ्ग्रह, सन् २०१३) यिनका आजसम्मका प्रकाशित बाल कृतिहरू हुन्। यीबाहेक विभिन्न पत्रपत्रिकामा उनका धेरैवटा कविता, कथा, लेख आदि प्रकाशित भएको पाइन्छ। प्रधानले आफ्ना कृतिहरूमा बालबालिकालाई मनपर्ने विषयलाई लिएर बालसुलभ भाषामा आफ्नो रचना प्रस्तुत गरेका छन्। सिक्किमका विभिन्न पाठशालाहरूको भ्रमण गरी बालबालिकाहरूसित भेट गरी साहित्यिक कार्यशाला आयोजना गरेको पाइन्छ। उनका यी कार्यशालामा रचित कथा, कविता, निबन्ध आदि *बाल दर्पण* पत्रिकामा सङ्गृहीत भएको पाइन्छ।

भीम प्रधान विभिन्न साहित्य संस्थानबाट अभिनन्दित एवम् पुरस्कृत भइसकेका छन्, जो यस प्रकार छन्-

- सिक्किमबाट १०१औँ भानु जयन्तीमा अभिनन्दित।
- सिद्धि प्रकाशन पश्चिम सिक्किमबाट सन् २०१५ मा पत्रकारिता सेवा श्री सम्मानले सम्मानित।
- नयाँ दिल्ली, साहित्य अकादमीबाट सन् २०१८ मा *बाल कोसेली* बालकथासङ्ग्रहको निम्ति बाल साहित्य अकादमी पुरस्कारले विभूषित।

### ४.४.२ बाल कोसेली

*बाल कोसेली* सन् २०१३ मा प्रकाशित भीम प्रधानद्वारा लिखित पहिलो बालकथासङ्ग्रह हो। यस सङ्ग्रहमा जम्मा छब्बीसवटा कथालाई समावेश गरिएका यी कथाहरू नौँ वर्षदेखि बाह्र वर्षसम्मका बालबालिकाका निम्ति उपयुक्त देखिन्छ।

प्रकृति चित्रणका दृष्टिले हेर्दा कथाको शीर्षकलाई दुईवटा वर्गमा राखेर अध्ययन गरिएको छ। पहिलो वर्गअन्तर्गत प्रकृति केन्द्रित शीर्षक र दोस्रो वर्गअन्तर्गत प्रकृतिको सङ्केत नभएको शीर्षक तर प्रकृति आधारित कथा। प्रकृति चित्रणको पहिलो वर्गमा पर्ने कथाहरूमा 'फूललाई माया', 'चराहरूको बास उजाडियो', 'हामी जस्तै बिरुवाहरू', 'चराको कुरा' आदि शीर्षक रहेका छन्। यसमा कथाका शीर्षकले नै प्रकृतिप्रतिको मोह, यसको संरक्षण, र विनाशलाई सङ्केत गराएको देखिन्छ। यसै गरी प्रकृति चित्रणको दोस्रो वर्गमा पर्ने कथालाई 'बाबा छोराको गफ', 'परीको देशमा', 'एकतामा बल', 'स्कुलबाट फर्किंदा', 'भनेको नमान्दा' शीर्षक पाइन्छ। यी कथाहरूमा शीर्षकले प्रकृतिको सङ्केत नदिए तापनि प्रकृतिको सुन्दरता, प्रकृतिप्रति सचेतता, प्रकृतिको विनाशमा मानवीय हस्तक्षेप आदि कुराहरूलाई कथाभित्र समेटिएको पाइन्छ। भीम प्रधानको 'फूललाई माया' कथा प्रकृति प्रयोगका दृष्टिले सुन्दर कथा हो। यसमा  प्रकृतिको सुन्दरताको वर्णनका साथै फुलको महत्त्वलाई प्रधानता दिइएको छ। यस कथामा फुलको प्रयोग आदार सत्कारका लागि गरिएको छ। प्रस्तुत कथामा आमाले तिहारमा घर सजाउनका लागि फुलको माला उन्दै गरेको बेला छोरी अञ्जलीले आमालाई फुलको विषयमा प्रश्न सोध्छे। आमाले फुल प्रकृतिको अङ्ग हो त्यसैले यसलाई चाडपर्व, पुजाआजा, भगवान्को मन्दिरमा, कसैलाई सम्मान गर्दा, घर सजाउँदा प्रयोग गरिन्छ भनेर आफ्नी छोरीलाई जानकारी गराएकी छे। यहाँ आमा छोरीको संवादबाट फुलको उपयोगिता र महत्त्वमाथि प्रकाश पारिएको छ। प्रकृतिको संरचनामा विभिन्न तत्त्वहरूको अलौकिक मेल भएको देखिन्छ। फुल फुल्दा प्रकृति रमाइलो साथै सुन्दर देखिन्छ। 'फूललाई माया' कथाबाट एउटा उदाहरण प्रस्तुत छ-

*फूलहरू बोटमा नै राम्रो देखिए तापनि बोटबाट चुँडिएर हामीहरूको धेरै काममा फूलको उपयोग हुँदो रहेछ। भगवानलाई चढाउनदेखि मृत व्यक्तिलाई श्रद्धा व्यक्त गर्नसम्मलाई।*[८३]

आमाले छोरीलाई फुलको विषयमा सम्झाएपश्चात् फुललाई धेरै काममा उपयोग गर्न सकिँदो रहेछ भन्ने कुरा छोरीले आमाबाट बुझ्दछे।

प्रकृतिको संरक्षणका लागि बिरूवाहरू रोप्नुपर्छ। बिरूवालाई समय समयमा गोडेर मलजल गर्नुपर्छ भन्ने कुराको वर्णन 'हामी जस्तै बिरुवाहरू' कथामा पाइन्छ। उदाहरण-

*बिरुवाहरू रोपेपछि ती सबको हेरचाह गर्दै मल-जल पनि गर्नुपर्छ भन्नु भएको छ। तब मात्र भोलि-पर्सी ती बिरुवाहरू ठूला-ठूला रूखहरू भएर हामीलाई शीतलतासँगै शुद्ध हावा त दिन्छन् नै, फलफूलको साथमा काठपात पनि दिन्छन् अनि प्रकृतिको सुन्दरता बढाउँदै यस संसारको सुरक्षा पनि गर्छन्।*[८४]

उपर्युक्त उद्धरणले प्रकृति सन्तुलनका निम्ति रूखको महत्त्वपूर्ण भूमिकालाई देखाइएको छ। मानिसले रूखबाट फलफुल, काठ-पात प्राप्त गर्दछ। हावा, शीतलता र सुन्दरता दिई रूखले मानिसको मनलाई शान्ति दिन्छ। पृथ्वीमा पानी पर्नामा पनि रूखले नै सहयोग गर्दछ। यस कथाले बालबालिकालाई मानव जीवनमा प्रकृतिको कस्तो महत्त्व छ भन्ने कुरालाई बुझाइएको छ। रूखहरू रोपेर मात्र हुँदैन तर त्यसलाई राम्रोसित मलजल र स्याहार-सुसार गर्नाका साथै त्यसको संरक्षण गर्न पनि आवश्यक हुन्छ भन्ने सन्देश यस कथाको माध्यमबाट दिइएको छ।

---

[८३]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.१९

[८४]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.३८

एउटा आइफलको बोटका माध्यमबाट मानिसले फलफुल केवल आफ्नो उपयोगको लागि मात्र नरोपेर आउँदो नयाँ पुस्तालाई पनि सोचेर रोप्नुपर्छ भन्ने कुरा 'बाबा-छोराको गफ' कथामा यसरी प्रस्तुत छ-

*अन्त यति मीठो आइफल फल्ने बोट चाहिँ कसले रोपेका हुन् त ? बाबाले छोरा उदयको गालामा प्याट्ट हिर्काएर मुसुमुसु हाँस्दै भने, यो आइफलको बोट तिम्रो बाजे अर्थात् मेरो बाबाले तिमी र हामी सबैका निम्ति रोपिदिएका हुन्।*[८५]

प्रकृतिको महत्त्व र यसको संरक्षणप्रतिको सचेतता हाम्रा बाजे बोजूमा थियो तर आजका मानिसहरूमा त्यो चेतना छैन। फल सेवन गर्नालाई मात्र प्रकृतिको प्रयोग गर्छन्। आजको पुस्ताले रूख रोप्न र संरक्षण गर्न त्यति ध्यान दिएको देखिँदैन। मानिसले भविष्यलाई सोचेर वृक्ष रोपिदियो भने आउने पुस्ताले यसबाट धेरै लाभ प्राप्त गर्न सक्छन्। यस्ता कुराहरूलाई यस कथामा प्रस्तुत गरिएको छ।

सडक र भवन निर्माण गर्दा धेरै रूखहरू काटिन्छ। रूख कटाइले पहाडमा पैह्रो जान्छ, विभिन्न प्राणीहरूको बास हराउँछ र प्रकृति सङ्कटमा पर्छ। यी कुरा 'एकतामा बल' र 'चराहरूको बास उजाडियो' कथामा प्रस्तुत भएको पाइन्छ। विकासको क्रममा गाउँमा सडक खनिन्छ तर सडकको कान्लामा रहेका रूखका बोट-बिरूवालाई संरक्षण दिनका लागि त्यहाँ देवल लगाएर भलपैह्रो रोक्ने काम भएको हुँदैन। मानिसहरूले यसको परिणाम भोग्नुपर्दछ। 'एकतामा बल' कथामा सडकको भित्ता धस्किएर बाटो रोकिन्छ। भित्ताको माटोमा उम्रिएको रूख पनि माटो खस्दा सँगसँगै झर्छ। यसले रूखको विनाश साथै त्यहाँ बसेका चरा चुरुङ्गी साथै त्यस ठाउँमा बस्ने मानिसहरूलाई पनि सङ्कट उत्पन्न हुन्छ। 'चराहरूको बास उजाडियो' कथामा मानिसले प्रकृतिको विनाश गरेको प्रसङ्गलाई यसरी देखाइएको छ-

---

[८५]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.४५

*केही क्षणमा त्यो रूख ढल्दा रूखमा बसेका बुढा-बुढी चराहरू आफ्ना छोरा छोरीहरूका नामहरू पुकार्दै भुइँमा पछारिएर मरे। बच्चा चराहरू चीँ चीँ गर्दै आमा-बाबाहरूलाई बोलाउँदै, खोज्दै मरे, कति घाइते भए। कति बच्चा चराहरू जन्मन नपाई अण्डाहरू भुइँभरि छरिएर फुटे। त्यस रूखमा बस्ने कीट- पतङ्गहरू पनि यता-उता भाग्न थाले। ती चोर दाउरेहरूले केही क्षणमा नै रूखलाई टुक्रा टुक्रा पारी गाडीमा हालेर लगे।*[८६]

मानिसले वन जङ्गलको विनाशका साथै जङ्गली पशुप्राणी, विभिन्न प्रजातिका चराहरूको बासमा सोझै हस्तक्षेप गरेको छ। उनीहरूको बाँच्ने अधिकारमाथि अन्याय गरिएको छ। एउटा रूख काट्दा भएको क्षतिलाई देखाउँदै मानिसले वृक्षको संरक्षणमा पनि कार्य गर्नुपर्ने प्राकृतिक सचेततालाई देखाइएको छ।

रूख र मानिस एकै हुन्। रूखलाई पनि आफ्ना नानीहरू जस्तै माया गर्नुपर्छ। 'स्कुलबाट फर्कंदा' कथामा मानिस र रूखपातको सम्बन्धलाई यसरी देखाइएको छ-

*रत्ना गुरुमाले पनि भन्नु भएकी छिन् कि, रूखपातले हाम्रो जीवनको रक्षा गरेको छ। मैला हावा रूखपातले लिएर हामीलाई चोखो हावासँगै शीतलता, फलफूल, काठपात दिन्छ र प्रकृतिको रक्षा र शोभा पनि बडाइदिएको छ अरे। अन्त, यस्तो रूखपातलाई हानी र कष्ट पुऱ्याउनु हुँदैन है।*[८७]

उपर्युक्त उदाहरणमा पाठशालामा गुरुमाले रूखको प्रयोगबारे भनेको कुरा बाटामा दुईजना बालकले रूखलाई कोट्याएर चोप निकालेपछि उनीहरूलाई त्यो सत्य लाग्छ। त्यसपछि ती दुईजनाले जीवनमा रूखलाई हानी नपुऱ्याउने विचार गरेका छन्।

---

[८६]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.५२

[८७]प्रधान, 'बाल कोसेली', पूर्ववत्, पृ.६६

समग्रमा *बाल कथा कोसेली* कथासङ्ग्रहमा समाविष्ट सबै कथाहरूमा रूखको महत्त्व र प्रकृति संरक्षणबारे बालबालिकालाई शिक्षा दिने उद्देश्य निहित रहेको देखिन्छ। प्राकृतिक उपादानका रूपमा फुलको उपयोगिताबारे जानकारी दिइएको छ। भवन तथा सडक निर्माणजस्ता विकासका काममा सावधानी नअप्नाए प्रकृति र मानिस दुवै असुरक्षित हुन्छन्। रूख काट्नाले वनको विनाश भएर जानेछ। यसरी नै वनको विनाश भएको खण्डमा चराहरूको पनि विनाश हुनेछ भन्ने सम्भावनालाई प्रखर रूपमा दर्साइएको छ। यस कथामा मानिसले आफुलाई मात्र नसोचेर आउँदो पिँढीका लागि पनि रूख रोपेर प्रकृतिलाई सन्तुलित र सुरक्षित राख्नुपर्छ भन्ने सन्देश दिइएको छ।

### ४.५ एडोन रोंगोंगको परिचय र उनको बालकथासङ्ग्रह

भारतीय नेपाली बालकथाका क्षेत्रमा एडोन रोंगोंगको महत्त्वपूर्ण देन रहेको पाइन्छ। उनको *मायाका फूलहरू* सन् २००६ मा प्रकाशित बालकथासङ्ग्रहलाई यस उपशीर्षकभित्र राखी प्रकृति चित्रणका दृष्टिले हेरिएको छ।

#### ४.५.१ कथाकारको परिचय

एडोन रोंगोंगको जन्म दार्जिलिङ जिल्लाको छोटा मङ्गवा बस्तीमा १५ अप्रेल १९४० मा पिता योहोन सिंग र माता डीकमित रोंगोंगका कोखबाट भएको थियो। सन् १९६२ को *दियो* पत्रिकामा प्रकाशित 'हो र ?' हास्य व्यङ्ग्यात्मक कथाबाट उनले साहित्य जगत्मा प्रवेश गरेको पाइन्छ। कथा, लेख, लघु उपन्यास, बालकविता, बालकथा आदि विधामा कलम चलाए तापनि नेपाली साहित्यमा उनलाई खास गरी कथाकारका रूपमा नै चिनिन्छ। उनका प्रकाशित रचनाहरू यस प्रकार छन्-

(१) *विपना हार* (कथा सङ्ग्रह, सन् १९६५)

(२) *चोइटा* (कथा सङ्ग्रह, सन् १९७०)

(३) *साना ठूला ताराहरू* (बालकथा सङ्ग्रह, सन् १९७०)

(४) *मायाका फूलहरू* (बालकथा सङ्ग्रह, सन् २००६)

(५) *एकान्तभित्रको स्वतन्त्रतातिर* (कथा सङ्ग्रह, सन् २०१०) आदि।

इसाई धर्मबाट प्रभावित कथाकार रोंगोंग राजनीतिक विशेषज्ञ पनि हुन्। उनले कवि अगमसिंह गिरीसँगको सह-सम्पादनमा सन् १९६५ मा *आँखा* (मासिक पत्रिका) दार्जिलिङको तरुण सङ्घद्वारा प्रकाशित गरेका थिए। यसपछि *दीयो* (मासिक पत्रिका)-का सह सम्पादन, *हेर ती नयाँ भइसके* (मासिक पत्रिका)-का सम्पादन साथै अन्य पत्रिकाको सम्पादन गरेको थाहा पाइन्छ। *मायाका फूलहरू* बालकथा सन् २००६ मा प्रकाशित उनको दोस्रो बालकथा कृति हो।

**४.५.२ मायाका फूलहरू**

एडोन रोंगोंगको बालकथासङ्ग्रह *मायाका फूलहरू* सन् २००६ मा प्रकाशित भएको हो। यस सङ्ग्रहमा 'दयालु राजा र मैना', 'हितैषी', 'मायाका फूलहरू', 'दृढ विचार' गरी जम्मा दसवटा कथाहरू रहेका छन्। यस कथासङ्ग्रहमा प्रकृति चित्रण न्यून रूपमा रहेको पाइए तापनि प्रकृति प्रयोगका दृष्टिले यी कथाहरू अध्ययनयोग्य देखिन्छ।

'दयालु राजा र मैना'-मा वनमा फलेको फल खाए अजम्बरी हुने कथा छ। फललाई मानिसले नै विष लगाएर प्रदूषित पार्दछ भन्ने कुरालाई सङ्केतात्मक रूपमा व्यक्त गरिएको छ। यस्तै प्रकारले उनको 'हितैसी' अनि 'दृढ विचार' कथामा पनि प्रकृति र मानव जीवनको पारस्परिक सम्बन्धलाई अभिव्यक्त गरिएको छ।

यस क्रममा देखिने उनको अर्को कथा 'मायाका फूलहरू'-मा सबिना सानै हुँदा आमाको स्वर्गवास भएको कारणले सहरदेखि टाढाको एउटा बस्तीमा आफ्नो बाबासित बस्छे। खोला, हरियो परिवेश उसलाई प्यारो लाग्छ। यसरी सबिनालाई प्रकृति मन

पर्छ। उसले प्रकृतिबाट शान्ति पाउँछे। कथाकारले सबिनाको माध्यमद्वारा प्रकृतिको चित्रण यसरी गरेका छन्-

*सेताम्मे फुलेका बुकी फूलहरूमा स्वर्गकी परी नाचेजस्तै सबिना नाचिरहेकी छे। सानैमा आमा मरेकाले यस सहरदेखि टाढाको एकान्त बस्ती, यहाँका डाँडाकाँडा, खोलानाला र हरियाली प्रकृति नै सबिनाको निम्ति आमातुल्य बनेका छन्।*[८८]

यहाँ सबिना प्रकृतिलाई आमा सम्झन्छे। सहरभन्दा गाउँबाट प्रकृतिलाई अझ नजिकबाट अनुभव गर्न सकिन्छ। मातृ प्रेमको चाहना मानिसले प्रकृतिसितको सामीप्यबाट प्राप्त गर्दछ भन्ने कुरा यस कथाबाट प्रस्ट हुँदछ।

'मायाका फूलहरू' शीर्षक कथामा प्रकृतिका तत्त्वलाई अलङ्कारको रूपमा पनि प्रस्तुत गरिएको पाइन्छ। उदाहरणार्थ-

*तिम्री आमा आरूबखडाको फूलभन्दा राम्री, सुनाखरीभन्दा राम्री जूनजस्तै थिई।*[८९]

माथि दिइएको उदाहरणमा नारीको सुन्दरताको वर्णन प्रकृतिका तत्त्वको माध्यमबाट प्रस्तुत गरिएको छ। नारीलाई फुल र जुनको सुन्दरतासित तुलना गरिएको छ। यसले मानिसलाई प्रकृतिमा निहित स्वच्छता, कोमलता, पवित्रता अनि शीतलताको महत्त्व बुझाइएको छ।

## ४.६ शङ्करदेव ढकाल र उनको बालकथासङ्ग्रह

शङ्करदेव ढकालको *बाल सुधा सागर* सन् २०१२ मा प्रकाशित भएको हो। यसमा सङ्गृहीत बालकथाहरूलाई निम्न रूपमा अध्ययन गरिएको छ।

---

[८८] एडोन रोंगोंग, 'मायाका फूलहरू', पूर्ववत्, पृ.२८
[८९] रोंगोंग, 'मायाका फूलहरू', पूर्ववत्, पृ.२९

#### ४.६.१ कथाकारको परिचय

कथाकार शङ्करदेव ढकालको जन्म १५ जुलाई १९६२ मा सेन्ट्रल पाण्डम पूर्व सिक्किममा बाबा स्व. शिवलाल ढकाल र आमा स्व. लक्ष्मीमाया ढकालका कोखबाट भएको थियो। उनले कक्षा नौंसम्म आफ्नै गाउँको टिकालाल निरौला उच्चतर माध्यमिक पाठशालाबाट शिक्षा ग्रहण गरेका हुन्। त्यसपछि उनले सर टाशी नाम्ग्याल उच्चतर माध्यमिक पाठशाला गान्तोकबाट बाह्रौं कक्षा उतीर्ण गरी सरकारी महाविद्यालय, गान्तोकबाट स्नातक अनि उत्तरप्रदेशको मरेठ भन्ने ठाउँमा अवस्थित चौधरी चरणसिंह विश्वविद्यालयबाट स्नातकोत्तर गरेका हुन्। सन् १९८६ देखि सन् १९८९ सम्म *बिजुवा* (नेपाली डाइजेस्ट) पत्रिकाको सम्पादनबाट उनले नेपाली साहित्यमा प्रवेश गरेका हुन्। खण्डकाव्य, कविता, कथा, उपन्यास, लोकसाहित्य, बालकथा आदि विधामा समानान्तर रूपले कलम चलाउने ढकालका आजसम्म प्रकाशित कृतिहरू यस प्रकार छन्-

(१) *उखान-लोकप्रचलित कथनका व्याख्यान* (लोकसाहित्य,)

(२) *झार्लाङ्गी* (खण्डकाव्य, सन् २००८)

(३) *कालो भारी* (उपन्यास, सन् २००९)

(४) *सिक्किम के पारम्परिक लोकनृत्य* हिन्दी भाषामा लिखित (लोकसाहित्य,)

(५) *मझेरी* (कवितासङ्ग्रह, सन् २०१०)

(६) *बाल सुधा सागर* (बालकथासङ्ग्रह, सन् २०१२)

(७) *अलौकिक मिलन* (उपन्यास, सन् २०१३)

(८) *किरायको कोख* (उपन्यास, सन् २०१८) आदि।

शङ्करदेव ढकाल विभिन्न साहित्यिक सङ्घ संस्थासित पनि संलग्न रहेका छन्। नेपाली साहित्य प्रकाशन नयाँ दिल्ली, सन् २००३-२००५ सम्म सिक्किम मनिपाल विश्वविद्यालयका कुलसचिव, नयाँ दिल्ली राष्ट्रिय सङ्ग्रहालय समितिका उपाध्यक्ष, सन्

२००५-०८ सम्म नयाँ दिल्ली, सङ्गीत नाटक अकादेमीका महासङ्घीय सदस्य, सिक्किम अकादेमीका सदस्यका रूपमा संलग्न रही नेपाली साहित्यको सेवा गर्दै आएका छन्।

उनी विभिन्न साहित्य संस्थानबाट सम्मानित तथा पुरस्कृत भएका छन्-

- सन् १९९३ मा नेपाली साहित्य परिषद् सिक्किमबाट पुरस्कृत।
- पश्चिम सिक्किमबाट *झार्लाङ्गी* खण्डकाव्यका निम्ति लालमान सञ्चरानी पुरस्कारद्वारा पुरस्कृत।
- सिक्किम बिहारी जागरण मञ्चबाट उखान लोकप्रचलित कथनका व्याख्यानका निम्ति पुरस्कृत।
- दार्जिलिङको पोखेबुङबाट मानवीर रसाइली स्मृति पुरस्कारद्वार पुरस्कृत।
- खरसाङबाट शिवकुमार राई स्मृति पुरस्कारले पुरस्कृत।
- साहित्य अकादेमी नयाँ दिल्लीबाट *बाल सुधा सागर* बालकथाका निम्ति सन् २०१९ बालसाहित्य अकादमी पुरस्कारले पुरस्कृत।

### ४.६.२ बाल सुधा सागर

शङ्करदेव ढकालको *बाल सुधा सागर* सन् २०१२ मा प्रकाशित बालकथासङ्ग्रह हो। यस कथासङ्ग्रहमा जम्मा सोह्रवटा कथाहरू समाविष्ट छन्। विशेषतः तेह्र वर्षदेखि सोह्र वर्षसम्मका बालबालिकालाई लक्ष्य गरेर लेखिएका 'गाई र भैंसी', 'पोथी र स्याल', 'चिबे र ढुकुर', 'काग-कोइली', 'अजिङ्गरको भुँडी' कथाहरूमा लोकविश्वास, लोकसंस्कृति तथा नैतिक उपदेश पाइन्छन्। ढकालका अधिकतर कथाहरूमा मानवेतर पात्र वन्य पशु र घरेलु पशुको प्रयोग पाइन्छ।

प्रकृतिको माध्यमद्वारा मानिसको स्वार्थपूर्ण व्यवहारलाई 'गाई र भैंसी' कथामा गाई र भैंसीमाझ रङ्गको कारणले गरिएको भेदभावलाई विशेष प्रकाश पारिएको छ। कथामा गाई र भैंसीको संवाद यस प्रकार छ-

*गाई र हामी एउटै घाँस खान्छौं, एउटै गोबर दिन्छौं। तपाईं पनि गाई जस्तै दूध दिनुहुन्छ। गाईको भन्दा तिम्रो दूध बाक्लो छ। केल्सियम पनि बेसी छ। गाईका छोरा गोरूहरूभन्दा तपाईंका हामी छोराहरू बलिया र ठूला छौं। बारी जोत्न पनि उत्तिकै सिपालु छौं। गाडी तान्न पनि हामी नै बेसी गर्छौं। तब किन यस्तो अत्याचार ?* [९०]

मानिसले प्रकृतिमाथि आफ्नो एकाधिकार स्थापना गरेको छ। विभिन्न घरेलु पशु पालेर त्यसबाट दुध, घ्यू, ऊन आदि निकालेर मानिसले आफ्नो जीवनयापन गरिरहेछन्। गाई र भैंसी दुवैले दुध दिन्छ तर गाईलाई हरियो घाँस दिई भैंसीलाई पराल मात्र दिने गर्दछन्। मानिसहरूले एउटै थलोमा बाँधेको पशुलाई समेत भेद गरेको देखेर यी पशुहरूले मानिसको यस प्रवृत्तिको निन्दा गरेको छ। यस कथामा बालबालिकालाई समाजमा रहेको जातपात र रङ्गको आधारमा गरिने भेदभावलाई हटाउनुपर्छ भन्ने सन्देश दिइएको छ।

'पोथी र स्याल' कथामा पोथीलाई माध्यम बनाएर पशुहरूमा आएको आपद विपदको समयमा सबै पशुहरूले आफ्नो रक्षा गर्ने कोसिस गरिरहेको हुन्छ भन्ने जानकारी गराइएको छ। कथांश यस प्रकार छ-

*आफ्नो छात्तीमा बाँधेको टालोभित्रको कैंची निकालेर बोरा काटी पोथी बाहिर आइछ अनि त्यसै जङ्गलको भाङ्ग्रे सिस्नु काटेर बोरामा हाली सियो-धागोले सिलाएर भागिछन्।* [९१]

[९०] ढकाल, 'बाल सुधा सागर', पूर्ववत्, पृ.१

[९१] ढकाल, 'बाल सुधा सागर', पूर्ववत्, पृ.७

यहाँ पोथीले स्यालबाट आफ्नो ज्यान जोगाउन सिस्नुको प्रयोग गरेको छ। प्रकृतिका हरेक तत्त्वलाई संसारका हरेक जीवले आफ्नो आफ्नो प्रकारले जीवनमा उपयोग गर्दछन्। प्रकृति सबै जीव-जन्तुका लागि साझा धन हो। यो कसैको निजी सम्पत्ति होइन भन्ने शिक्षा उक्त कथाले दिइएको छ।

ढकालको 'भालू र सेलरोटी' कथामा प्रकृति विनाशलाई सङ्केतात्मक रूपमा प्रस्तुत गरिएको छ। यस कथामा वर्षेनी रूख काटेर मानिसले वनको विनाश गरेको प्रसङ्ग आएको छ। जस्तै,

*त्यहाँ गएर तिनीहरूले पोहोर साल ढालेको चिलाउनेको दाउरा चिरेर डोकोभरि पारे त्यसपछि पोहोर झैं यसपालि पनि एउटा रूख लडाई राख्नुपर्छ भनि बिर्खेले फलाटको रूख ताकेर काट्न थाल्यो।*[९२]

माथिको उदाहरणमा बसन्त, वर्षा र शिशिर ऋतुको चित्रण पाइन्छ। शिशिर ऋतुको चित्रण कथाकारले चौंरीलाई पात्र बनाएर गरेका छन्। हिमालको फेदीमा बसोबासो गर्ने मानिसहरूले चौंरीलाई यातायातका निम्ति प्रयोग गर्छन्। शिशिर ऋतुमा हिमालमा धेरै चिसो हुनाले यो चिसो खप्न नसकेर चौंरीहरूको मृत्यु हुन्छ। यस समय गोठालाहरूले आफ्नो चौंरीलाई चिसोबाट बचाउन हिउँ नपर्ने जग्गामा सार्ने गर्छन्। वर्षा ऋतुमा केदीमा धेरै पानी पर्ने हुनाले पानीका मुहानहरू फुटेर प्रशस्त पानी उपलब्ध हुन्छ भने बसन्त ऋतुमा पानीको अभाव रहन्छ। तसर्थ यहाँका मानिसहरूले प्रशस्त पानीको उपयोग गर्न वर्षा ऋतु पर्खिनु पर्ने स्थिति छ। यस कथामा ऋतुको महत्त्वलाई देखाउँदै बालबालिकालाई प्रकृतिमा आउने हरेक ऋतुहरूको आफ्नो आफ्नो विशेषता हुन्छ भन्ने जानकारी दिइएको छ।

---

[९२]ढकाल 'बाल सुधा सागर', पूर्ववत्, पृ.३१

### ४.७ शिबु छेत्रीको परिचय र उनको बालकथासङ्ग्रह

शिबु छेत्रीको *नयाँ जुत्ता* सन् २०१९ मा प्रकाशित बालकृति हो। यस उपशीर्षकअन्तर्गत उनको परिचय र यस कृतिमा सङ्गृहीत बालकथाको विश्लेषण गरिएको छ।

#### ४.७.१ कथाकारको परिचय

शिबु छेत्रीको जन्म १४ फरवरी सन् १९७२ मा जलपाइगडीमा बाबा गङ्गाबहादुर छेत्री र आमा सरस्वती छेत्रीको कोखबाट भएको थियो। उनी नवौं श्रेणीमा अध्ययनरत छँदा पाठशालाको भित्ते पत्रिकामा 'इतिहासमा गोर्खा स्वतन्त्रता सेनानीहरूले किन न्याय पाएका छैनन्' भन्ने रचनाबाट साहित्यमा प्रवेश गरेका हुन्।

सन् १९९० देखि पत्रकारिता क्षेत्रमा संलग्न रहेका शिबु छेत्रीले 'कोल्ड फिल्ड टाइम्स' पत्रिकाबाट पत्रकारितामा प्रवेश गरी 'भारत दर्पण', 'आजभोलि', 'हिमालय दर्पण' मा रिपोर्टिङबाट सह-सम्पादक अनि सन् २०१० देखि सम्पादकका रूपमा कार्यरत छन्। उनले बालसाहित्यमा पनि कलम चलाइरहेका छन्। उनको बालकथासङग्रह *नयाँ जुत्ता* (सन् २०१९) बाहेक अन्य धेरै बालरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ।

#### ४.७.२ नयाँ जुत्ता

*नयाँ जुत्ता* शिबु छेत्रीको सन् २०१९ मा प्रकाशित पहिलो बालकथासङ्ग्रह हो। यसमा जम्मा बिसवटा कथाहरूमध्ये 'स्कूल जाँदिन', 'बुट पालिस गर्ने केटो' आदि प्रकृति चित्रणका दृष्टिले अध्ययनीय देखिन्छ। 'स्कुल जाँदिन' कथामा एउटा उदाहरण प्रस्तुत गरिन्छ-

*छोरा छोरीले बुबा आमाको सपना भताभुङ्ग पार्दा नै पृथ्वीमा पानी पर्ने गर्छ। तिमीले बुबा आमालाई रूवाए आकासबाट पानी झर्नेछ।*[९३]

उपर्युक्त उद्धहरणमा आफ्ना बालबालिकाले अभिभावकले भनेको कुना नमान्दा, नटेर्दा त्यस दुःखले आमा बाबासितै पृथ्वी पनि रुने गर्छ भनी पृथ्वीमा पानी पर्छ भन्ने प्रतिकात्मक अर्थ दिइएको छ। 'बुट पालीस गर्ने केटो' कथामा प्रकृतिले समयको महत्त्वलाई बुझाएको छ। जस्तै,

*एक हुल चरा काफल पाक्यो, काफल पाक्यो भन्दै आकाशै ढाक्ने गरी उडेर पारितिर लाग्यो।*[९४]

माथि दिइएको कथांशमा एउटा चराले ऋतु परिवर्तन भएको अर्थ बुझाउँछ। मानिसले चराको आवाजलाई सुनेर फल पाक्ने समय भयो भन्ने थाहा पाउँछ। प्रकृतिको सिर्जना चरा चुरुङ्गीबाट मानिसले समयको जानकारी प्राप्त गर्छ।

## ४.८ निष्कर्ष

भारतीय नेपाली बालकथाको विकास परम्परामा प्रकृतिको चित्रण प्रथम चरणदेखि नै भएको पाइन्छ। मौखिक परम्परामा पनि लोक कथाहरू 'दाउरे र जलदेवता', 'स्याल र अङ्गुर', 'कछुवा र खरायो'-मा प्रकृतिको चित्रण भएको पाइन्छ। लेख्य परम्परामा यसको थालनी पादरी गंगाप्रसाद प्रधानको सन् १९१२ मा प्रकाशित *मीठो गीत गाउने चराको विषयमा* कृतिबाट भएको पाइन्छ। त्यस समयदेखि आजसम्म प्रकृतिको प्रयोग परम्परा निरन्तर रूपमा हुँदै आइरहेको छ। भारतीय नेपाली बालकथा तेस्रो चरणमा आइपुग्दा प्रकृतिको चित्रणमा  अझ व्यापकता र विविधता आएको देख्न सकिन्छ। जसमा प्रकृतिको महत्त्व, विशेषता, उपयोगिता, प्रकृति प्रदूषण, प्रकृति विनाशका कारणले देखिएका

[९३] शिबु छेत्री, सन् २०१९, *नयाँ जुत्ता,* सालगढा : सम्बोधन पब्लिकेसन, पृ.६८
[९४] छेत्री, 'नयाँ जुत्ता' पूर्ववत्, पृ.८१

प्राकृतिक विकृति आदिलाई  विशेष ध्यानमा राख्दै बालकथा लेखिएको पाइन्छ। यस दृष्टिले मुन्नी सापकोटा, एडोन रोंगोंग, स्नेहलता राई, भीम प्रधान, शङ्करदेव ढकाल अनि शिबु छेत्रीलाई सक्रिय बालकथाकारका रूपमा लिन सकिन्छ। यी कथाकारहरूका कथामा प्रकृतिका पशुप्राणी, वनस्पति र मानवीय पात्रको प्रयोग गरी प्रकृतिमा रहेका हरेक प्राणीको अस्तित्वलाई सन्तुलित राख्न प्रकृति स्वस्थ, सन्तुलित र सुरक्षित रहन नितान्त आवश्यक छ।

# पाँचौं अध्याय

# उपसंहार एवम् निष्कर्ष

# पाँचौं अध्याय

## ५. उपसंहार एवम् निष्कर्ष

### ५.१ उपसंहार

*भारतीय नेपाली बालकथामा प्रकृति* शोध शीर्षकलाई पाँचवटा अध्यायमा छुट्ट्याइएर अध्ययन प्रस्तुत गरिएको छ। पहिलो अध्यायमा 'शोधको परिचय', दोस्रो अध्यायमा 'भारतीय नेपाली बालकथाका प्रवृत्तिगत विशेषताहरूको विवेचना', तेस्रो अध्यायमा 'भारतीय नेपाली बालसाहित्यमा प्रकृतिको महत्त्व', चौथो अध्यायमा 'भारतीय नेपाली बालकथामा चित्रित प्रकृति' तथा पाँचौं अध्यायमा 'उपसंहार एवम् निष्कर्ष' रहेको छ।

पहिलो अध्यायअन्तर्गत 'शोधको परिचय' राखिएको छ जसअन्तर्गत शोधको शीर्षक र शोध शीर्षकको परिचय, शोधसमस्या, शोधको उद्देश्य, शोधको प्रयोजन, पूर्वकार्यको समीक्षाजस्ता अध्ययनका विषयबारे परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ।

दोस्रो अध्यायअन्तर्गत विभिन्न विद्वान्हरूद्वारा प्रस्तुत गरिएका बालबालिकाको उमेर समूहलाई विस्तृत रूपमा चर्चा गरियो। बालकथाको विकास परम्परालाई पहिलो चरण, दोस्रो चरण र तेस्रो चरणमा विभाजन गरी अध्ययन गरिएको छ। पहिलो चरणलाई बालकथाको पृष्ठभूमि काल मानिएको छ। सन् १९१२-१९२४ सम्मका नेपाली बालकथाहरू अङ्ग्रेजी र अन्य भाषाबाट नेपालीमा अनुवाद भएर प्रकाशित भएको देखिन्छ जसलाई पहिलो चरणअन्तर्गत राखिएको छ। दोस्रो चरणमा सन् १९२५ मा प्रकाशित पारसमणि प्रधानको *नेपाली साहित्य कथामाला* पाठ्यपुस्तकलाई आधार मानी प्रकाशित भएका अन्य सर्जकहरूको नाम र कथासङ्ग्रहहरूबारे जानकारी गराइएको छ। तेस्रो चरणमा मुन्नी सापकोटाको *कथा फूलबारी* सन् २००१ देखि आजसम्मका

बालकथाहरूको चर्चा गर्दै भारतीय नेपाली बालकथामा पाइने विविध प्रवृत्तिको सविस्तार अध्ययन गरिएको छ।

यसै अध्यायमा 'भारतीय नेपाली बालकथाको प्रवृत्तिगत विशेषताको विवेचना' रहेको छ। विषयका आधारमा अध्ययन गरिएका बालकथामा पाइने प्रवृत्तिहरूमा स्वच्छन्दतावाद, बाल मनोविज्ञान, धार्मिक, ऐतिहासिक, स्वास्थ्य, प्रकृति प्रेम, संस्कृति प्रेम, विज्ञानपरक, आञ्चलिकता, शिक्षापरक आदि कथाहरू सिर्जित भए पनि मुख्यतः नीति उपदेशात्मक कथाहरू धेरै लेखिएका छन् भने विज्ञान कथाहरू थोरै सङ्ख्यामा लेखिएको थाहा पाइन्छ।

तेस्रो अध्यायअन्तर्गत 'भारतीय नेपाली बालसाहित्यमा प्रकृतिको महत्त्व' रहेको छ। प्रकृति भनेको विश्व ब्रह्ममाण्डलाई सञ्चालित गर्ने शक्ति हो। प्रकृतिलाई पाश्चात्य विद्वान्हरूले भौतिक अर्थात् वाह्य दृष्टिकोणले हेरेको पाइन्छ भने पूर्वमा प्रकृतिको आन्तरिक दृष्टिकोणलाई महत्त्व दिइएको देखिन्छ। तर बालकथामा बालबालिकालाई प्रकृतिको सुन्दरता, प्रकृतिको महत्त्व, प्रकृतिको विशेषता, प्रकृतिको उद्देश्य साथै प्रकृति विनाशका कारणबारे जानकारी दिइएको पाइन्छ। प्रस्तुत अध्यायमा प्रकृतिको परिचय दिँदै यसको विशेषता र मानिससित प्रकृतिको सम्बन्धबारे अध्ययन प्रस्तुत गरिएको छ। भारतीय नेपाली बालसाहित्यका विविध विधा कविता, उपन्यास र नाटकमा प्रकृतिलाई कसरी प्रस्तुत गरिएको भन्ने विषयबारे प्रकाश पारिएको छ।

चौथो अध्यायअन्तर्गत 'भारतीय नेपाली बालकथामा चित्रित प्रकृति' रहेको छ। यस अध्यायमा भारतीय नेपाली बालकथामा प्रकृतिको प्रयोगबारे चर्चा गर्दै सन् २००१ देखि यता प्रकाशित मुन्नी सापकोटाका *कथा फूलबारी, बल्ल बुद्धि पलायो* र *जूनकीरी,* स्नेहलता राईको *स्नेहोद्गार,* भीम प्रधानको *बाल कोसेली,* एडोन रोंगोंगको *मायाका*

*फूलहरू,* शङ्करदेव ढकालको *बाल सुधा सागर,* शिबु छेत्रीको *नयाँ जुत्ता* बालकथाहरूमा प्रकृति प्रयोगका विविध पक्षको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

भारतीय नेपाली बालकथामा प्रकृति चित्रण शीर्षकमा अध्ययन गर्दा जम्मा छजना बालकथाकारहरूको आठवटा कथासङ्ग्रहलाई लिइएको छ। यी सबै कथाकारहरूका कथामा प्रकृति मुख्य पृष्ठभूमिमा नरहे पनि कहिले पशु पक्षी त कहिले किरा फटेङ्ग्राद्वारा पनि प्रकृतिको चित्रण भएको पाइन्छ। प्रस्तुत शोधकार्यमा मुन्नी सापकोटाका *कथा फूलबारी, बल्ल बुद्धि पलायो, जूनकीरी,* एडोन रोंगोंगको *मायाका फूलहरू,* स्नेहलता राईको *स्नेहोद्‌गार,* शङ्करदेव ढकालको *बाल सुधा सागर,* भीम प्रधानको *बाल कोसेली* कथाहरूमा प्रकृतिलाई मुख्यतः प्रकृतिको सुन्दरता, प्रकृतिप्रतिको मोह, मानव जीवनमा प्रकृतिको उपयोगिता, प्रकृति प्रदूषण, प्रकृतिको विनाश, प्रकृति संरक्षणजस्ता सम्बन्धित विषयलाई यी कथाकारहरूले बढो संवेदनशील भई प्रस्तुत गरेका छन्।

बालकथामा प्रकृतिको उपयोगिता र संरक्षणका लागि वृक्ष र पशुप्राणीलाई महत्त्वपूर्ण अङ्ग मान्दै मुन्नी सापकोटाद्वारा लिखित *कथा फूलबारी* कथासङ्ग्रहमा सङ्गृहीत 'अनुको सानो बिरूवा', स्नेहलता राईद्वारा लिखित *स्नेहोद्‌गार*-मा सङ्गृहीत 'प्रकृति प्रेम', अनि 'काग र पर्यावरण', भीम प्रधानद्वारा लिखित *बाल कोसेली*-मा समाविष्ट 'हामी जस्तै बिरुवाहरू', 'बाबा छोराको गफ' अनि 'स्कूलबाट फर्कंदा', शङ्करदेव ढकालद्वारा लिखित *बाल सुधा सागर*-मा 'गाई र भैँसी', 'कैदीका वरदान', एडोन रोंगोंगको *मायाका फूलहरू*-का 'मायाका फूलहरू' शीर्षककै बालकथामा प्रकृतिप्रदत्त पशुप्राणी, वृक्ष र मानव जीवनको अन्तर्सम्बन्धलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएको छ। साथै मानव जीवनमा काठपातका रूपमा, आहारका रूपमा र औषधिका रूपमा वृक्षको विविध प्रयोग हुन सक्छ

भन्ने कुरालाई खुलस्त पारिएको छ, जसले गर्दा वृक्षको संरक्षण गरे सम्पूर्ण प्रकृतिकै संरक्षण हुन सक्छ भन्ने पक्षलाई बढी महत्ताका साथ प्रस्तुत गरिएको छ।

वास्तवमा यी कथाका शीर्षकले नै प्रकृति संरक्षणप्रति सचेत रहने सम्पूर्ण मानव समुदायलाई आह्वान गरेको देखिन्छ। यस दृष्टिले 'अनुको सानो बिरूवा' शीर्षकले नै बालबालिकालाई वृक्षसम्बन्धी ज्ञान दिएको छ। यसरी प्रकृतिको अभिन्न अङ्गका रूपमा वृक्षको महत्त्वलाई दर्साइएको यस कथाले बालबालिकालाई वृक्ष रोपन मानिसका लागि महत्त्वपूर्ण रहेको जानकारी गराउँदै मानिसले औषधिका रूपमा पनि वृक्षको प्रयोग गर्छ भन्ने बालबालिकालाई सूचित गराइएको छ।

स्नेहलता राईको 'प्रकृति प्रेम' कथामा मानिसले प्रकृतिका हरेक वस्तुलाई प्रेमको दृष्टिले हेर्नुपर्छ भन्ने शिक्षा दिएको छ। प्रकृतिमा भएका सम्पूर्ण वस्तुहरू मानिसका लागि मात्र नभएर सम्पूर्ण जीवका लागि हो भन्ने सन्देश यहाँ विशेषतः उल्लेख्य छ। चरा मार्नु, कमिलाको घर भत्काउनु, कमिला हिँडेको ताँतीमा पानीले बगाउनुजस्ता बालबालिकाको अप्राकृतिक कार्य र हिंसात्मक कार्य गर्नाको साटो प्रकृतिको महत्त्व बुझेर यसलाई प्रेम गर्नुपर्छ भन्ने सन्देश सञ्चार गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ।

'काग र पर्यावरण' कथामा कागलाई मानवीकरण गरी जैव विविधताबारे जानकारी गराउँदै प्रकृतिमा रहेका सम्पूर्ण पशुप्राणीको आफ्नो आफ्नो भूमिका रहेको कुरा बालबालिकालाई बुझाइएको छ।

भीम प्रधानको 'हामी जस्तै बिरुवाहरू' कथामा मानिसले आफ्नो जीवन यापन गर्नाका लागि प्रकृतिमा भर पर्दै विशेष रूपमा रूखले मानिसलाई जीवन्तता प्रदान गर्दछ भन्ने कुरालाई देखाइएको पाइन्छ। यसरी नै 'स्कूलबाट फर्कंदा' र 'बाबा छोराको गफ' कथामा पर्यावरणीय सचेततालाई देखाउँदै वृक्षले नै प्रकृतिको संरक्षण गर्दछ भन्ने कुरा प्रस्तुत गरेको देखिन्छ।

शङ्करदेव ढकालको 'गाई र भैंसी' कथामा गाई र भैंसीबिचको भेदभावलाई देखाउँदै मानिसको स्वार्थी प्रवृत्तिलाई पशुका माध्यमबाट व्यङ्ग्यसहित देखाइएको छ। मानिसले पशुलाई जस्तै व्यवहार गरे तापनि पशुले मानिसप्रति कहिल्यै पनि भेदभाव राख्दैन भन्ने कुरा प्रस्तुत गर्दै प्रकृतिमा रहेका पशुहरूले सबैप्रति समान भाव राखेको हुन्छ र प्रकृति सबैको साझा सम्पत्ति हो र यसको संरक्षण गर्नु हरेकको ठुलो दायित्व तथा कर्त्तव्य हो भन्ने कुराको जानकारी गराइएको छ।

ढकालकै 'केदीका वरदान' कथामा प्रकृतिको ऋतुबारे उल्लेख गर्दै मानिसले आफ्नो जीवनमा विभिन्न माध्यमद्वारा प्राकृतिक सम्पदाहरूको प्रयोग गरिएको कुरालाई स्पष्ट पारिएको छ। प्रकृतिमा विद्यमान रहेका खोलाले मानिसलाई पिउने पानी उपलब्ध गराउँदछ भनी प्राकृतिक तत्त्वका रूपमा पानीको महत्त्वलाई यस कथामा दर्साइएको पाइन्छ।

प्रकृतिको संरक्षणका लागि मानिस मात्र जिम्मेवार हुँदैन भन्ने कुरालाई मुन्नी सापकोटाले *बल्ल बुद्धि पलायो* कथा सङ्ग्रहको 'बल्ल बुद्धि पलायो'-मा प्रस्तुत गरेकी छन्। मानिसले धेरैभन्दा धेरै प्राकृतिक सम्पदाको विनाश गरी प्रकृतिलाई प्रदूषित तुल्याई प्रकृति र मान्छे दुवैको अस्तित्वलाई सङ्कटमा पारिरहेको छ। साथै पशुले पनि प्रकृतिमा असन्तुलन ल्याउन सक्ने सम्भावनालाई यस कथामा प्रस्तुत गरिएको छ। मानिसले मात्र प्रकृतिको प्रयोग गरी प्राकृतिक सम्पदाको नाश गर्छ भन्ने छैन तर कहिलेकाहीँ त्यस्तो नकारात्मक भूमिका पशु प्राणीद्वारा पनि भइरहेको हुन्छ। प्रस्तुत कथामा एउटा बाँदरको उपद्रवलाई देखाउँदै जङ्गलका अन्य फल खाएर बाँच्ने वन्य पशु-पक्षीहरूलाई अनिकाल लागेको कुरालाई प्रस्तुत गरिएको छ।

भारतीय नेपाली बालकथाहरूमा रूख-पात, पशु-पक्षी, वन-जङ्गल, खोला-नाला आदि महत्त्वपूर्ण तत्त्वलाई कथाको विषय बनाएको पाइन्छ। मुन्नी सापकोटाका 'रमाइलो

वनभोज', 'बल्ल बुद्धि पलायो', 'अनुको सानो बिरुवा' स्नेहलता राईका 'प्रकृति प्रेम', 'सुन्दर पुतली', भीम प्रधानको 'फूललाई माया', एडोन रोंगोंगको 'मायाका फूलहरू', शङ्करदेव ढकालको 'केदीका वरदान' जस्ता कथाहरूमा प्रकृतिको मोह र सुन्दरताको वर्णन गरिएको पाइन्छ। मुन्नी सापकोटा, स्नेहलता राई आदि कथाकारका कथाहरूमा प्रकृतिका साना साना कुराहरू जस्तै- छिचिमीरा, कमिला, आदिलाई लिएर कथाको रचना गरिएको पाइन्छ। कथामा रूख, पशु (जस्तै गाई, भैंसी, बाँदर, हात्ती), पक्षी, आदिलाई मानवीकरण गरिएको पाइन्छ। प्रकृतिको चित्रण भनेको यसको सुन्दरताको वर्णन मात्र नभएर यसमा आइरहेको सङ्कटको उल्लेख पनि बालकथाहरूमा भइरहेको पाइन्छ।

मुन्नी सापकोटाको 'चरो र मान्छेको मितेरी' कथामा चराको हत्या गर्नु, 'लोभी आलेमा' हात्ती पासोमा पर्नुजस्ता विषयहरूलाई प्रकृतिको अंश मानिने पशु-पक्षीको हिंसा भएको देखाइएको छ। यसले कथामा प्रकृतिको विनाशलाई पनि उठान गरेको छ। यसरी नै भीम प्रधानको 'चराहरूको बास उजाडियो' कथामा रूख काट्नाले रूखमा गुँड बनाइ बसेका चराहरूको गुँड, अन्डा र साना साना चल्लाहरू मरेर चराहरूको अस्तित्व मासिँदै गएको कथा पाइन्छ।

प्राकृतिक सुन्दरताको चित्रण, प्रकृतिमाथि भइरहेको मानवीय हस्तक्षेपलाई पनि प्रस्तुत गरिएको छ। मुन्नी सापकोटाको 'बल्ल बुद्धि पलायो', स्नेहलता राईको 'परितृप्त रूख' आदि कथाहरूमा मानिसले वन्य पशुको शिकार गर्नु, अन्नबाली खाने वन्य जन्तुका लागि पासो थाप्नु आदि कुराहरूले प्रकृतिका वन्य जन्तुको प्रजाति लोप हुने कारणलाई देखाइएको छ। वन्य जन्तुबाहेक माछालाई मार्ने रसायन र करेन्टको उल्लेखले कथामा प्रकृति प्रदूषण गर्ने कार्यले जलवायु परिवर्तनमा पार्ने प्रभाव, तथा आधुनिक तकनिकी विकासको दुरूपयोगलाई स्नेहलता राईले 'परितृप्त रूख' कथामा प्रस्तुत गरेकी छन्।

प्रकृतिको विनाश हुनाका कारणहरूमध्ये रूखपातको कटाइलाई मुख्य मानिएको छ। मुन्नी सापकोटाको 'परितृप्त रूख', भीम प्रधानको 'चराहरूको बास उजाडियो' कथाको शीर्षकले नै प्रकृतिको विनाशलाई देखाएको छ। 'परितृप्त रूख'-मा रूखले मानिसलाई सबैकुरा दिँदा पनि मानिसले प्रकृतिको विनाश गर्न छोड्दैन। यस कथामा करेन्ट तथा रसायनको प्रयोग गरी माछा मार्दा माछाको विनाश भएको रूखले देखेर माछामाथि मानिसको हस्तक्षेपलाई नकारात्मक कार्यका रूपमा देखाइएको छ।

प्रकृतिमा पाइने पशुप्राणी जस्तै- चरा, हात्ती, रूख, काग, बाँदर, गाई, भैंसी, आदि पात्र-पात्रालाई कथामा प्रस्तुत गरी बालबालिकालाई प्रकृतिको काखमा विद्यमान वनस्पति, प्राणीजगत् र मानवबिचको सम्बन्धलाई देखाइएको छ। भारतीय नेपाली बालकथाको सन्दर्भमा उपर्युक्त बालकथाहरूले मानव जीवनमा रहने प्रकृतिको महत्त्वलाई अधिक संवेदनशील ढङ्गमा प्रस्तुत गरेको पाइन्छ।

# सन्दर्भग्रन्थसूची

# सन्दर्भग्रन्थसूची

**नेपाली पुस्तक**


अर्याल, भैरव, वि सं २०३०, *नेपाली काव्यमा प्रकृति,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

अवस्थी, महादेव, वि सं २०६५, *बालसाहित्यका विधा र तिनको लेखन-प्रक्रिया,* काठमाडौं : एकता बुक्स।

उपाध्याय, केशवप्रसाद, वि सं २०६७, *साहित्य प्रकाश,* ललितपुर : साझा प्रकाशन।

उपाध्याय, मुक्तिप्रसाद, सन् २०१४, *भारतेली नेपाली बालसाहित्य,* दुर्गागढी : ग्राफिक प्रिन्टर्स।

कसजु, विनयकुमार, वि सं २०६३, *बालकथा लेखन,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन।

......., ......, वि सं २०७२, *बालकथा सम्पादन,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन।

कार्थक, सलोन, सन् २००७, *पादरी गंगाप्रसाद प्रधानका उपलब्ध रचनावली,* सिलगढी : एकता बुक हाउस।

घिमिरे, ध्रुवकुमार, वि सं २०७४, *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य,* काठमाडौं : नेपाल प्राज्ञ प्रतिष्ठान।

जोशी, कुमारबहादुर, वि सं २०५३, *देवकोटाका कविताकृतिमा प्रकृति,* काठमाडौं : सरस्वती प्रकाशन।

..............., वि सं २०५८, *सिर्जना र विवेचना,* काठमाडौं : साझा प्रकाशन।

ढुङ्गेल, टीका, सन् २०१७, *भारतीय नेपाली बालसाहित्यिक पुस्तक पत्रिकाहरूमाथि समीक्षात्मक दृष्टिकोण,* सिलगढी : शिवाकोटी प्रिन्टिङ प्रेस।

तिवारी, दीपक, सन् २०१३, *सिक्किमको नेपाली साहित्यिक इतिहास परम्पराःस्वरूप र प्रवृति,* सिलगढी : ग्राफिक प्रिन्टर्स।

त्रिपाठी, वासुदेव, वि सं २०६५, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १* (छै सं), ललितपुर : साझा प्रकाशन।

......., ........., वि सं २०६५, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (छै सं), ललितपुर : साझा प्रकाशन।

देवकोटा, लक्ष्मीप्रसाद, वि सं २०६३, *शाकुन्तल* (आ सं), ललितपुर : साझा प्रकाशन।

......., ......., वि सं २०६७, *लक्ष्मी निबन्धसङ्ग्रह,* (अठा सं), ललितपुर : साझा प्रकाशन।

पराजुली, रञ्जुश्री, वि सं २०६८, *नेपाली बालसाहित्यको नालीबेली,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन।

प्रधान कुमार र भ मल्लिकार्जुन, सन् २०११, *नेपाली लेखन शैली,* मैसुर : भारतीय भाषा संस्थान।

प्रधान, प्रमोद, वि सं २०६१, *नेपाली बालसाहित्यको इतिहास,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन।

........., ......,वि सं २०६५, *नेपाली बालवाङमय परिचयकोश,* काठमाडौं : मार्टिन चौतारी प्रकाशन।

प्रधान, भिक्टर (सम्पा), सन् २००७, *नेपाली बालसाहित्यको सयवर्ष,* काठमाडौं : नेपाली बालसाहित्य समाज।

प्रश्रित, मोदनाथ, वि सं २०७१, *जीवाणुदेखि मानवसम्म,* ललितपुर : माइलस्टोन प्रकाशन।

बन्धु, चूडामणि, वि सं २०७०, *अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौँ* : रत्न पुस्तक भण्डार।

लामा, कविता, सन् २०१४, *भारतीय नेपाली बालसाहित्यमा नारी स्रष्टा,* दार्जिलिङ : गामा प्रकाशन।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, वि सं २०७२, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौ सं), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

**धर्मग्रन्थ**

*श्रीमद्भागवत गीता,* गोरखपूर : गीताप्रेस।

गौंड, दौलतराम (सम्पा), *बृहत् श्रीशुक्लयजुर्वेद संहिता,* वाराणसी : ठाकुरप्रसाद पुस्तक भण्डार।

**बालकविता**

छेत्री, शान्ति, सन् २०१२, *हाम्रो फूलबारी,* गान्तोक : लक्ष्मी शोभा राई।

राई, स्नेहलता, सन्, २०१०, *प्रकृति र पृथ्वी* (भाग १), दार्जिलिङ : गामा प्रकाशन।

......., ........., सन् २०१०, *प्रकृति र पृथ्वी* (भाग २), दार्जिलिङ : गामा प्रकाशन।

सुब्बा, मीना, सन् २०१२, *फूलबारी,* सिलगढी : ग्राफिक्स प्रिन्टर्स।

**बालकथा**

उपाध्याय, मुक्तिप्रसाद, सन् २००२, *कथा सौरभ* (पहिलो भाग), सिलगढी : पुष्पा प्रकाशन।

........, ......., सन् २००२, *कथा सौरभ* (दोस्रो भाग), सिलगढी : पुष्पा प्रकाशन।

........, ......., सन् २००२, *कथा सौरभ,* (तेस्रो भाग), सिलगढी : पुष्पा प्रकाशन।

........., ......., सन् २००२, *कथा सौरभ,* (चौथो भाग), सिलगढी : पुष्पा प्रकाशन।

......., ........, सन् २००२, *कथा सौरभ,* (पाँचौं भाग), सिलगढी : पुष्पा प्रकाशन।

......., ........, सन् २००२, *कथा सौरभ,* (छैटौं भाग), सिलगढी : पुष्पा प्रकाशन।

छिरिङ, जी, सन् १९८०, *विश्वप्रसिद्ध केही यात्रीहरू,* दार्जिलिङ : नेपाली अकादमी।

ढकाल, शङ्करदेव, सन् २०१२, *बाल सुधा सागर,* गान्तोक : जनपक्ष प्रकाशन।

प्रधान, भीम, सन् २०१३, *बाल कोसेली,* सिलगढी : ग्राफिक्स प्रिन्टर्स।

राई, स्नेहलता, सन् २००९, *स्नेहोद्गार,* दार्जिलिङ : वसुधा प्रकाशन।

....., ........., सन् २०१३, *प्रकृतिको प्रिय घर,* दार्जिलिङ : श्याम प्रकाशन।

रोंगोंग, एडोन, सन् २००६, *मायाका फूलहरू,* सिलगढी : एकता बुक हाउस।

शिबु छेत्रा, सन् २०१९, *नयाँ जुत्ता,* सालगढा, सम्बोधन पब्लिकेशन।

सापकोटा, मुन्नी, सन् २००१, *कथा फूलबारी,* गुवाहाटी : धनज्योति प्रकाशन।

........., ..., सन् २००५, *बल्ल बुद्धि पलायो,* गुवाहाटी : कवूकवू प्रकाशन।

........., ..., सन् २०१२, *जूनकीरी,* गुवाहाटी : कवूकवू प्रकाशन।

सिंह, देवकुमारी, वि. सं २०१२, *एकादशी,* दार्जिलिङ : रामकृष्ण वेदान्त आश्रम।

**बालउपन्यास**

उपाध्याय, गीता, सन् १९९८, *आमा म फार्ष्ट भएँ,* असम : गीता उपाध्याय।

उपाध्याय, मुक्तिप्रसाद, सन् २००६, *हिमाली,* नाम्ची : निर्माण प्रकाशन।

लेप्चा, साङ्मू, सन् २०१२, *वन संसार,* दार्जिलिङ : श्याम प्रकाशन।

**बालनाटक**

उपाध्याय, मुक्तिप्रसाद, सन् २०१५, *रहर,* सिलगढी : ग्राफिक्स प्रिन्टर्स।

नौवाग, थमन, सन् २०१३, *मनुष्यत्व,* दार्जिलिङ : प्रेमफूल प्रकाशन।

योञ्जन, नैनसिंह, सन् १९९७, *इमानदार,* दार्जिलिङ : श्याम प्रकाशन।

**लघु शोधप्रबन्ध**

अर्ज्याल, अच्युतशरण, वि सं २०५८, *नेपाली बालसाहित्यको अध्ययन,* त्रिभुवन विश्वविद्यालय: विद्यावारिधि शोधप्रबन्ध।

तामाङ, दिपेन, सन् २००९, *भारतीय नेपाली बालकथाको अध्ययन,* उत्तर बङ्ग विश्वविद्यालय: एमफिल शोधकार्य।

थापा, करूणा, सन् २०१७, *सिक्किमका नेपाली बालकथा:सर्वेक्षणात्मक अध्ययन,* सिक्किम विश्वविद्यालय : स्नातकोत्तर लघु शोधकार्य।

थेगिम (लेप्चा), शोभाकान्ति, सन् २००३, *तात्पर्य र साहित्य प्रयोगका सन्दर्भमा प्रकृतिको विश्लेषण* (शोधपत्र), कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय।

बगाले, शिवहरि, वि सं २०६१, *नेपाली बालकथामा जनकप्रसाद हुमागाईको योगदान,* स्नातकोत्तर लघु शोध पत्र, काठमाडौं : रत्नराज्यलक्ष्मी क्यामपस।

**पत्रपत्रिकाहरू**

छेत्री, कुमार (सम्पा), सन् २०१२, *साहित्य सङ्केत,* वर्ष ४६, अङ्क ३२, कालेबुङ : नेपाली साहित्य अध्ययन समिति।

दास, तारा (सम्पा), सन् २०१६, *नव प्रभात,* वर्ष ९, अङ्क ७, रिन्छेबुङ पश्चिम सिक्किम : नव प्रभात साहित्य प्रकाशन।

दाहाल, कुवेरचन्द्र (सम्पा), सन् २००४, *कनका,* वर्ष १२, अङ्क १२, गान्तोक : नेपाली साहित्य परिषद्।

बन्धु, चूडामणि र अन्य (सम्पा), सन् १९८८, *बाल-साहित्य,* वर्ष १, नेपाल : बालसाहित्य समाज।

राई, रोशन र अन्य (सम्पा), सन् २०१९, *साहित्य तृष्णा,* वर्ष २, अङ्क २, दार्जिलिङ : रमेश बन्धु प्रकाशन।

शर्मा, विलोक (सम्पा), सन् २०१२, *डुवर्स ज्येति,* वर्ष २, अङ्क २, सिलगढी : ग्राफिक प्रिन्टर्स।

**हिन्दी पुस्तक**

कपूर, मस्तराम, सन् २०१५, *हिंदी बाल-साहित्य का विवेचनात्मक अध्ययन,* नई दिल्ली: अनामिका पब्लिशर्स, एंड डिस्टिब्यूटर्स।

खन्ना, जनक, सन् १९९८, *तुलसी काव्य में प्रकृति, भूगोल तथा खगोल,* दिल्ली : सूर्य भारती प्रकाशन।

रघुवंश, सन् १९५१, *प्रकृति और काव्य,* इलाहाबाद : साहित्य भवन लिमिटेड।

शर्मा, दामोदर और व्यास, हरिशचन्द्र, सन् २०१६, *आधुनिक जीवन और पर्यावरण,* नई दिल्ली : प्रभात प्रकाशन।

**शब्दकोश**

अधिकारी, हेमाङ्ग राज र अन्य, वि सं २०७०, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि.।

टर्नबुल, जन, सन् २०१०, *एडभान्स लर्नर्स शब्दकोश,* न्यूवर्क : अक्सफर्ड युनिभर्सिटी प्रेस।

रामचंद्र, आचार्य र अन्य (सम्पा), सन् २०१४, *बृहत् हिन्दी प्रामाणिक कोश,* इलाहावाद: लोकभारती प्रकाशन।

**अङ्ग्रेजी पुस्तक**

Barnard, Helen, 2006, *Nature Human Nature And Value,* University of Wales: Cardiff, PHD Thesis.

Kumar, Krishna, 1994, *The Child Language And The Teacher A Handbook,* India: National Book Trust.

Sinha, Sharmila, 2001, *Aspects Of Children's Literature*, New Delhi: National Book Trust Of India.

## वेब स्रोत


http://nrs.Harvard.edu/urn-3:HUL.InstRepos14555069, 19/10/2019,9.15pm

https://www.google.com/search?q=the+concept+of+nature+pdf&oq,
6/11/2019,7.32am